सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ वैशाख २०८३, सोमबार (4 May 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

लिपुलेकबाट कैलाश मानसरोवर यात्रा खोल्ने घोषणाप्रति नेपालको आपत्ति

भारत र चीनलाई कूटनीतिक नोट



■ परराष्ट्रद्वारा जारी प्रेसनोटमा भनिएको छ -

- नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ।
- यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ।
- लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराइसकिएको व्यहोरा स्पष्ट पारिन्छ।
- नेपाल र भारतबिचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुरूप, ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैँ प्रतिबद्ध छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनले कैलाश मानसरोवर यात्रा सञ्चालन गर्ने सहमति जनाएपछि नेपालले त्यसप्रति औपचारिक आपत्ति जनाएको छ। नेपाल सरकारले दुवै देशलाई कूटनीतिक नोट पठाउँदै आफ्नो सार्वभौमिकता र भौगोलिक अडान पुनः स्पष्ट पारेको हो।

परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेको ६ बुँदे धारणाअनुसार नेपाल आफ्नो ऐतिहासिक सन्धि र प्रमाणका आधारमा सीमाबारे अडिग रहेको जनाएको छ। मन्त्रालयले विशेष गरी १८१६ को सुगौली सन्धिलाई आधार मान्दै लिपुलेक क्षेत्र नेपाली भूभाग भएको दुवैलाई प्रस्ट पारिएको जनाएको छ।

'नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबिच सञ्चालन गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा विभिन्न सञ्चारमाध्यमहरूबाट सोधिएका प्रश्न र चासोप्रति परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण भएको छ। परराष्ट्र मन्त्रालयले सार्वजनिक गरेको नोटमा भनिएको छ, '१८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग छ।'

त्यस्तै, सरकारले भारत सरकारलाई त्यस क्षेत्रमा सडक निर्माण, सीमा व्यापार र तीर्थाटन क्रियाकलाप नगर्न आग्रह गर्दै आएको र चीनलाई पनि लिपुलेक नेपाली भूभाग रहेको कूटनीतिक नोटबाट जानकारी गराइसकिएको स्मरण पनि गराएको छ। सीमा विवाद समाधान वार्ता र कूटनीतिक माध्यमबाट गर्नुपर्नेमा सरकारले जोड दिएको छ।

'नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ। यसअघि पनि नेपाल सरकारले भारत

» पृष्ठ २ मा क्रमशः

■ भारतको तर्क-

यो परम्परागत मार्ग हो, कुनै नयाँ विकास होइन

भारतले भने लिपुलेक हुँदै कैशाल मानसरोवरको मार्ग नयाँ नभई परम्परागत रहेको जवाफ नेपाललाई दिएको छ।

नेपालको परराष्ट्र मन्त्रालयले कैलाश मानसरोवर यात्राको सन्दर्भमा प्रेसनोट जारी गरेपछि भारतीय विदेश मन्त्रालयका रणधीर जैसवालले पनि धारणा सार्वजनिक गरेका हुन्।

'यस विषयमा भारतको धारणा सधैँ स्पष्ट र स्थिर रहँदै आएको छ। कैलाश मानसरोवर यात्रा सन् १९५४ देखि सञ्चालन हुँदै आएको लामो परम्परायुक्त मार्ग हो। र, यो यात्रा यही मार्ग हुँदै आएको छ। त्यसैले यो कुनै नयाँ विकास होइन,' आइतबार जारी प्रेसनोटमा भनिएको छ।

लिपुलेकलाई आफ्नो नक्सामा समेटेको नेपालले स्पष्ट धारणा राख्दै आएको छ। तर, भारतले भनेको छ, 'सीमासम्बन्धी दाबीहरूका विषयमा भारतले सधैँ यस्ता दाबीहरू न त उचित छन्, न त ऐतिहासिक तथ्य वा प्रमाणमा आधारित छन् भन्ने धारणा राख्दै आएको छ। यस्ता एकतर्फी रूपमा कृत्रिम ढंगले क्षेत्रीय दाबीहरू विस्तार गर्ने प्रयास स्वीकार्य छैन।'

यद्यपि, भारत नेपालसँगको द्विपक्षीय सम्बन्धका सबै विषयमा विशेषतः सीमासम्बन्धी बाँकी रहेका मुद्दा समाधान गर्न संवाद र कूटनीतिक माध्यमबाट रचनात्मक रूपमा अघि बढ्न प्रतिबद्ध रहेको बताइएको छ।

निजामती सेवामा ट्रेड युनियनको साढे तीन दशकदेखिको दबदबा अन्त्य

०४६ को राजनीतिक परिवर्तनपछि निजामती प्रशासनमा खुलेका दलीय ट्रेड युनियनहरूको साढे तीन दशक लामो दबदबा अध्यादेशमार्फत अन्त्य, ट्रेड युनियनको सट्टा निजामती कर्मचारीको गुनासो सुनुवाइको प्रबन्ध

■ संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री **प्रतिभा रावल** भन्छिन्- ट्रेड युनियनको खारेजीले सार्वजनिक प्रशासनको शुद्धीकरण गर्नेछ



सुशासन कायम गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन र निजामती सेवाको आधारभूत चरित्र निष्पक्षता, तटस्थता, व्यावसायिकता, जवाफदेहिताजस्ता विषयको सुनिश्चितता ट्रेड युनियन राखेर सम्भव हुँदैन। ट्रेड युनियनको खारेजीले सार्वजनिक प्रशासनको शुद्धीकरण गर्नेछ। कोही विचलित हुन जरुरी छैन।

■ नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष **उत्तमकुमार कटुवाल** भन्छन्- संवैधानिक अधिकारलाई अध्यादेशले काट्न सक्दैन



दुईतिहाइनजिकको सरकारले लोकतन्त्रमाथि नै हमला गरेजस्तो भयो। तत्काल ६ वटाकै संयुक्त ट्रेड युनियन सञ्जालको बैठक बसेर आन्दोलन र कानुनी प्रक्रियामा जाने विषयमा छलफल गरी निष्कर्षमा पुग्छौं। संवैधानिक अधिकार अध्यादेशले काट्न सक्दैन।

■ नेपाल निजामती कर्मचारी संगठनकी अध्यक्ष **भवानी न्यौपाने दाहाल** भन्छिन्- कानुनअनुसार अधिकार प्राप्त गर्ने कोसिस हुन्छ



लोकतन्त्रमा बनेको सरकारले ट्रेड युनियन अधिकार मास्ला नै भन्ने सोचेको थिइएन। ट्रेड युनियन अधिकार कटौती हामीलाई चित्त बुझ्को छैन। अब कानुनअनुसार अधिकार प्राप्त गर्ने कोसिस हुन्छ।

सुवास भट्ट/नयाँ पत्रिका

निजामती प्रशासनमा साढे तीन दशकदेखि कायम रहेको ट्रेड युनियनहरूको विरासत अन्त्य भएको छ। सरकारको सिफारिसअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश' जारी गरेसँगै कर्मचारी ट्रेड युनियनहरूको वैधानिक अस्तित्व समाप्त

» पृष्ठ २ मा क्रमशः

■ यस्तो छ अध्यादेशले विस्थापित गरेको व्यवस्था

कर्मचारीको गुनासो सुनुवाइ प्रणालीबाट प्रतिस्थापन



अध्यादेशले विद्यमान निजामती सेवा ऐन, २०४९ मा रहेका कर्मचारी ट्रेड युनियनसम्बन्धी सबै दफा झिकिदिएको छ। अध्यादेशले ऐनको दफा २ को खण्ड (ज १) र (ज २)सहित दफा ५२ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको ट्रेड युनियनको व्यवस्था हटाएको छ। साथै दफा ५३ मा रहेको ट्रेड युनियन गठन, गठनको प्रक्रिया तथा काम, कर्तव्य र अधिकारका सबै व्यवस्था खारेज गरिदिएको छ। अध्यादेशअनुसार अब ट्रेड युनियनको सट्टा निजामती कर्मचारीको गुनासो सुनुवाइसम्बन्धी प्रबन्ध हुनेछ। अध्यादेशको दफा ५३ मा छ, 'निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानुनबमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकामा बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम प्रदान गरिएका सेवा, सर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा निजले कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको अधिकृतसमक्ष आफ्नो पीरमर्का र गुनासो लिखित वा मौखिक रूपमा राख्न सक्नेछ।' गुनासो प्राप्त भएमा ३० दिनभित्रमा फर्स्योट गर्नुपर्ने र फर्स्योट हुन नसक्ने भएमा सम्बन्धित पक्षलाई गुनासो सुनुवाइ गर्ने जिम्मेवारी प्राप्त अधिकृतले १५ दिनभित्र लिखित रूपमा आधार र कारणसहितको निर्णयको जानकारी गराउनुपर्ने व्यवस्था छ। यस्तो निर्णयमा चित्त नबुझे सम्बन्धित कर्मचारीले एक तहमाथिको अधिकारीसमक्ष पुनरवलोकनका लागि निवेदन दिनसक्नेछ। सुनुवाइमा समेत चित्त नबुझे प्रचलित कानुनबमोजिम हुने उल्लेख छ।

संघीय निजामती सेवा विधेयकको मस्यौदामा पनि ट्रेड युनियन खारेजको व्यवस्था

निजामती कर्मचारी ट्रेड युनियन खारेज गर्ने विषयलाई सरकारले संघीय निजामती सेवा ऐनको विधेयक बनाउँदा मस्यौदामा समावेश गरेको छ। मस्यौदामा निजामती सेवामा ट्रेड युनियन नरहनेदेखि राजनीतिक दल, दलको भ्रातृ संगठनको सदस्यता लिए, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्नेसम्मको व्यवस्था छ। सरकारले प्रस्ताव गरेको संघीय निजामती विधेयकको मस्यौदाको दफा ७८ मा राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने उल्लेख छ।

त्यस्तै, विधेयकको मस्यौदाको दफा १०२ को उपदफा २ को (क) मा 'राजनीतिक दल, राजनीतिक दलको भ्रातृ संगठन, राजनीतिक दलको जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक दलका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा' निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिने व्यवस्था छ।

विधेयकको मस्यौदाको दफा १३२ मा निजामती कर्मचारीको गुनासो सुनुवाइको व्यवस्था छ। उक्त दफाले कर्मचारीको गुनासो सुनुवाइको प्रबन्ध गर्दै नियमविपरीत निजामती सेवामा कुनै पनि सांगठनिक गतिविधि गर्न नपाइने उल्लेख गरेको छ। ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज गर्दै विधेयकको मस्यौदाकै व्यवस्था अध्यादेशमा गरिएको छ।

■ कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठक आज

देउवा र कोइराला समूहले असन्तुष्टि जनाएको क्रियाशील सदस्यता अद्यावधिकबारे छलफल हुने

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसमा गुटगत गतिविधि भइरहेका वेला संस्थापन पक्षले समसामयिक राजनीतिक विषय र आन्तरिक व्यवस्थापनका विषयमा निर्णय लिन केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको छ। केन्द्रीय कार्यालय सानेपामा सोमबार दिउँसो १ बजे बस्ने गरी बैठक बोलाइएको छ। बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवं सदस्यहरूलाई उपस्थितिका लागि सूचित गरिएको छ।

निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले सर्वोच्च अदालतमा दायर गरेको आधिकारिकतासम्बन्धी रिट खारेज गरेर विशेष महाधिवेशन पक्षधरलाई मान्यता दिए पनि कांग्रेसको आन्तरिक विवाद सुल्झेको छैन। संस्थापन इतरका १४औँ महाधिवेशन पक्षधर देउवा पक्ष र शेखर कोइराला पक्षले आन्तरिक एकताको जिम्मेवारी सभापति गगन थापाको

» पृष्ठ २ मा क्रमशः



● **मीन विश्वकर्मा**, देउवापक्षीय नेता

पार्टीलाई कसरी अगाडि बढाउने भन्ने कुरा सानेपाकै हातमा छ। आन्तरिक एकता कायम रहने-नरहने उहाँहरूकै हातमा निर्भर रहन्छ।





● **प्रकाश स्नेही**, सहमहामन्त्री

पार्टीमा आन्तरिक एकता आवश्यक छ। आवश्यकता र औचित्यका आधारमा सबै कुरा सम्बोधन हुन्छ। तर, समूहगत रूपमा सम्बोधन हुँदैन।

■ राष्ट्रपति पौडेलले जारी गरे सात अध्यादेश

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने फिर्ता



सामान ओसारपसार गर्न र मानिस हिँड्न बनाइएको डाइभर्सन बगाएपछि हुलाकी सडकमा आवतजावत ठप्प

(विस्तृत पृष्ठ ३)

परीक्षा प्रणालीका असान्दर्भिक पक्षहरू



● किरण कोइराला

वर्तमान परीक्षा प्रणालीलाई निरन्तर मूल्यांकनमा परिणत गरी शिक्षालाई पूर्णतः राज्यको दायित्व र सेवामूलक क्षेत्रका रूपमा स्थापित गरिनुपर्छ

(पृष्ठ ४)

एआई युगमा 'मे दिवस'को अर्थ



ठुला कर्पोरेट कम्पनीले एआईमा अर्बौं डलर खर्च गर्दा श्रमिक अधिकारका लागि विश्वभर भइरहेका लडाइँबारे पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ

(विस्तृत पृष्ठ ५)

आगामी बजेट तयारीमा सातै प्रदेश

१ असारमा आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट ल्याउन ७ वटै प्रदेश सक्रिय भएका छन्। ५ वटा प्रदेशले चालू आव ०८२/८३ को तुलनामा कम आकारको बजेट ल्याउने गृहकार्य गरेका छन् भने कर्णाली प्रदेशले चालू आवको तुलनामा १ प्रतिशत बढी हुने गरी बजेटको सिलिङ निर्धारण गरेको छ। गण्डकीमा भने भर्खरै अर्थमन्त्री नियुक्ति भएकाले बल्ल बजेटको सुरसार भएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भत्काइए उपत्यकाका अधिकांश अवैध संरचना

सरकारी तथ्यांकअनुसार आइतबारसम्म सिनामंगलमा ६१०, गैरीगाउँमा ५०९, थापाथलीमा ८४०, टेकुमा १०८, बालाजुमा २२७, अनामनगरमा २३ र मनोहरामा ७७० घरटहरा भत्काइएको छ

१८१६ परिवार मात्र सरकारको सम्पर्कमा, १५ सय सम्पर्कबाहिर

काठमाडौं उपत्यकामा हजारौँ रोपनी सार्वजनिक जग्गा अतिक्रमण

■ आगामी चैतभित्र सुकुमवासी समस्या व्यवस्थापन गर्न रास्वपाको सुझाव

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा अव्यवस्थित बसोबास हटाउने अभियानअन्तर्गत सरकारले विभिन्न क्षेत्रमा गरी ठुलो संख्यामा घरटहरा भत्काएको छ। संरचना भत्काउँदा सयौँ परिवार प्रत्यक्ष प्रभावित भएका छन्। सरकारले भने अवैध

» पृष्ठ २ मा क्रमशः

■ सार्वजनिक जग्गा मिचेर बनाइएको अनामनगरको आलिसान भवनमा डोजर



अनामनगरको देवीनगरस्थित सार्वजनिक जग्गा अतिक्रमण गरेर निर्माण गरिएको इन्द्रकुमार चाम्लिङको स्वामित्वमा रहेको आलिसान भवनमा डोजर लगाएर भत्काइएको छ। भवन निर्माणका क्रममा वडा कार्यालय, मालपोत र नापी कार्यालयबिच मिलेमतोमा स्वीकृति दिइएको तथ्यसमेत खुलेको छ। चाम्लिङले भने आफ्नो घर वैधानिक रहेको दाबी गर्दै लालपुर्जा सार्वजनिक रूपमा प्रदर्शन गर्दै आएका छन्। सरकारी विवरणअनुसार उक्त भवन कित्ता नम्बर ५७७ र १९१ मा पर्दछ, जसलाई यसअघि ०५२ मा रामबहादुर रावल नेतृत्वको आयोगले रोक्का राख्न सिफारिस गरेको थियो। तर, सो निर्णय कार्यान्वयन हुन नसक्दा मिलेमतोमै लालपुर्जा बनाइएको र त्यसकै आधारमा आठतले भवन निर्माण गरिएको जनाइएको छ। उपत्यका विकास प्राधिकरणका अनुसार १९१ नम्बर कित्ता स्पष्ट रूपमा सरकारी जग्गा हो भने ५७७ नम्बर कित्ता पनि प्रक्रिया मिलाएर चाम्लिङकी छोरीको नाममा सारिएको पाइएको छ। दुवै कित्ता धोबीखोलाको बगर क्षेत्रमा पर्छन्। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ सुकुमवासी हटाएको विरोधमा माइतीघर मण्डलामा प्रदर्शन



सरकारले व्यवस्थापनको उचित प्रबन्धविनै सुकुमवासी हटाएको विरोधमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा (माओवादी)ले आइतबार काठमाडौंको माइतीघरमा प्रदर्शन गरेको छ। श्रम संस्कृति पार्टीले पनि मोरङको पथरीमा विरोध प्रदर्शन गरेको छ। त्यस्तै, भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीहरू पनि प्रदर्शनमा उत्रिन थालेका छन्। बुटवलको मोतीपुर क्षेत्रका भूमिहीन तथा अव्यवस्थित बसोबासीको बस्ती बचाउ संरक्षण समितिले रानीगन्जमा प्रदर्शन गरेको छ। वास्तविक सुकुमवासी, भूमिहीन र अव्यवस्थित बसोबासीको लगत संकलन र भरपर्दो वैकल्पिक व्यवस्था गरेर मात्र हटाउनुपर्ने माग उनीहरूको छ। यसबाहेक वीरगन्जको मुख्य सडक विस्तारका लागि गत ६ वैशाखमा डोजर लगाएर घर, भवन भत्काइएको विरोधमा पनि आइतबार नै माइतीघरमा प्रदर्शन भएको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

देउवा र कोइराला...

पृष्ठ १ बाट क्रमशः

हातमा रहेको निष्कर्ष निकालेको अवस्थामा बोलाइएको संस्थापनको बैठकलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

बैठकमा समसामयिक राजनीतिक विषय र आन्तरिक व्यवस्थापन विषयमा बैठकमा छलफल हुने सहमहामन्त्री प्रकाश स्नेहीले जानकारी दिए। 'मुलुकको समसामयिक राजनीतिक परिस्थिति र आन्तरिक एकताको विषयमा बैठकमा छलफल हुन्छ,' उनले भने। क्रियाशील सदस्यता अद्यावधिकको अवस्थाबारे पनि छलफल हुने उनले बताए। क्रियाशील सदस्यता अद्यावधिकको विषयमा संस्थापनइतर पक्षले आपत्ति जनाएको छ। इतर पक्षले स्वाभिमानको विषयमा जोड दिएको छ।

देउवा पक्षको १५ वैशाख र कोइराला पक्षको १७ वैशाखमा भएको भेलाले १५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण भइसकेको अवस्थामा पुनः अद्यावधिक गर्न नहुने निष्कर्ष निकालेको थियो। भेला छुट्टाछुट्टै भए पनि देउवा र कोइराला पक्षको निष्कर्ष एउटै थियो, '१५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण भइसकेको अवस्थामा पुनः अद्यावधिक गर्न खोज्नु उपयुक्त होइन। अव्यावहारिक विषयमा सहमति जनाउन र सहभागी हुन सकिन्न।'

नेता मीन विश्वकर्माले बल सानेपाकै कोर्टमा रहेको बताए। 'पार्टीलाई कसरी अगाडि बढाउने भन्ने कुरा सानेपाकै हातमा छ। आन्तरिक एकता कायम रहने-नरहने उहाँहरूकै हातमा निर्भर रहन्छ,' उनले भने।

१५औँ महाधिवेशनका लागि सदस्यता नवीकरण गरिसकेपछि पुनः सोही महाधिवेशनका लागि दोहोऱ्याएर नवीकरण गर्न नपर्ने १४औँ महाधिवेशन पक्षधरको जिकिर छ।

संस्थापन पक्षले पार्टीलाई जीवन्त बनाउन सदस्यता अद्यावधिक गर्न थालिएको दाबी गरेको छ। 'अहिले सदस्यता अद्यावधिक गर्न थालेका हौँ। सदस्यको नागरिकता नम्बर, फोन नम्बर, सामाजिक सञ्जाल, उमेर समूह सबै अद्यावधिक हुन्छ। त्यसले पार्टीलाई जीवन्त बनाउँछ। त्यसैको आधारमा पार्टीले आइडी बनाउँछ। त्यहाँ सबै कुरा अपडेट हुन्छ। सदस्यहरूबिच सम्बन्ध प्रगाढ बनाउँछ,' सदस्यता व्यवस्थापन समितिका सदस्यसमेत रहेका सहमहामन्त्री स्नेहीले भने।

स्नेहीले आवश्यकता र औचित्यका आधारमा सबैसँग कुरा हुने र आन्तरिक एकता कायम गरेर जाने नीति रहेको बताए। 'पार्टीमा आन्तरिक एकता आवश्यक छ। आवश्यकता र औचित्यका आधारमा सबै कुरा सम्बोधन हुन्छ। तर, समूहगत रूपमा सम्बोधन हुँदैन। सभापति पार्टी एकताका लागि हदैसम्म उदार हुनुहुन्छ,' उनले भने, 'विधानको सर्वोच्चतालाई केन्द्रमा राखेर सबैसँग छलफल हुनछ। सभापतिले पनि विधानको परिधिभित्रै बसेर काम गर्ने हो। कांग्रेसका सबै नेता तथा कार्यकर्ताले विधानको परिधिभित्र बसेर काम गर्नुपर्छ।' बहुमतको निर्णय मान्ने र अल्पमतलाई समेटेर जाँदा नै आन्तरिक एकता बलियो हुने उनले बताए। 'पार्टीमा बहुमतको निर्णय लागू हुन्छ। अल्पमतलाई समेटेर लैजाने र अल्पमतले सहयोग गर्ने हुनुपर्छ। त्यसले मात्रै आन्तरिक एकता कायम हुन्छ,' स्नेहीले भने।

सुकुमवासी समस्या आगामी चैतभित्र व्यवस्थापन गर्न रास्वपाको सुझाव

नयाँ पत्रिका

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अवैध संरचना हटाउने क्रममा विस्थापित सुकुमवासीहरूको सुरक्षित स्थानान्तरण र मर्यादित वासस्थानको सुनिश्चितता गर्न सरकारको ध्यानाकर्षण गराएको छ। आइतबार बसेको केन्द्रीय सचिवालय बैठकले गाँस, बास र सुरक्षालाई प्राथमिकतामा राख्दै आगामी चैत मसान्तभित्र सुकुमवासी समस्या व्यवस्थापन गर्न सरकारलाई सुझाव दिएको हो।

पार्टी प्रवक्ता मनीष झाका अनुसार सुकुमवासी समस्या समाधानका लागि अधिकारसम्पन्न प्राधिकरण गठन गरी लगत संकलन गर्ने र आगामी चैतभित्र कम्तीमा ७५ प्रतिशत व्यवस्थापन गरिसक्नुपर्नेमा पार्टीले जोड दिएको छ। प्रवक्ता झाका अनुसार खोलाकिनारमा असुरक्षित रूपमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित स्थानमा सार्नकै लागि डोजर प्रयोग गरिएको हो। 'बाढीले बगाउँदा मात्रै जोखिम देख्ने कि समयमै सुरक्षित स्थानमा सार्ने ?' उनले भने।

अव्यवस्थित बसोबासको समस्या समाधानका लागि सरकारले चाँडै अधिकारसम्पन्न प्राधिकरण गठन गरी वास्तविक भूमिहीनहरूको समस्या समाधान गर्न पहल गरेको भन्दै रास्वपाले अनावश्यक त्रास वा भ्रममा नपर्न सबैमा अनुरोध गरेको छ। असुरक्षित रूपमा बस्न बाध्य नागरिकको संरक्षण गर्नु रास्वपाको प्राथमिकता रहेको निर्णयमा छ। साथै पार्टीको वाचापत्रको बुँदा नं. ८२ मा समेत अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने स्पष्ट प्रतिबद्धता व्यक्त गरिएको छ।

वास्तविक भूमिहीन सुकुमवासी नागरिकहरूबाहेक अन्य व्यक्तिहरूका हकमा प्राधिकरणको प्रतिवेदन नआउँदासम्म कुनै पनि कारबाही अघि नबढाउन सरकारलाई सुझाव दिइएको छ। आफ्नो क्षेत्राधिकार प्रयोग गरी संरचनाहरू भत्काइरहेका स्थानीय सरकारहरूलाई पनि यही मर्मअनुसार व्यवस्थापन गर्न रास्वपाको निर्णयमा अनुरोध गरिएको छ।

प्रवक्ता झाले खोलाको किनारमा असुरक्षित तरिकाले रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्नका लागि डोजर चलेको पनि प्रस्टीकरण दिए। 'अझै पनि बाढीले बगाउँदा भिजिबिलिटी पुगेन भनेर बस्ने कि सुरक्षित स्थानमा सार्ने हो ?' उनले प्रश्न गरे।

■ स्थानीय निर्वाचन उम्मेदवार छनोट रूपरेखा पारित

रास्वपाले आगामी स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार छनोट गर्ने विधिसहितको रूपरेखा पारित गरेको छ। उम्मेदवार छनोट रूपरेखा निर्माण समितिले केन्द्रीय सचिवालय बैठकमा उम्मेदवार छनोट रूपरेखा २०८३ को मस्यौदा प्रतिवेदन सभापति रवि लामिछानेलाई बुझाएको थियो। बैठकले उम्मेदवार छनोट रूपरेखा पारित गर्दै अक्षरशः र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा 'उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति' गठन गर्ने निर्णय गरेको छ। यस्तै, बैठकले पार्टीको संसदीय दलको संशोधित विधान अनुमोदन गर्ने निर्णय गरेको छ।

झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED

jhapa Energy Limited झापा इनर्जी लिमिटेड

रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट: www.jhapaenergy.com.np

आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक विवरण

Statement of Financial Position

Particulars	As on Chaitra 30, 2082 (Unaudited)	As on Poush 30, 2082 (Unaudited)	As on Chaitra 31, 2081 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, Plant & Equipment	796,574,832	805,774,728	816,435,312
Financial Assets			
Investment in Subsidiary	20,000,000	20,000,000	20,000,000
Other Non Current Assets	708,168	708,168	730,000
Total Non-Current Assets	**817,283,000**	**826,482,896**	**837,165,312**
Current Assets			
Inventories	6,100,372	2,383,710	238,918
Financial Assets			
Trade Receivables	19,627,779	15,541,407	14,761,921
Cash and Cash Equivalents	749,210	4,605,655	898,005
Other Current Assets	1,693,732	2,251,240	770,355
Current Tax Assets (Net)	1,525	1,515	-
Total Current Assets	**28,172,618**	**24,783,527**	**16,669,199**
Total Assets	**845,455,618**	**851,266,423**	**853,834,511**
Equity & Liabilities			
Equity			
Equity Share Capital	380,190,000	380,190,000	285,142,500
Other Equity	8,969,240	3,497,232	(13,107,983)
Total Equity	**389,159,240**	**383,687,232**	**272,034,517**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Borrowings	412,088,366	420,893,666	525,318,521
Other Financial Liabilities	503,764	534,646	-
Total Non-Current Liabilities	**412,592,130**	**421,428,312**	**525,318,521**
Current Liabilities			
Financial Liabilities			
Borrowings	41,930,000	41,930,000	51,186,900
Trade Payables	-	-	3,671,536
Other Financial Liabilities	1,514,687	4,019,354	1,623,037
Other Liabilities	259,560	201,525	-
Total Current Liabilities	**43,704,248**	**46,150,879**	**56,481,473**
Total Liabilities	**456,296,378**	**467,579,191**	**581,799,995**
Total Equity & Liabilities	**845,455,618**	**851,266,423**	**853,834,511**

Statement of Profit or Loss

Particulars	For The Quarter Ended Chaitra 30, 2082 Unaudited	For The Quarter Ended Poush 30, 2082 Unaudited	For The Quarter Ended Chaitra 31, 2081 Unaudited
Revenue			
Revenue from Sale of Electricity	81,683,379	53,704,961	65,966,162
Cost of Sales			
Generation Expenses	9,266,703	5,413,494	6,342,026
Gross profit	**72,416,676**	**48,291,467**	**59,624,136**
Depreciation	25,754,367	16,554,472	26,391,777
Administrative & Other Operating Expenses	6,814,046	4,724,076	5,201,616
Profit from Operation	**39,848,262**	**27,012,920**	**28,030,743**
Other Income	2,200,000	2,200,000	-
Finance Income	5,728	5,661	3,433
Finance Costs	25,991,575	18,697,268	41,490,316
Profit Before Tax	**16,062,415**	**10,521,313**	**(13,456,139)**
Current Tax	-	-	-
Profit After Tax	**16,062,415**	**10,521,313**	**(13,456,139)**

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित) अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

१. **वित्तीय विवरण**
क) आ. व. २०८२/८३ को तेश्रो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरण, तुलनात्मक वित्तीय विवरण र वित्तीय अनुपातहरु यसै प्रतिवेदन साथ प्रकाशित गरिएको छ।
ख) यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि संग भएको सम्झौता बमोजिम यस तेश्रो त्रैमासिकको अवधिसम्ममा जग्गा लिज भाडा बापत रु. ३,००,०००/- (वार्षिक रु. ४,००,०००/-) यस कम्पनीले खर्च लेखाङ्कन गरेको छ।
(ग) **प्रमुख वित्तीय सूचकहरु:**

क्र.सं.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.) बार्षिकीकृत	५.६३	५.५३	(६.२९)
२	प्रति शेयर नेटवर्थ (रु.)	१०२.३६	१००.९२	९५.४०
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२२२.३८	२२३.९१	२९९.४४
४	तरलता अनुपात	०.६४	०.५४	०.३०
५	पी. ई. रेसियो बार्षिकीकृत	२३२.३८	२५७.१४	-

२. **व्यवस्थापकीय विश्लेषण:**
क) यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार प्रति युनिट ७.३० का दरले नेपाल विद्युत प्राधिकरणलाई निरन्तर विद्युत बिक्री गर्दै आएको छ।
ख) यस कम्पनीले आफ्नो स्वामित्वमा १० विघा १७ कठ्ठा १८.५ धुर र यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि को नाममा १० विघा १३ कठ्ठा ११ धुर गरी जम्मा २१ विघा ११ कठ्ठा ९.५ धुर जग्गा खरिद गरी शिवसताक्षि, झापामा १० मे.वा. क्षमताको ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना निर्माण गरी संचालन गर्दै आई रहेको छ। यस कम्पनीले तेस्रो त्रैमासिक अवधि सम्ममा यस आयोजनाबाट रु. ८,१६,८३,३७९ बराबरको विद्युत विक्रीबाट आम्दानी गरेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।
ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचालित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।
ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा भएको भए** :यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
यस कम्पनी व्यवस्थापनबाट शेयर मूल्यमा असाधारण प्रभाव पर्ने किसिमले कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट अनुसार आ. व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोबारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कुल कारोबार दिन	कुल कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१,७४९	१,२६०	१,३०९	५३	१३,२१७	७१३,२९७

५. **समस्या तथा चुनौती :**
विश्वव्यापी तापमान तथा जलवायु परिवर्तनले सौर्य किरण (Solar Insolation) मा फरक पर्न गई विद्युत उत्पादनमा फरक पर्न सक्ने छ। त्यस्तै कम्पनीको दक्ष जनशक्ति कायम राख्ने चुनौतिहरु यस संस्थामा रहेको छ। संस्थामा आई पर्ने आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिको बैठकले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन :**
यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिबृद्धिका लागि सदैब उच्च प्राथमिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमनकारी निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु व्यवस्थापनद्धारा तदारुकताका साथ सम्पादन गरी आएको छ। कम्पनी भित्र सुशासनलाई सुदृढ पार्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति तथा व्यवस्थापनको नियमित बैठकहरु बस्ने र सोको निर्णयहरु कार्यान्वयन गर्दै आइरहेको छ।

७. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
यस प्रतिवेदनमा प्रस्तुत वितीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकाले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्तालाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

निजामती...

पृष्ठ १ बाट क्रमशः

भएको हो। यी ट्रेड युनियनहरू ०४६ को राजनीतिक परिवर्तनपछि गठन भएका थिए।

अध्यादेशले निजामती सेवा ऐन, २०४९ को दफा ५३ नै फेरबदल गर्दै युनियनसम्बन्धी सबै प्रावधान हटाएको छ। यससँगै कर्मचारीहरूको 'संगठित राजनीतीकरण'को स्वरूप अब कानुनी रूपमै अन्त्य भएको छ। विद्यमान ट्रेड युनियनहरूको कानुनी अधिकार खोसिएपछि ट्रेड युनियन संगठनहरू दबाबमा परेका छन्।

दलीय ट्रेड युनियन राख्ने कि नराख्ने भन्ने बहस चलिरहेको वेला एक तहमाथि उठेर आधिकारिक ट्रेड युनियनसमेत खारेज गरिदिएको छ। अध्यादेशले विद्यमान निजामती सेवा ऐन, २०४९ मा रहेका कर्मचारी ट्रेड युनियनसम्बन्धी सबै दफा झिकिदिएको छ। ट्रेड युनियनहरूमाथि राजनीतिक दलहरूसँगको निकटताका आधारमा सरुवा-बढुवामा अनावश्यक हस्तक्षेपदेखि नाजायज सुविधा लिने गरेको आरोप लाग्दै आएको थियो।

अध्यादेशले विद्यमान निजामती सेवा ऐनको दफा २ को खण्ड (ज १) र (ज २)सहित दफा ५२ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको ट्रेड युनियनको व्यवस्था झिकिदिएको छ। साथै दफा ५३ मा रहेको ट्रेड युनियन गठन, गठनको प्रक्रिया तथा काम, कर्तव्य र अधिकारका सबै व्यवस्था खारेज गरिदिएको छ।

अध्यादेशअनुसार अब ट्रेड युनियनको सट्टा निजामती कर्मचारीको गुनासो सुनुवाइसम्बन्धी प्रबन्ध हुनेछ। अध्यादेशको दफा ५३ मा छ, 'निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानुनबमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकामा बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम प्रदान गरिएका सेवा, सर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा निजले कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको अधिकृतसमक्ष आफ्नो पीरमर्का र गुनासो लिखित वा मौखिक रूपमा राख्न सक्नेछ।'

गुनासो प्राप्त भएमा ३० दिनभित्रमा फर्स्योट गर्नुपर्ने र फर्स्योट हुन नसक्ने भएमा सम्बन्धित पक्षलाई गुनासो सुनुवाइ गर्ने जिम्मेवारी प्राप्त अधिकृतले १५ दिनभित्र लिखित रूपमा आधार र कारणसहितको निर्णयको जानकारी गराउनुपर्ने व्यवस्था छ। यस्तो निर्णयमा चित्त नबुझे पीरमर्का परेको सम्बन्धित कर्मचारीले एक तहमाथिको अधिकारीसमक्ष पुनरवलोकनका लागि निवेदन दिनसक्नेछ। र, त्यस्तो पुनरवलोकनको निवेदनउपर भएको सुनुवाइमा समेत चित्त नबुझेमा प्रचलित कानुनबमोजिम हुने उल्लेख छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सेवा प्रवाह प्रभावकारी बनाउन, सुशासन कायम गर्न र निजामती सेवालाई जवाफदेही बनाउन ट्रेड युनियन खारेज गरेको बताइन्। 'वर्षौंदेखि अभ्यासमा रहेको यो व्यवस्थाले के नतिजा दियो भन्ने सबैसामु छर्लंग छ। मुलुकमा सुशासन कायम गर्न, सेवा प्रवाह प्रभावकारी बनाउन र निजामती सेवाको आधारभूत चरित्र निष्पक्षता, तटस्थता, व्यावसायिकता, जवाफदेहिताजस्ता विषयको सुनिश्चितता ट्रेड युनियन राखेर सम्भव हुँदैन,' उनले भनिन्, 'ट्रेड युनियनको खारेजीले सार्वजनिक प्रशासनको शुद्धीकरण गर्नेछ। यसको खारेजीबाट कोही विचलित हुन जरुरी छैन। सबै कर्मचारीको सेवा सर्तको सुरक्षा कानुनले सुरक्षित गरेको छ र त्यसको कार्यान्वयन हामी दृढतापूर्वक गर्नेछौं।'

तर, ट्रेड युनियनका नेताहरूले ट्रेड युनियन अधिकार खोस्नु गलत भएको भन्दै आगामी कदमका लागि संवादमा जुटेको प्रतिक्रिया दिएका छन्। नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तमकुमार कटुवालले अध्यादेशको व्यवस्थाले संवैधानिक हकलाई कुण्ठित गरेको प्रतिक्रिया दिए। 'दुईतिहाइ नजिकको सरकारले लोकतन्त्रमाथि नै हमला गरेजस्तो भयो,' उनले भने, 'तत्काल ६ वटाकै संयुक्त ट्रेड युनियन सञ्जालको बैठक बसेर उपयुक्त तरिकाले आन्दोलन र कानुनी प्रक्रियामा जाने विषयमा छलफल गरी निष्कर्षमा पुग्छौं। संवैधानिक अधिकारको विषयलाई अध्यादेशले काट्न सक्दैन।'

त्यस्तै, नेपाल निजामती कर्मचारी संगठनकी अध्यक्ष भवानी न्यौपाने दाहालले ट्रेड युनियन अधिकार कर्मचारीका लागि मानव अधिकार भएको भन्दै अध्यादेशले हनन गरेको बताइन्। 'लोकतन्त्रमा बनेको सरकारले ट्रेड युनियन अधिकार मास्ला नै भन्ने सोचेको थिइएन,' उनले भनिन्, 'ट्रेड युनियन अधिकार कटौती हामीलाई चित्त बुझेको छैन। अब कानुनअनुसार अधिकार प्राप्त गर्ने कोसिस हुन्छ।' अध्ययन गरेपछि थप विषय सार्वजनिक गर्ने उनको भनाइ छ।

साबिकमा विभिन्न प्रमुख दलसम्बद्ध ६ वटा ट्रेड युनियन क्रियाशील छन्। उनीहरूले संघदेखि स्थानीय तहसम्म संगठन सञ्जाल विस्तार गरेका छन्। यसमा करिब डेढ लाख कर्मचारी आबद्ध रहेको मानिएको छ।

०४६ सालको राजनीतिक परिवर्तनमा निजामती कर्मचारीहरू खुलेरै लागेका थिए। आन्दोलन सफल भएर बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि कर्मचारीले सरकारसँग बार्गेनिङ गरेका थिए। त्यसको उपहारस्वरूप तत्कालीन सरकार निजामती सेवामा कर्मचारी ट्रेड युनियन खोल्न दिन लचिलो भयो। फलस्वरूप १२ फागुन ०४७ मा निजामती कर्मचारी संघ गठन भयो।

पछि ०४९ मा जारी भएको निजामती सेवा ऐन र त्यसको आधारमा ०५० को नियमावलीले ट्रेड युनियनसम्बन्धी व्यवस्था गरिदिएको थियो। ०६२/६३ को राजनीतिक आन्दोलनमा सहयोग गरेबापत उनीहरूले ०६४ मा बन्द-हडतालसहितका अधिकारसमेत प्राप्त गरेका थिए।

सरकार गठनको पहिलो दिनकै मन्त्रिपरिषद् बैठकबाट स्वीकृत सयदिने कार्यसूचीमा ट्रेड युनियन खारेजीको विषय उल्लेख थियो। रास्वपाले आफ्नो चुनावी घोषणापत्रमा पनि कर्मचारीको ट्रेड युनियन नराख्ने घोषणा गरेको थियो।

के छ विद्यमान व्यवस्था के छ ?

विद्यमान ऐनको दफा ५३ को उपदफा १ मा 'निजामती कर्मचारीले यस ऐनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन्' भन्ने व्यवस्था छ। उपदफा २ मा ट्रेड युनियन गठनको प्रक्रिया र व्यवस्था छ। ऐनको व्यवस्थाअनुसार 'कार्यालय प्रमुख भई काम गर्नुपर्ने राजपत्रांकित कर्मचारीबाहेक राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) वा सोभन्दा मुनिका कर्मचारीहरूले आफ्नो पेसागत हकहितका लागि राष्ट्रियस्तरको निजामती कर्मचारीहरूको ट्रेड युनियनहरू गठन गरी सदस्यता लिन पाउने व्यवस्था छ। यो व्यवस्थाअनुसार हाल शाखा अधिकृत र त्यसमुनिका कर्मचारीहरू ट्रेड युनियनमा आबद्ध रहन पाउँछन्।

श्रम तथा रोजगार प्रवर्द्धन विभागमा दर्ता हुने व्यवस्था गरिएको ट्रेड युनियनहरूले निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको गठन गर्न सक्ने व्यवस्था छ। आधिकारिक ट्रेड युनियनलाई जिल्लास्तर, विभागीयस्तर र राष्ट्रियस्तरमा आफ्नो पेसागत मागहरू सम्बन्धित निकायमा प्रस्तुत गरी सामाजिक संवाद र सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था ऐनले गरिदिएको छ। आधिकारिक ट्रेड युनियन गठन नहुँदा ट्रेड युनियनहरूले आपसमा सहमति गरी सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था छ।

निजामती ट्रेड युनियनको काम, कर्तव्य र अधिकार पनि ऐनले निर्दिष्ट गरिदिएको छ। जसअनुसार कर्मचारीको हकहित संरक्षण एवं संवर्द्धन गरी निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु, भेला, तालिम, प्रशिक्षण, गोष्ठीलगायतका रचनात्मक एवं सिर्जनात्मक कार्यहरू सञ्चालन गर्न सक्ने अधिकार ट्रेड युनियनहरूलाई छ। यस्तै, राष्ट्रियस्तरका ट्रेड युनियनहरूका केन्द्रीय पदाधिकारीहरू र सदस्यहरूलाई युनियनसम्बन्धी स्वदेशी तथा वैदेशिक सेमिनार, गोष्ठी, अधिवेशन, संगठनसम्बन्धी कार्य आदि कार्यक्रममा भाग लिनका लागि नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी एक वर्षमा बढीमा ३० दिनसम्मको काजको व्यवस्था गर्न सकिने पनि विद्यमान ट्रेड युनियनसम्बन्धी व्यवस्थामा छ।

लिपुलेकबाट...

पृष्ठ १ बाट क्रमशः

सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ,' मन्त्रालयले भनेको छ, 'साथै, लिपुलेक क्षेत्र नेपाली भूभाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराइसकिएको व्यहोरा स्पष्ट पारिन्छ। नेपाल र भारतबिचको घनिष्ट र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुरूप ऐतिहासिक सन्धि-सम्झौता, तथ्य नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैँ प्रतिबद्ध छ।'

भारतले १८ वैशाखमा चीनसँगको समन्वयमा नेपालको भूमि लिपुलेक पास हुँदै कैलाश मानसरोवर यात्रा खुला गरेको औपचारिक घोषणा गरेको थियो। भारत सरकारले आयोजना गर्ने कैलाश मानसरोवर यात्रा २०२६ जुनदेखि अगस्टसम्म सञ्चालन हुने विदेश मन्त्रालयले विज्ञप्तिमा जनाएको थियो। अप्रिल ३० मा जारी विज्ञप्तिमा यस वर्ष यात्राका लागि कुल २० समूह हुने र तीमध्ये १० समूह उत्तराखण्ड हुँदै लिपुलेक पासबाट र अन्य १० समूह सिक्किम हुँदै नाथु ला पासबाट यात्रा गर्ने उल्लेख थियो। कोभिड महामारी सुरु भएपछि सन् २०१९ बाट बन्द भएको मानसरोवर यात्रा गत वर्षबाट खुलेको थियो। सन् २०२४ को डिसेम्बरमा चीनका विदेशमन्त्री वाङ यी र भारतका राष्ट्रिय सुरक्षा सल्लाहकारबिच चीनमा भएको भेटवार्तामा यो नाकाबाट यात्रा पुनः नियमित गर्ने सहमति भएको थियो। त्यतिवेला पनि लगत्तै नेपालले कूटनीतिक नोट पठाएर आपत्ति जनाएको थियो।

भत्काइए उपत्यकाका...

पृष्ठ १ बाट क्रमशः

संरचना हटाउने कार्यलाई निरन्तरता दिने र प्रभावित नागरिकहरूको व्यवस्थापन प्राथमिकतामा राख्ने जनाएको छ। सरकारी तथ्यांकअनुसार आइतबारसम्म सिनामंगलमा ६१०, गैरीगाउँमा ५०९, थापाथलीमा ८४०, टेकुमा १०८, बालाजुमा २२७, अनामनगरमा २३ र मनोहरामा ७७० घरटहरा भत्काइएको छ। सोमबार पनि अव्यवस्थित बसोबास हटाइने अधिकारीहरूले जनाएका छन्। ०७९ को तथ्यांकअनुसार उपत्यकाका नदीकिनार क्षेत्रमा ३४९६ वटा घरटहरा थिए।

सुविधासम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका प्रमुख मचाकाजी महर्जनका अनुसार उपत्यकामा सबैभन्दा धेरै बागमती र मनोहरा नदी क्षेत्रमा अवैध संरचना थिए। तीमध्ये अधिकांश संरचना हटाइसकिएको छ। 'अब सामाखुसी, कपन, गोंगबु क्षेत्रमा केही घरटहरा भत्काउन बाँकी छ। बागमती र मनोहरा क्षेत्रमा अधिकांश संरचना हटाइसकिएको छ,' उनले भने।

काठमाडौं उपत्यकामा अवैध संरचना हटाउने अभियान आइतबार पनि जारी रह्यो। शनिबार मात्रै १ हजार ७०२ घरटहरा हटाएको सरकारले आइतबार थप करिब १०२ संरचनामा डोजर चलाएको हो। आइतबार अनामनगर, बालाजु र टेकु क्षेत्रका संरचनाहरू भत्काइएको जनाइएको छ। ती क्षेत्रमा सार्वजनिक तथा अतिक्रमित जग्गा पहिचान गर्ने र हटाउने काम अझै जारी रहने सम्बन्धित निकायले जनाएको छ।

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरका अनुसार बालाजु, कपन, टेकु र देवीनगर क्षेत्रमा यसअघि बाँकी रहेका संरचना हटाइएको छ। उनले सोमबार पनि केही क्षेत्रमा अभियानलाई निरन्तरता दिइने बताए।

अनामनगर क्षेत्रमा दुईवटा ठुला पक्की घरसमेत भत्काइएको छ। त्यस्तै, मनोहरा क्षेत्रमा ४० भन्दा बढी घर पक्की थिए भने गैरीगाउँ क्षेत्रमा ४८ वटा पक्की किसिमका घर थिए। थापाथली क्षेत्रमा भने सबैजसो अस्थायी किसिमका टहरा थिए। सोमबार कपन साततलेमा सय घर भत्काउने तयारी गरिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले बताए। 'काठमाडौंका ८० प्रतिशत अवैध बस्तीमा डोजर चलेको छ, अन्य केही ठाउँमा भत्काउन बाँकी छ, क्रमशः भत्काउँछौं,' उनले भने, 'पक्की र ठुला संरचनामा डोजर चलाउँदा पनि धेरै समय लागिरहेको छ।'

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले असुरक्षित सुकुमवासी बस्ती र अवैध संरचना हटाउने कार्य भइरहेको बताए। 'उपत्यकाका अधिकांश अवैध संरचनामा डोजर चलिसकेको छ,' उनले भने, 'अबको मुख्य चिन्ता, चासो र सहयोगको क्षेत्र भनेको उहाँहरूको स्थायी र सहज वास नै हो।'

१८१६ परिवार मात्र सरकारको सम्पर्कमा, १५०० परिवार सम्पर्कबाहिर

सुकुमवासी व्यवस्थापनको सरकारी प्रयास तीव्र भइरहे पनि सबै प्रभावित नागरिक अझै राज्यको पहुँचमा आएका छैनन्। विस्थापनपछि सुरक्षित बसोबासको खोजीमा रहेका हजारौँमध्ये ठुलो हिस्सा अझै सम्पर्कविहीन छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका अनुसार हालसम्म आफूलाई सुकुमवासी दाबी गर्दै १८१६ परिवारका ७७८९ जना सरकारको सम्पर्कमा आएका छन्। तीमध्ये ७९४ जनालाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको छ भने अन्यलाई क्रमशः सुरक्षित स्थानमा सार्ने काम जारी छ।

तर, करिब १५०० परिवार (झन्डै ५५०० व्यक्ति) अझै सरकारको सम्पर्कमा आएका छैनन्। प्रशासनका अनुसार उनीहरूको खोजी कार्य जारी छ र सम्पर्कमा आउनेहरूलाई सुरक्षित स्थानमा राखिने व्यवस्था मिलाइएको छ।

हाल विस्थापितहरूलाई कीर्तिपुरस्थित राधास्वामी सत्संग भवन १४७, नयाँ बसपार्क र माछापोखरी क्षेत्रका होटेलहरू १८०, सुन्धारा क्षेत्रका होटेलमा २५ जना, भक्तपुरस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्र ७६, बोडेस्थित कृषि तालिम केन्द्र ३०, धापाखेलको सेल्टरमा १० जनालाई राखिएको छ। हालसम्म ७९४ जनालाई विभिन्न होल्डिङ सेन्टरमा राखिएको छ। विस्थापितलाई उचित खानपान र बसोबासको माग गर्दै युवाहरूले आइतबार माइतीघर क्षेत्रमा प्रदर्शन गरेका छन्। प्रदर्शनकारीहरूले राज्यले सुकुमवासीमाथि अमानवीय व्यवहार गरेको आरोप लगाउँदै तत्काल मानवीय व्यवस्थापन गर्न माग गरेका छन्। सरकारले सरकारी दर्तामा नआएर र आश्रय स्थलमा आउन छुटेकाहरूलाई सम्पर्कमा आउनसमेत अनुरोध गरेको छ। सहरी विकास मन्त्रालयले अवैध बस्तीबाट हटेकाहरू सम्पर्कमा नआएको भन्दै नाम दर्ता गराउन र विवरण टिपाउन आग्रह गरेको छ।

काठमाडौं उपत्यकामा हजारौँ रोपनी सार्वजनिक जग्गा अतिक्रमण

काठमाडौं उपत्यकामा हजारौँ रोपनी सार्वजनिक जग्गा अतिक्रमणमा परेको तथ्यांक छ। सरकारी निकायको तथ्यांकअनुसार हजारौँ रोपनी सार्वजनिक जमिन विभिन्न व्यक्ति र समूहद्वारा कब्जा गरिएको छ, जसमा सुकुमवासीसँगै शक्तिशाली व्यापारी र पहुँचवालासमेत छन्।

उपत्यका विकास प्राधिकरणका अनुसार कलंकी, गोंगबु, टोखा, शंखरापुर र मनोहरा क्षेत्र सार्वजनिक जग्गा अतिक्रमणको चपेटामा छन्। प्राधिकरणका पूर्वकाठमाडौं जिल्ला आयुक्त सुवास बस्नेतका अनुसार हजारौँ रोपनी सार्वजनिक जग्गामा ठुला व्यापारिक संरचनासमेत बनेका छन्।

काठमाडौं महानगरपालिकाको वडा ४, ५, ७, १० ११ र २९ र बुढानीलकण्ठ नगरपालिकाको वडा ३, ४, ५, ८ र ९ का विभिन्न स्थानमा पनि सरकारी तथा सार्वजनिक जग्गा मिचिएको छ। कलंकी मालपोत कार्यालयको तथ्यांकअनुसार कलंकी क्षेत्रमा रहेको २९ हजार रोपनी सार्वजनिक जग्गामध्ये करिब २० हजार रोपनी अतिक्रमण भइसकेको छ। त्यस्तै, कपन क्षेत्रमा ७ हजार रोपनी, टोखामा २० हजार रोपनी, शंखरापुरमा २५ हजार रोपनी र मनोहरा क्षेत्रमा १५ हजार रोपनी सार्वजनिक जग्गा अतिक्रमणको चपेटामा परेको छ।

बागमती नदीकिनार क्षेत्रमा करिब ५ हजार रोपनी जग्गा अतिक्रमण भएकामा हालसम्म झन्डै ४ हजार रोपनी खाली गराइएको जनाइएको छ। प्राधिकरणका अनुसार २०२१ सालको नापीअनुसारको सार्वजनिक जग्गासमेत व्यक्तिगत नाममा दर्ता गरिएको भेटिएको छ। आयुक्त बस्नेतका अनुसार रामबहादुर रावल आयोग (२०४९/२०५२) को प्रतिवेदनमा धोबीखोलामा करिब ४५० रोपनी जग्गा अतिक्रमण भएको उल्लेख भए पनि हाल त्यो घटेर करिब २०० रोपनीमा झरेको छ।

२०२१ सालको नापनक्सा आधार मानेर पुनः छानबिन गर्न र रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने बस्नेतले बताए। सरकारी तथ्यांकअनुसार पशुपतिनाथनजिकैको गुह्येश्वरीदेखि जोरपाटीसम्म ८८५ कित्तामा फैलिएको २६५ रोपनी सार्वजनिक जग्गा अतिक्रमणमा परेको छ। उपत्यका विकास प्राधिकरणका अनुसार उक्त क्षेत्रमा टहरा र सटर निर्माण गरी भाडामा दिने कार्य भइरहेको छ।

सरकारी जग्गा मिचेर बनेको अनामनगरको आलिसान भवनमा डोजर

काठमाडौंको अनामनगर देवीनगरस्थित सरकारी जग्गा अतिक्रमण गरेर निर्माण गरिएको एक आलिसान भवनमा आइतबार सरकारले डोजर चलाएको छ। लामो समयदेखि विवादमा रहेको उक्त भवन सरकारी प्रतिवेदनले सार्वजनिक जग्गामै रहेको पुष्टि गरेपछि भत्काइएको हो।

उक्त भवन इन्द्रकुमार चाम्लिङको स्वामित्वमा छ। व्यक्तिगत जग्गामा निर्माण गरिएको दाबी गरिए पनि सरकारी निकायको अध्ययनले भवन सार्वजनिक जग्गामा रहेको निष्कर्ष निकालेपछि कारबाही अघि बढाइएको बताइएको छ।

भवन निर्माणका क्रममा वडा कार्यालय, मालपोत र नापी कार्यालयबिच मिलेमतोमा स्वीकृति दिइएको तथ्यसमेत खुलेको छ। चाम्लिङले भने आफ्नो घर वैधानिक रहेको दाबी गर्दै लालपुर्जा सार्वजनिक रूपमा प्रदर्शन गर्दै आएका थिए।

सरकारी विवरणअनुसार उक्त भवन कित्ता नम्बर ५७७ र १९१ मा पर्दछ, जसलाई यसअघि ०५२ मा रामबहादुर रावल आयोगले नै रोक्का राख्न सिफारिस गरेको थियो। तर, सो निर्णय कार्यान्वयन हुन नसक्दा मिलेमतोमै लालपुर्जा बनाइएको र त्यसकै आधारमा करिब ८ तले भवन निर्माण गरिएको जनाइएको छ। उपत्यका विकास प्राधिकरणका अनुसार १९१ नम्बर कित्ता स्पष्ट रूपमा सरकारी जग्गा हो भने ५७७ नम्बर कित्ता पनि प्रक्रिया मिलाएर चाम्लिङकी छोरीको नाममा सारिएको पाइएको छ। दुवै कित्ता धोबीखोलाको बगर क्षेत्रमा पर्छन्। यसअघि रावल आयोगले ती जग्गा फिर्ता ल्याउन सिफारिस गरेको थियो भने सर्वोच्च अदालतले पनि उक्त प्रतिवेदन कार्यान्वयन गर्न आदेश दिएको थियो। तर, लामो समयसम्म कार्यान्वयन हुन सकेको थिएन। भवनधनी चाम्लिङले भने आफूले सरकारी निकायकै स्वीकृतिमा बैंक ऋण लिएर घर निर्माण गरेको दाबी गर्दै कारबाहीप्रति असन्तुष्टि जनाएका छन्। 'सरकारी निकायले नै अनुमति दिएर बनाएको घरलाई पछि ऐलानी भनेर भत्काउनु अन्याय हो,' उनले भने।

राष्ट्रपति पौडेलले जारी गरे सात अध्यादेश

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने फिर्ता

● **बाबुराम कुँवर**, राष्ट्रपतिका कानुनी सल्लाहकार



संवैधानिक परिषद्को ६ मध्ये चारजनाले निर्णय गर्दा नेपाल मात्र होइन, बहुमतीय प्रणाली भएको देशहरूमा पनि सर्वस्वीकृत हुन्थ्यो । अगाडिको विधेयकमा जुन स्ट्यान्ड राख्नुभएको त्यही कायम गर्नुभएको हो । विधेयकमा संविधान र कानुनको आधार देखाएर पुनर्विचार गर्न फिर्ता गरिसकेपछि अहिले त्यही कुरा आउँदा संवैधानिक र कानुनी बन्धन पऱ्यो ।

● **चन्द्रकान्त ज्ञवाली**, वरिष्ठ अधिवक्ता



राष्ट्रपतिलाई एकपटकका लागि पुनर्विचार गर्न फिर्ता पठाउने अधिकार छ । अब सरकारले हुबहु पठायो वा सन्देशसहित पुनर्विचार गरेर पठायो भने अबको अवस्थामा राष्ट्रपतिले जस्ताको तस्तै जारी गर्नुपर्छ । अब सरकारले पठाएपछि होल्ड गरेर राख्ने अधिकार संवैधानिक राष्ट्रपतिलाई छैन ।

● **पूर्णमान शाक्य**, संविधानविद्



संविधानको संरक्षक भएकाले राष्ट्रपतिलाई संविधान अनुकूल छैन भन्ने लाग्छ भने प्रधानमन्त्रीलाई पुनर्विचार गर भनेर पठाउन सक्छ । राष्ट्रपतिले यति कुरामा मिलेको छैन भन्न त पाउनुपऱ्यो । के कति कारणले अध्यादेश ल्याएको हो, के कति कारणबाट संविधान अनुकूल छ भनेर प्रधानमन्त्रीले भेटेर भन्नुपर्छ ।

अध्यादेशमा के छ ?

संविधानको धारा २८४ मा संवैधानिक परिषद्सम्बन्धी व्यवस्था छ । प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नियुक्तिको सिफारिस गर्न गठन हुने परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र उपसभामुख रहने व्यवस्था छ ।

सरकारले ल्याएको अध्यादेशमा ६ सदस्यीय संवैधानिक परिषद्मा अध्यक्षसहित चार सदस्य उपस्थित भएमा बैठक बस्न गणपूरक संख्या पुगेको मानिने र अध्यक्षसहित तीन सदस्यले निर्णय गर्न सक्ने व्यवस्था प्रस्ताव छ । अध्यादेशमा भनिएको छ, 'अध्यक्ष र पाँचजना सदस्य उपस्थित भएर बैठक बस्नेछ र सर्वसम्मत निर्णय हुन सक्नेछ । निर्णय हुन नसकेमा अध्यक्षसहित तीनजनाको मतलाई बहुमत पुगेको मानिनेछ ।' अर्थात् एकातिर तीनजना सदस्य र अर्कोतिर अध्यक्ष र तीनजना सदस्यको मत हुँदा अध्यक्षसहित हुने तीन मतलाई बहुमत मान्ने प्रस्ताव अध्यादेशमा छ । यसगैरी, अध्यक्ष र चार सदस्य उपस्थित भएमा अध्यक्षसहित तीनजनाको मतलाई बहुमत मानिनेछ । यसैगरी, अध्यक्ष र तीनजना उपस्थित भएमा अध्यक्ष र दुईजनाको मतलाई बहुमत मानिनेछ ।



अहिले किन आवश्यक थियो अध्यादेश ?

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले संसद् नचलेको अवस्थामा सरकारलाई काम गर्न अप्ठेरो परेकाले संविधानबमोजिम अध्यादेश ल्याएको बताइन् । 'तर, विगतमा धेरै सरकारले अध्यादेशको दुरुपयोग गरेका उदाहरण छन् । जहाँ अध्यादेश ल्याइयो, स्वार्थ पूरा गरियो, अध्यादेश संसद् नल्याई खारेज गरियो । त्यसैले अध्यादेशप्रति अविश्वास र आलोचना हुने गर्छ,' उनले भनिन्, 'तर, यसपटकको सन्दर्भ निकै फरक छ । यो सरकारले काम तीव्र गतिमा गर्न चाहन्छ । केही क्षेत्रमा कानुनको अभाव वा अस्पष्टता भएका कारण काम अगाडि बढाउन कठिन भइरहेको थियो । त्यस्ता कानुनी अवरोध हटाएर तुरुन्त निर्णय गर्न कानुन आवश्यक थियो र हामीले अध्यादेश ल्यायौँ ।'

अहिलेको सरकारसँग संसद्मा लगभग दुईतिहाइ बहुमत रहेको भन्दै मन्त्री गौतमले कुनै कुरा लुकाएर, पर्दापछाडि योजना बनाएर सुटुक्क गरिरहनुपर्ने अवस्था नरहेको स्पष्ट पारिन् । 'संसद्मार्फत कानुन पारित गर्न सक्ने क्षमता यो सरकारसँग पर्याप्त मात्रामा छ । यो सरकार द्रुत गतिमा काम गर्न चाहन्छ । सामान्य प्रक्रियाबाट विधेयक पारित गर्दा हुन्थ्यो, कानुन ल्याउँदा हुन्थ्यो भन्ने कुराहरू पनि हुन सक्छ । तर, त्यसरी सामान्य प्रक्रियाबाट संसद्मा गएर विधेयक पारित गर्न एकदम फास्ट ट्र्याकमा काम गर्दा पनि कम्तीमा तीन-चार महिना लाग्न सक्छ । त्यसकारण सरकारले द्रुत गतिमा प्रभावकारी काम गर्न सरकारले अध्यादेश सिफारिस गरेको हो । राष्ट्रपतिबाट जारी भएका सबै अध्यादेश संसद्मा पेस गर्छौं । यी अध्यादेशहरू कुनै छद्म उद्देश्य पूर्ति गर्नका लागि होइन, राम्रो काम गर्न, छिटो काम गर्नका लागि र सरकारलाई अझ प्रभावकारी रूपमा जनताको मुद्दा समाधान गर्नका लागि ल्याएको हो । सरकारले जे गर्छ, पारदर्शी रूपमा जनताको हितमा काम गर्छ,' मन्त्री गौतमले भनिन् ।

संवैधानिक परिषद्को अंकगणित

६ सदस्यीय संवैधानिक परिषद्मा प्रधानमन्त्री बालेन्द्र शाह अध्यक्ष छन् । सदस्यमा कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल, प्रतिनिधिसभाको सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाको अध्यक्ष नारायण दाहाल, प्रतिनिधिसभाको विपक्षी दलको नेता भीष्मराज आङ्देम्बे र उपसभामुख रुवीकुमारी ठाकुर छन् ।

संवैधानिक निकायमा कहाँ-कहाँ पद रिक्त ?

संवैधानिक आयोगहरूमध्ये राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगमा अध्यक्षसहित तीन, निर्वाचन आयोगमा अध्यक्षसहित दुई, मुस्लिम आयोगमा अध्यक्षसहित दुई, राष्ट्रिय समावेशी आयोगमा अध्यक्षसहित दुई पद, थारू आयोगमा अध्यक्षसहित दुई र मधेशी आयोगमा अध्यक्षसहित दुई पद रिक्त छ । राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महिला आयोगमा एक-एक सदस्य पद खाली छ ।

कमलराज भट्ट / नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ पुनर्विचारका लागि फिर्ता पठाएका छन् । मन्त्रिपरिषद्ले १४ वैशाखमा संवैधानिक परिषद्सहित आठवटा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सातवटा अध्यादेश जारी गरेका राष्ट्रपति पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा असहमति जनाउँदै पुनर्विचारका लागि फिर्ता पठाएका हुन् ।

राष्ट्रपति पौडेलले सहकारी (पहिलो संशोधन) अध्यादेश, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरेका छन् । सातवटा अध्यादेश जारी गरेका राष्ट्रपति पौडेलले संविधानमै नभएको अधिकार प्रयोग गरेर संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनर्विचारका लागि भन्दै फिर्ता गरेका छन् । फिर्ता गर्दा पौडेलले यसअघि फिर्ता गरिएको विधेयक र जारी नभएको अध्यादेशलाई स्मरण गराएका छन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि मिति २०८२ असार २५ मा पेस भएकोमा सन्देशसहित उक्त विधेयक फिर्ता पठाइएको, तत्कालीन मन्त्रिपरिषद्को मिति २०८२ मंसिर ०२ को निर्णयबमोजिम प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएकोसमेत स्मरण गराउँदै संवत् २०८३ वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न पठाउनुभएको छ ।'


राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरले लोकतन्त्र र संसदीय प्रणालीभित्र बहुमतीय निर्णयलाई निरन्तरता दिनुपर्ने देखेर राष्ट्रपतिले एकपटकको निम्ति पुनर्विचार गरिदिन फिर्ता पठाएको बताए । 'संसदीय प्रणाली र लोकतान्त्रिक प्रणालीभित्र बहुमतीय निर्णय सर्वस्वीकार्य मानिएको छ । संवैधानिक परिषद्को ६ जनामध्ये चारजनाले निर्णय गर्दा नेपाल मात्र होइन बहुमतीय प्रणाली भएको देशहरूमा पनि सर्वस्वीकृत हुन्थ्यो । अगाडिको विधेयकमा जुन स्ट्यान्ड राख्नुभएको त्यही कायम गर्नुभएको हो । विधेयकमा संविधान र कानुनको आधार देखाएर पुनर्विचार गर्न फिर्ता गरिसकेपछि अहिले त्यही कुरा आउँदा सम्माननीयज्यूलाई संवैधानिक र कानुनी बन्धन पऱ्यो । परामर्शमा पनि त्यही निस्केको हो । ५० प्लसको बहुमत भएको भए केही फरक पर्दैनथ्यो । संवैधानिक स्पिरिटलाई विधेयक र अध्यादेशले ओभरराइट गरेको भन्ने बुझाइ हो,' उनले भने । अध्यादेश पुनर्विचारका लागि फिर्ता गर्नुअघि राष्ट्रपतिले प्रधानमन्त्री बालेन्द्र शाहसँग परामर्श गरेको कुँवरले बताए । संविधानविद् चन्द्रकान्त ज्ञवालीले संविधानको संरक्षक र पालकका रूपमा राष्ट्रपतिले गम्भीर रूपमा संविधान उल्लंघन हुने देखियो भने एकपटकका लागि अध्यादेश पुनर्विचार गर्न भनेर फिर्ता पठाउन सक्ने बताए ।

संविधानविद् पूर्णमान शाक्यले संविधानमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भनेको उल्लेख गर्दै भने, 'संविधानको संरक्षक भएकाले राष्ट्रपतिलाई संविधान अनुकूल छैन भन्ने लाग्छ भने प्रधानमन्त्रीलाई पुनर्विचार गर भनेर पठाउन सक्छ । राष्ट्रपतिले यति कुरामा मिलेको छैन भन्न त पाउनुपऱ्यो । राष्ट्रपतिलाई कन्भिन्स गर्ने दायित्व प्रधानमन्त्रीको हो । के कति कारणले अध्यादेश ल्याएको हो, के कति कारणबाट संविधान अनुकूल छ भनेर प्रधानमन्त्रीले भेटेर भन्नुपर्छ ।'

यसअघि पनि कार्की सरकारले पठाएको अध्यादेश र ओली सरकारले पठाएको विधेयक भएको थियो फिर्ता

प्रतिनिधिसभा विघटन भएकाले ६ सदस्यीय संवैधानिक परिषद्मा विपक्षी दलको नेता नभएको अवस्थामा अध्यक्ष र दुईजना सदस्य उपस्थित भएमा बैठक बस्न गणपूरक संख्या पुगेको मानिने र सर्वसम्मति नभए अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य अर्थात् अध्यक्षसहित दुईजनाको मतबाट निर्णय गर्ने व्यवस्था थियो । यसैगरी, प्रतिनिधिसभा विघटन भएको अवस्थामा परिषद्ले सिफारिस गरेका पदाधिकारीलाई संसदीय सुनुवाइअघि नै नियुक्त गर्न सकिने र नयाँ प्रतिनिधिसभा गठन भई सुनुवाइ समिति सक्रिय भएको मितिले ४५ दिनभित्र सुनुवाइमा अस्वीकृत भए पदाधिकारी स्वतः पदमुक्त हुने व्यवस्था थियो । जसलाई राष्ट्रपतिले जारी गरेनन् ।





३१ असार ०८२ मा तत्कालीन ओली सरकारले दुवै सदनले पारित गरेर राष्ट्रपतिकहाँ पठाएको विधेयक पनि राष्ट्रपतिले पाँच कारणसहित फिर्ता पठाएका थिए । विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने' उल्लेख थियो । साथै, सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने उल्लेख थियो । जहाँ अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको व्याख्या पनि गरिएको थियो । जसमा परिषदमा अध्यक्ष र पाँचजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा तीनजना सदस्यसहित कम्तीमा चारजना । अध्यक्ष र चारजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना । अध्यक्ष र तीनजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्य सहित कम्तीमा तीनजना । अध्यक्ष र दुईजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एकजना सदस्यसहित कम्तीमा दुईजना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने भनिएको थियो । यो प्रतिनिधिसभा विघटन भएसँगै निष्क्रिय भयो ।

संक्षेप

बुवाको हत्या आरोपमा छोरा पक्राउ

कास्की / कास्कीको रूपा गाउँपालिका- ४, बागेडाँडा बस्ने ६२ वर्षका रामबहादुर घर्तीको हत्या आरोपमा उनका कान्छा छोरा भीमबहादुर पक्राउ परेका छन् । भीमबहादुरलाई पोखरा महानगरपालिका- ११ हस्पिटल चोकबाट पक्राउ गरिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा कास्कीका प्रहरी प्रवक्ता हरिबहादुर बस्नेतले जानकारी दिए । प्रहरीसँगको सोधपुछका क्रममा भीमले आफूले सपनामा कि छोराले बुवालाई मार्नुपर्ने, कि बाबुले छोरालाई मार्नुपर्ने देखेकाले हत्या गरेको बताएका छन् । दुईमध्ये एकजना मर्ने सपना देखेपछि भीमले आफू मर्नुभन्दा बुवालाई मारिदिएपछि आफू बाँचिन्छ भनी घाँटीमा गलबन्दी कसेर हत्या गरेको बताएको प्रहरीले जानकारी दिएको छ । १७ वैशाख साँझ १८:४५ बजेको समयमा रामबहादुरको घाँटीमा गलबन्दीको फन्का बेरिएको, नाकबाट रगत बगेको, अचेत अवस्थामा रहेको भन्ने खबर प्राप्त भएपछि तत्कालै इलाका प्रहरी कार्यालय शिशुवा कास्कीबाट प्रहरी टोली गएको थियो । प्रहरी टोलीले रामबहादुरलाई मृत अवस्थामा फेला पारेपछि पोस्टमार्टमका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा पठाएको थियो । घाँटीमा गलबन्दी बेरिएको, नाकबाट रगतजस्तो तरल पदार्थ बगिरहेको र कोठाको ढोका खुलै रहेको भेटेपछि रामबहादुरको हत्या भएको निष्कर्षमा प्रहरी पुगेको थियो । अनुसन्धानका क्रममा छोरा भीमबहादुरले नै हत्या गरेको हुन सक्ने यकिन गरेपछि प्रहरीले १८ वैशाखमा उनलाई पोखराबाट पक्राउ गरेको बस्नेतले बताए ।

जिल्ला प्रशासन कार्यालयले हुलाकमार्फत राहदानी पठाउने

धनकुटा / जिल्ला प्रशासन कार्यालय धनकुटाले अब घरैमा राहदानी पठाइदिने भएको छ । यसअघि जिल्ला प्रशासन कार्यालय आएर लिनुपर्ने राहदानी हुलाकमार्फत पठाइने भएको हो । जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबिच सहमतिपत्रमा हस्ताक्षर भएसँगै अब सर्वसाधारण नागरिकले घरैमा राहदानी प्राप्त गर्ने भएका छन् । सरकारले सेवाग्राहीको सहजतालाई ध्यान दिँदै घरैमा राहदानी पुऱ्याउने योजना बनाएपछि धनकुटामा यसको कार्यान्वयन गर्न लागिएको हो । सरकारी सेवालाई चुस्तदुरुस्त बनाई सहज, पहुँचयोग्य र छिटोछरितो बनाउने सरकारको लक्ष्यअनुसार घरमै राहदानी पठाउने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले बताए । राहदानी घरैमा प्राप्त गर्न सेवाग्राहीले आवेदन दिने क्रममै थप विवरणसहित अर्को फाराम भर्नुपर्ने हुन्छ । फाराममा सेवाग्राहीको पूर्ण ठेगाना, घर पहिचानका आधार, सम्पर्क नम्बर उल्लेख गर्नुपर्दछ । यो सेवा धनकुटाका सातै पालिकाका ६० वटै वडावासीले प्राप्त गर्नेछन् । घरैमा राहदानी पुऱ्याउने सेवा सुरु भएसँगै सेवाग्राहीले आफ्नो राहदानी लिन जिल्ला प्रशासन कार्यालय पुग्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।

एक महिनामा अपराधसम्बन्धी १५२ वटा उजुरी

वीरगन्ज / पर्सामा चैत महिनामा मात्र विभिन्न अपराधसम्बन्धी १५२ वटा उजुरी दर्ता भएका छन् । जिल्लामा एक महिनामा विभिन्न जघन्य तथा गम्भीर अपराधका ४९ वटा मुद्दा प्रहरीमा दर्ता भएको छ । पर्सा प्रहरीको तथ्यांकअनुसार अपराधसम्बन्धी घटनामा ज्यानसम्बन्धी १५, आत्महत्याका नौ, चोरीका चारवटा उजुरी दर्ता भएका छन् । यस्तै, संगठित तथा आर्थिक अपराधका ५८, सामाजिक अपराधका ४९ वटा उजुरी दर्ता भएको पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताए । उनका अनुसार महिला तथा बालबालिकाका अपराधमा १३, सवारी ज्यानका तीन र अन्य एउटा उजुरी दर्ता भएका छन् । जघन्य तथा गम्भीर अपराधमा कर्तव्य ज्यानका तीन, हातहतियारसम्बन्धी मुद्दा दुई, बैंकिङ कसुर ३६ र जुवातासम्बन्धी एउटा मुद्दा दर्ता भएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए ।

'सुदूरपश्चिम चिनाउने' अभियानमा धनगढी उपमहानगर

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशको आर्थिक तथा व्यापारिक केन्द्रका रूपमा रहेको धनगढी उपमहानगरपालिकाले सुदूरपश्चिम चिनाउने अभियान सुरु गरेको छ । 'सुदूरपश्चिम हामी चिनाउँछौं' अभियान लिएर नगर प्रमुख गोपाल हमाल नेतृत्वको टोली सुदूरपश्चिममा हिमाली पदयात्राको प्रमुख गन्तव्य अपि हिमालको यात्रामा छ ।

सुदूरपश्चिमका पर्यटकीय गन्तव्यको प्रचारप्रसार तथा यहाँका सम्भावनाको उजागर गर्ने उद्देश्यले उपमहानगरले सोमबारदेखि अभियान सुरु गरेको हो । अभियानअन्तर्गत अपि हिमालको प्रचारप्रसार र पर्यटन प्रवर्द्धनका लागि उपमहानगरका जनप्रतिनिधि, पर्यटन व्यवसायी, कर्मचारीलगायत सरोकारवालाको टोली आधार शिविरसम्म पुग्नेछ ।

अभियानअन्तर्गत नै अपिपछि सुदूरपश्चिमको अर्को प्रमुख हिमाली पर्यटकीय गन्तव्य साइपाल हिमालको आधार शिविर रानीसैन जाने पनि उपमहानगरको योजना छ । नगर प्रमुख हमाल समग्र सुदूरपश्चिमलाई चिनाउनका लागि अभियान सुरु गरिएको बताउँछन् । सुदूरपश्चिमलाई चिनाएर यहाँको आर्थिक गतिविधि चलायमान बनाउने अभियानको उद्देश्य रहेको उनले बताए । 'पर्यटकीय क्षेत्र मात्र नभई यहाँको वेशभूषा, संस्कृति र सम्भावनालाई उजागर गर्न खोजेका हौं,' हमालले भने, 'पर्यटकीय गन्तव्य र सम्भावना चिनाइदिए अवसर सिर्जना हुन्छन् कि ।' अभियानमा निजी क्षेत्र, संघसंस्था र आमनागरिकलाई पनि जोडेर लैजाने उपमहानगरको योजना छ । अभियानअन्तर्गत सरोकारवालासहित यहाँका प्रमुख पर्यटकीय गन्तव्यसम्म पुग्ने, त्यहाँको अवस्था उजागर गर्ने उपमहानगरले जनाएको छ । 'सुदूरपश्चिम हामी चिनाउँछौं' अभियानअन्तर्गत उपमहानगरले 'पहिले प्रदेश अनि देश'को नारा अघि



दार्चुलाको अपि हिमाल गाउँपालिका पुगेको धनगढी उपमहानगरको टोली ।

सारेको छ । पहिले आफ्नै प्रदेश घुम्न उत्प्रेरित गर्नका लागि यो नारा अघि सारिएको हमालले बताए । नागरिक समाज, संघसंस्था, पर्यटन व्यवसायी, निजी क्षेत्रलगायत सरोकारवालालाई अभियानमा जोडिने उनको भनाइ छ ।

कैलाली उद्योग वाणिज्य संघको अध्यक्ष हुँदा हमालले ०६४ तिर सुन्दर सुदूरपश्चिम अभियान सञ्चालन गरेका थिए । निजी क्षेत्रबाट थालिएको यो अभियानले सुदूरपश्चिमका पर्यटकीय स्थललाई चिनाउन तथा सम्भावनालाई उजागर गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । त्यो अभियानकै दोस्रो भागका रूपमा अहिले सुदूरपश्चिम हामी चिनाउँछौं अभियान थालिएको हमालले बताए । धनगढी सुदूरपश्चिमको आर्थिक र व्यापारिक केन्द्र मात्र होइन, प्रदेशको अस्थायी राजधानी र यहाँको एक मात्र उपमहानगरपालिका हो ।

एक वर्षमा १५६ वन्यजन्तुको उद्धार

बाँके / डिभिजन वन कार्यालय बाँकेले चालू आर्थिक वर्षमा १५६ वन्यजन्तुको उद्धार गरेको छ । यो संख्या गत आर्थिक वर्षभन्दा धेरै हो । बाँकेका विभिन्न जंगल तथा बस्तीमा समस्यामा परेका वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालय, बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले बताए । आर्थिक वर्ष ०८१/८२ मा विभिन्न प्रजातिका १३८ वन्यजन्तुको उद्धार गरिएको उनले बताए ।

०८०/८१ मा ९९, ०७/८० मा ४२ वन्यजन्तुको उद्धार गरिएको बताउँदै उनले ०७८/७९ मा ३१ र ०७७/७८ मा ३४ तथा ०७६/७७ मा १७ विभिन्न प्रजातिका वन्यजन्तुको उद्धार गरिएको जनाए । तथ्यांकअनुसार हरेक वर्ष उद्धार गरिने वन्यजन्तुको संख्या वृद्धि हुँदै गएको देखिन्छ ।

घाइते, टुहुरा, बाटो बिराएर गाउँबस्तीमा पसेका र संकटमा परेका विभिन्न प्रजातिका वन्यजन्तुको उद्धार गरिँदै आएको सुवेदीको भनाइ छ । 'जिल्लाका विभिन्न स्थानबाट चित्तल, सर्प प्रजातिका गोमन, करेत, पानी सर्प, राजगोमन सर्प, अजिंगर सर्प, सुनगोहोरो, गोही, हुचिल, बँदेल, नीलगाई, कालो बिरालोलगायत वन्यजन्तुको उद्धार गरिएको छ,' उनले भने, 'उद्धार गरिएकामध्ये सबैभन्दा धेरै सर्प प्रजातिका छन् ।'

सुवेदीका अनुसार ६८ गोमन, २६ धामन, १९ करेत, नौ अजिंगर, सात रसेल भाइपर, चार पानीसर्प र एउटा राजगोमन छन् । त्यसैगरी आठ गोही, चारवटा सुनगोहोरो, चित्तल चार, नीलगाई तीन र हुचिल, बँदेल तथा कालो बिरालो एक-एकवटा उद्धार गरिएको उनको भनाइ छ । 'उद्धार गरिएका वन्यजन्तुलाई बाँकेको विभिन्न राष्ट्रिय तथा सामुदायिक वन र केहीलाई बाँके राष्ट्रिय निकुञ्जमा छाडिएको छ,' सुवेदीले भने । घाइते वन्यजन्तुको उपचार गरी जंगलमा छाडिएको उनले बताए । जंगलमा आहाराको कमी, मानिसको चहलपहल, बाटो बिराएर वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्ने गरेको बताउँदै उनले पानी पिउन तालतलैया तथा नहरमा जाँदा फस्ने गरेको बताए ।

जुम्लाको रिपीमा पोल पुग्यो, तर आएन बिजुली

जुम्लामा **मानदत्त रावल**

जुम्ला सदरमुकाम खलंगा बजारमा राष्ट्रिय प्रसारण (ग्रिड) पुगेको एक दशक भयो । तर, जिल्लाका अधिकांश दुर्गम गाउँमा प्रसारण लाइन छैन । तिला गाउँपालिका- ६ स्थित दुर्गम रिपी गाउँमा विद्युत्का पोल पुगेको झन्डै एक वर्ष बितिसक्दा पनि बिजुली बलेको छैन ।

पूर्वाधार पुगेको देखिए पनि विद्युत् सेवा सञ्चालन नहुँदा स्थानीय समस्यामा परेका छन् । बिजुली अभावमा स्थानीय बासिन्दा अहिले पनि झरो र टुकीको भरमा अन्धकारमै जीवन गुजारिरहेका छन् । साँझ परेपछि बाहिर निस्कनै कठिन हुने, बालबालिकालाई पठनपाठन गर्नसमेत समस्या परेको छ । नियमित टुकी र झरो प्रयोग गर्दा धुवाँका कारण स्वास्थ्यमा असर पर्ने समस्या विकराल छ । उज्यालो अभावमा राति अध्ययन गर्न कठिन हुने, मोबाइल तथा अन्य उपकरण चार्ज गर्न टाढा जानुपर्ने बाध्यताले सूचना र सञ्चारबाट पनि टाढा हुनुपरेको छ । स्थानीय सरकार सञ्चालन भएको आठ वर्ष र गाउँमा पोल गाडेको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि अझै रिपीवासी अन्धकारमै रात कटाउन बाध्य भएका छन् ।

बिजुली अभावमा गाउँमा साना उद्योग, कुटानी-पिसानी मिल तथा अन्य आर्थिक गतिविधि सञ्चालन हुन नसक्दा स्थानीयको आयआर्जनमा समेत असर परेको स्थानीय गोरबहादुर रावत

बताउँछन् । 'सडक पुगेको छैन । पोल पुगेको वर्ष दिनभन्दा बढी समय भइसक्दा पनि बिजुली आएन,' उनले भने, 'आधारभूत आवश्यकताभित्र पर्ने बिजुली विस्तार नहुँदा समस्या झेलिरहेका छौं । एक वर्षअघि गाडीएका पोल अधिकांश ढल्ने अवस्थामा छन् । तर, बत्ती बल्ने छाँटकाँट देखिएको छैन ।'

भौगोलिक हिसाबले जिल्लाकै विकट तिला गाउँपालिकाको दुर्गम रिपी गाउँमा सडकको समेत अभाव छ । नियमित गाडी सञ्चालनमा छैनन् । जसकारण स्थानीयवासी दैनिक उपभोग्य सामान बोक्न विवश छन् । तिला गाउँपालिका- ६ का अध्यक्ष जंगबहादुर रोकायाका अनुसार आगामी दसैंसम्म गाउँमा बिजुली बल्ने गरी काम भइरहेको छ । तिलाको रारा शेरीबजार हुँदै पुरुगाउँ, जुम्लाकोट, मानेचौर सुडी रिपी गाउँमा राष्ट्रिय प्रसारण लाइनमार्फत बिजुली बल्ने उनको भनाइ छ ।

सल्यानमा २७ प्रतिशत घरधुरी अन्धकारमै

सल्यान / चालू आर्थिक वर्ष ०८२/८३ को १० महिनासम्म सल्यानमा चार हजारभन्दा बढी घरमा राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् सेवा विस्तार गरिएको छ । नेपाल विद्युत् प्राधिकरण, सल्यान वितरण केन्द्रका प्रमुख नरेशदत्त रावलका अनुसार गत साउनदेखि अहिलेसम्म चार हजारभन्दा बढीको घरधुरीमा विद्युत् सेवा पुऱ्याइएको हो । जिल्लाका करिब ७३ प्रतिशत घरधुरीमा विद्युत्को पहुँच पुगेको छ भने तीमध्ये ६४ प्रतिशत उपभोक्ताले मिटर जडान गरिसकेको उनले बताए । जिल्लामा विद्युतीकरणको काम तीव्र गतिमा अघि बढे पनि अझै करिब २७ प्रतिशत घरधुरी विद्युत् सेवाबाट वञ्चित छन् । बाँकी क्षेत्रमा लाइन विस्तारको काम जारी रहेको वितरण केन्द्रले जनाएको छ ।

सल्यानमा विद्युत् आपूर्तिका लागि दाङको तुल्सीपुरबाट आउने ३३ केभी राष्ट्रिय प्रसारण लाइन प्रयोग हुँदै आएको छ भने वनगाड कुपिन्डे नगरपालिकाको सल्लीबजार क्षेत्रमा सुर्खेत वितरण केन्द्रमार्फत सेवा उपलब्ध हुँदै आएको छ । जिल्लामा हाल शीतलपाटी र थारमारेमा दुईवटा सबस्टेसन सञ्चालनमा छन् । जिल्लामा वार्षिक रूपमा करिब पौने नौ करोड रुपैयाँबराबरको विद्युत् खपत हुने गरेको छ । गत आर्थिक वर्ष ०८१/८२ मा एक करोड आठ लाख ४३ हजार ९६६ युनिट विद्युत् बिक्रीबाट आठ करोड ७५ लाख ३५ हजार ५३८ रुपैयाँ आम्दानी भएको वितरण केन्द्रले जनाएको छ ।

सोमबार २१ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

परीक्षा प्रणालीका असान्दर्भिक पक्षहरू

वर्तमान परीक्षा प्रणालीलाई निरन्तर मूल्यांकनमा परिणत गरी शिक्षालाई पूर्णतः राज्यको दायित्व र सेवामूलक क्षेत्रका रूपमा स्थापित गरिनुपर्छ



● किरण कोइराला

अग्रलेख

शिक्षा राष्ट्रनिर्माणको मेरुदण्ड भए पनि वर्तमान शिक्षा प्रणाली साक्षरता र प्रमाणपत्रका लागि अंकको प्रतिस्पर्धामा मात्र सीमित हुन पुगेको छ। बजारको आवश्यकताअनुसार शैक्षिक जनशक्ति उत्पादन गर्न नसक्दा सामाजिक रूपबाट वर्तमान शिक्षा प्रणाली टाढिँदै छ। दिगो विकासको लक्ष ४ अन्तर्गत गुणस्तरीय र जीवनपर्यन्त सिकाइको अवसर सिकारुलाई प्राप्त हुँदैन। यसले गर्दा परीक्षामा सफल नहुने विद्यार्थीले आफूलाई जीवनमै असफल ठान्छन्। राष्ट्र, समाज, परिवार र स्वयं व्यक्तिका लागि समेत यो ठुलो मानवीय क्षति हो। राज्यका शैक्षिक नीतिले भावनात्मक सम्बन्ध बुझ्नुपर्ने हो, तर प्रशासनिक जडता, नीतिगत कठोरता र शासकीय अहमूले देशमा जुनसुकै तन्त्र आए पनि जनता र शासकको शैक्षिक दूरी घटाउन सकेन।

विद्यालायहरू शैक्षिक प्रयोगशालामा परिणत नहुँदा विज्ञान, प्रविधि, गणित, भाषाजस्ता विषयलाई समेत व्यावहारिक विज्ञानमा परिणत गर्न सकिएको छैन। विद्यार्थी मूल्यांकनमा परीक्षा प्रणालीलाई महत्त्व दिइएको छ। पुस्तकीय ज्ञानलाई अंकमा परिणत गरी मापन गरिँदा तहगत सक्षमताका आधारमा विद्यार्थीको मूल्य निर्धारण हुने देखिँदैन। आधारभूत, माध्यमिक तथा उच्च तह पार गरेका विद्यार्थीको ज्ञान, सिप, क्षमता, मूल्य र प्रवृत्तिजस्ता पाठ्यक्रमका सक्षमता हासिल भएर जीवनमा सफलता सुनिश्चित हुने शैक्षिक तथा सामाजिक वातावरण बन्न सक्ने देखिँदैन। वर्तमान विद्यालय तहको पाठ्यक्रमले सिपविहीन जनशक्ति उत्पादन गरेर शैक्षिक बेरोजगार बढाइरहेको छ भने आन्तरिकभन्दा बाह्य परीक्षालाई महत्त्व दिइँदा शैक्षिक क्षति झनै जटिल बनिरहेको छ। लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार विषयगत रूपमा आन्तरिकतर्फ 'सी' र सैद्धान्तिकतर्फ 'डी' ग्रेड प्राप्त गर्न नसक्ने विद्यार्थीका लागि मूल प्रमाणपत्र उपलब्ध नगराइने व्यवस्थाले विद्यालयमा कोचिङ र ट्युसनको सुगारटाइ चलिरहेको छ। वृहत् र अव्यावहारिक परम्परागत पाठ्यक्रम तथा मूल्यांकन प्रणालीका कारण विद्यालयदेखि उच्च तहसम्मका परीक्षा प्रणाली कमजोर छन्। पुस्तकीय ज्ञानको परीक्षणमा केन्द्रित रहँदा विद्यार्थीको रचनात्मक र व्यावहारिक पक्षको मूल्यांकन भएको छैन। विद्यार्थीको संज्ञानात्मक पक्षको मात्र मापन गरियो। शिक्षक र विद्यार्थी पाठ्यपुस्तक केन्द्रित हुँदा शैक्षिक कार्यशैली फरक भएन। फरक त परीक्षामा सफल र असफल हुने विद्यार्थीमा मात्र देखियो। असफल हुनेका लागि शैक्षिक आकाश नै खस्ने र सफल हुनेमा पनि सिकाइ सक्षमताका आधारमा सिपगतअन्तर खासै देखिएन। यस्ता अव्यावहारिक पाठ्यक्रम र सैद्धान्तिक परीक्षाका कारण शिक्षक तथा विद्यार्थी अध्ययन र अनुसन्धानात्मक वातावरणबाट क्रमशः टाढिँदै जाँदा राज्यले शैक्षिक क्षति व्यहोर्नुपरिरहेको छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्टअनुसार ०७३ मा कक्षा १ मा भर्ना भएका १० लाख ५३ हजार ८ सय २४ विद्यार्थीमध्ये ०८२ चैतमा भएको एसइईमा राष्ट्रिय परीक्षा बोर्डका अनुसार ५ लाख १२ हजार ४ सय २१ विद्यार्थी सहभागी भए। भर्ना भएकामध्ये ५१.३७ प्रतिशत विद्यार्थी परीक्षामा अनुपस्थित देखिए। त्यस्तै, ०७१ मा कक्षा १ मा भर्ना भएका ११ लाख ७१ हजार ९ सय १६ मध्ये ०८३ वैशाख १४ गते सञ्चालित कक्षा १२ को एसएलसी परीक्षामा नियमिततर्फ ३ लाख ३२ हजार १ सय ७८ र आंशिकतर्फ ८५ हजार ८ सय ३० गरी जम्मा ४ लाख १८ हजार ८ जना परीक्षार्थीको मात्र परीक्षामा सहभागिता देखिन्छ। कक्षा १ मा भर्ना भएकामध्ये करिब ७१.६६ प्रतिशत विद्यार्थी कक्षा १२ को नियमित परीक्षासम्म पुग्न सकेनन्। २८.३४ प्रतिशत विद्यार्थी मात्र नियमित परीक्षामा सहभागी भए पनि त्यसको ५० देखि ६० प्रतिशत विद्यार्थी मात्र सफल हुन्छन्। उल्लिखित एसइई र एसएलसी परीक्षाको तथ्यांकअनुसार नेपालको विद्यालय शिक्षा प्रणालीको दयनीय अवस्थाको चित्रण गर्छ। तैपनि, विद्यार्थीलाई परीक्षामा विद्यालय साटासाट हुनुपर्ने अवस्थाले दुर्गम क्षेत्रका विद्यार्थी र उसका अभिभावकले अनावश्यक दुःख र खर्च व्यहोर्नुपरेको छ भने दुर्घटनाका समाचार पनि प्रशस्तै सुनिएका छन्।

राष्ट्रिय पाठ्यक्रम प्रारूप ०७६ ले विद्यालय शिक्षाको पाठ्यक्रममा देशभरि एकरुपता कायम गरेको छ। कक्षा १० सम्म अनिवार्य गरिएका गणित तथा विज्ञानलगायत केही विषय कक्षा ११ र १२ मा ऐच्छिक पढ्न पाउने व्यवस्था गरिएको छ। कक्षा १० सम्मका विद्यार्थी ती विषयमा ननग्रेड प्राप्त गर्दा माथिल्लो कक्षामा भर्ना पाउँदैनन् र कक्षा ११ र १२ मा पुगेपछि ती विषय ऐच्छिक हुनुले वर्तमान परीक्षा प्रणालीमा विद्यार्थी फेल गरेर मानसिक तनाव दिनुको अर्थ के होला ?

क्रेडिट आवर र परीक्षा प्रणालीको असान्दर्भिकता : राष्ट्रिय पाठ्यक्रम प्रारूप, ०७६ ले शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्डसँग जोड्न र विद्यार्थीको सिक्ने समयलाई महत्त्व दिन क्रेडिट आवरको व्यवस्था गरिएको छ। वर्तमान परीक्षा प्रणालीले अझै पनि अन्तिम परीक्षामा तीन घण्टामा लेखेको उत्तरलाई मात्र महत्त्व दिन्छ। २५ प्रतिशत आन्तरिक मूल्यांकन (प्रयोगात्मक)लाई क्रेडिट आवरसँग जोड्न खोजिए पनि अधिकांश विद्यालयमा यसलाई सित्तैमा दिइने अंकका रूपमा लिइन्छ। कुनै विद्यार्थीले वर्षभरि कक्षामा क्रेडिट आवर पूरा गऱ्यो, तर अन्तिम परीक्षामा ३५ प्रतिशत ल्याउन सकेन भने उसको त्यो क्रेडिटको कुनै मूल्य रहँदैन। उल्टै ननग्रेड भनेर असफल भएको प्रमाणित गरिन्छ। अन्तर्राष्ट्रिय अभ्यासमा विद्यार्थीले एउटा विषयमा क्रेडिट पूरा गरेपछि अर्को विषय वा विद्यालय जाँदा त्यो क्रेडिट जोडिन्छ। त्यसैले, कुनै विषयमा ननग्रेडिङ आउँदैमा



अगाडिको पढाइबाट वञ्चित गराइनु हुँदैन। यसलाई वास्तविक बनाउन विद्यार्थीले प्राप्त गर्ने ननग्रेडलाई हटाएर 'क्रेडिट अपूर्ण' भन्नुपर्छ। यस्तो कार्यले विद्यार्थीलाई असफल भएको हीनताबोध गराउँदैन। बरु मैले यो विषयमा अझै समय बिताउनुपर्नेछ भन्ने सन्देश दिन्छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले शिक्षालाई सीप र श्रमसँग जोड्न क्रेडिट बैंकिङको अवधारणाअनुसार औपचारिक शिक्षा बिचमै छाडेका वा प्राविधिक शिक्षा लिएकाहरूले आफ्नो क्रेडिटका आधारमा पुनः शिक्षामा प्रवेश पाउने बाटो खोलेको भए पनि वर्तमान परीक्षा प्रणालीका प्रक्रियागत अवस्थाले सहज हुने देखिँदैन।

पाठ्यक्रम तथा मूल्यांकनबिचको असान्दर्भिकता : राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले सक्षमतामा आधारित पाठ्यक्रमलाई सैद्धान्तिक रूपमा कार्यान्वयन गरेको छ। ज्ञान, सिप, प्रवृत्ति तथा मूल्य-मान्यताको सम्मिश्रण गरी सिकाइलाई आफ्नो दैनिक जीवनका समस्या समाधानमा प्रयोग गर्न सक्ने क्षमता विद्यार्थीमा हुनुपर्छ। कक्षागत सिकाइ उपलब्धि तथा तहगत सक्षमता, एकीकृत पाठ्यक्रमका व्यवहारकुशल सिप, २१औँ शताब्दीका जीवनोपयोगी सिप प्राप्त गर्न सक्षमतामा आधारित पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्यांकनको साधनलाई महत्त्व दिन्छ। तर, वर्तमान परीक्षा प्रणालीमा मूल्यांकनभन्दा मापनको अंकन प्रक्रियामार्फत सफल र असफलको घोषणा गरिरहन्छ भने सक्षमतामा आधारित पाठ्यक्रमको व्यावहारिक उपयोग कसरी भयो ?

नेपालको वर्तमान पाठ्यक्रम तथा मूल्यांकन प्रणाली परम्परागत ढाँचा र संरचनामा आधारित छ। वर्तमान परीक्षा प्रक्रिया संरचनात्मक र प्राविधिक रूपमा आधुनिक देखिए पनि मूल दर्शन र प्रवृत्तिमा यो १९९० कै तीनघण्टे लिखित परीक्षाको परिमार्जित रूपको निरन्तरता मात्र हो। विद्यार्थीले वर्षभरि के सिक्योभन्दा पनि त्यो तीन घण्टामा के लेख्यो भन्नेले नै उसको भविष्यको मापन गरेर निर्णय गर्छ। जबसम्म सिपमूलक व्यावहारिक पाठ्यक्रमको निरन्तर मूल्यांकनबाट विद्यार्थीको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गर्न सकिन्न तबसम्म पाठ्यक्रम र मूल्यांकनबिचको सान्दर्भिकता देखिँदैन।

> अव्यावहारिक परम्परागत पाठ्यक्रम तथा मूल्यांकन प्रणालीका कारण विद्यालयदेखि उच्च तहसम्मका परीक्षा प्रणाली कमजोर छन्। पुस्तकीय ज्ञानको परीक्षणमा केन्द्रित रहँदा विद्यार्थीको रचनात्मक र व्यावहारिक पक्षको मूल्यांकन भएको छैन।

प्रयोगात्मक र सैद्धान्तिक परीक्षाको असान्दर्भिकता : लेटर ग्रेडिङ निर्देशिका ०७८ ले विद्यालय तहको मूल्यांकन प्रणालीमा सैद्धान्तिक र प्रयोगात्मक पक्षको प्राप्तांकलाई छुट्टाछुट्टै गणना गर्ने व्यवस्था गरेको छ। कक्षा १ देखि ७ सम्मको उदार कक्षानीतिका कारण विद्यार्थीले सैद्धान्तिक परीक्षामा शून्य ल्याए पनि प्रयोगात्मक अंक थपेर पास हुने परिपाटी बस्यो। यसले गर्दा कक्षा १० पास गरेका विद्यार्थीमा न्यूनतम साक्षरता र विषयगत ज्ञानसमेत नभएको पाइयो। त्यसैले, न्यूनतम सक्षमता सुनिश्चित गर्न प्रयोगात्मक र सैद्धान्तिक परीक्षामा छुट्टाछुट्टै अंक ल्याउनुपर्ने नियम कडा पारिएको हो भन्ने सैद्धान्तिक तर्क सरकारको देखिन्छ। विद्यालय शिक्षालाई गुणस्तरीय र जीवनपर्यन्त सिकाइ बनाउन परीक्षाबाहेकको विकल्प नखोजिनु व्यावहारिक समाधान होइन भन्ने शिक्षाविद्हरूको व्यावहारिक बुझाइ छ। किनभने विद्यार्थीले प्रयोगात्मक परीक्षामा शतप्रतिशत सिप देखाउँछ, तर सैद्धान्तिक परीक्षामा स्वास्थ्य समस्या वा अन्य कारणले ३५ प्रतिशत अंक ल्याउन सकेन भने उसलाई अनुत्तीर्ण गराउनु न्यायोचित देखिँदैन। यसले विद्यार्थीको सर्वांगीण क्षमताको वृहत् पक्षलाई भन्दा संज्ञानात्मक पक्षको सीमित तहलाई मात्र बढी प्राथमिकता दिएको देखिन्छ। त्यसैले सैद्धान्तिक र प्रयोगात्मकलाई जोडेर न्यूनतम अंक तोकिनुपर्छ।

निष्कर्ष : जनताले तिरेको कर र राजस्वभन्दा चालू खर्च बढ्ता हुँदा पनि जनताले सेवा लिन घण्टौँ लाइनमा बस्नुपर्ने शासनलाई नै सुशासन भनिरहँदा शैक्षिक प्रणालीको मूल्यांकन भएन। शिक्षा सैद्धान्तिक र अव्यावहारिक हुँदा गरिखानेभन्दा गराई खाने हाकिमी प्रवृत्ति भएका आलोचनात्मक गुण सम्पन्न शिक्षित नागरिक तयार भइरहँदा पनि शिक्षालाई वस्तुका रूपमा किनबेच गर्न छोडिएन। पारिवारिक स्वास्थ्य, शिक्षा कमजोर हुँदा 'जंक फुड'हरू स्वादिष्ट भएर स्थानीय परिकारलाई विस्थापित गरिरहँदा पनि सामुदायिक स्वास्थ्य शिक्षाले महत्त्व पाएन। सामुदायिक स्वास्थ्य शिक्षा कमजोर हुँदा अस्वस्थ खानाले बाल्यकालदेखि नै दीर्घरोगी बनेर जीवनका महत्त्वपूर्ण खुसी लुटिइरहँदा शिक्षा सामाजिक रूपान्तरणको साधनसम्म बन्न सकेन। नेपालको संविधान २०७२ को धारा ५१(ज)मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको नीति भए पनि वर्तमान पाठ्यक्रम तथा परीक्षा प्रणालीबाट विज्ञान, प्रविधि तथा वैज्ञानिक आविष्कारका लागि सहज हुने देखिँदैन। विद्यार्थीले परीक्षाका लागि मानसिक तनाव र अनावश्यक दुःख पाइरहँदा जीवनपर्यन्त सिकाइका माध्यमबाट सफलताका लागि पूर्ण आत्मविश्वासको न्यूनतम अपेक्षासमेत प्राप्त हुन सहज भएन। अधिकारमा आधारित शैक्षिक न्यायको कारण प्रतिस्पर्धात्मक शिक्षाको धरातल कमजोर देखिन्छ। त्यसैले धारा ३१ मा शिक्षाको मौलिक हकमा अनिवार्य र निःशुल्क विद्यालय शिक्षा अधिकारका लागि उल्लेख गरियो, तर सामाजिक न्यायका लागि गुणस्तरीय शिक्षालाई जोडिएन।

शिक्षा जीवन जिउने कला र समाज रूपान्तरणको माध्यम भएकाले नेपालको शैक्षिक प्रणालीलाई नवप्रवर्तन र उद्यमशीलताको केन्द्रमा रूपान्तरण गरिनुपर्छ। वृहत् पाठ्यक्रम र जटिल परीक्षा प्रणालीलाई साधन बनाएर विद्यार्थीको मानसिक व्यापारका लागि शिक्षालाई वस्तुका रूपमा व्यापार गरिनुहुँदैन। अधिकारमा आधारित शिक्षा कार्यान्वयनका क्रममा हुने लुछाचुँडीले मात्र सामुदायिक र निजी विद्यालयबिचको खाडल बढ्दै गएको हो। परीक्षाको डर देखाएर कोचिङ र ट्युसन भन्दै विद्यार्थीको मानसिक बाध्यताको किनबेचमा संस्थागत र सामुदायिक विद्यालयको कार्यशैली फरक छैन। विद्यार्थीको भावनात्मक सामाजिक सिकाइका लागि वर्तमान पाठ्यक्रम र परीक्षा प्रणालीमा आमूल परिवर्तन भएर निरन्तर मूल्यांकन प्रणालीलाई कार्यान्वयन गरिनुपर्छ। वर्षभरिको सिकाइलाई तीन घण्टाको परीक्षामार्फत मापन गरिनु विद्यार्थीको वास्तविक मूल्यांकन होइन। यो त शैक्षिक क्षतिको सीमाविहीनता मात्र हो। त्यसैले वर्तमान परीक्षा प्रणालीलाई निरन्तर मूल्यांकनमा परिणत गरी शिक्षालाई पूर्णतः राज्यको दायित्व र सेवामूलक क्षेत्रका रूपमा स्थापित गरिनुपर्छ।

(कोइराला नेपाल शिक्षक महासंघ, गोलन्जोर गापा समिति, सिन्धुलीका अध्यक्ष हुन्)
koiralakiran123@gmail.com

---

३ प्रश्न

नेपाल प्रहरीका महानिरीक्षक **दानबहादुर कार्की**लाई



सार्वजनिक जग्गामा बनेका संरचना हटाउने कार्यमा प्रहरी परिचालन कसरी भइरहेको छ ?

नदी-किनारका बस्तीहरू जोखिमपूर्ण छन्। जोखिमपूर्ण बस्तीमा बर्खामा बाढी आउने र मानवीय तथा भौतिक क्षति हुने भय हुन्छ नै। विगतका वर्षमा पनि थुप्रैपटक डुबान र क्षति भएका तथ्यांक छन्। त्यसैले, अब यो क्षति र समस्या रोक्नुपर्छ भनेर सरकार लागिपऱ्यो। त्यसमा प्रहरीले आफ्नो दायित्वअनुसारको भूमिका निर्वाह गरिरहेको छ। सुरुमा हामीले सुकुमवासी बस्ती र त्यहाँ बस्ने मानिसलाई उपयोग गरिरहेका व्यक्तिहरूलाई पहिल्यै नियन्त्रणमा ल्यायौँ। वस्तीमा व्यापक माइकिङ गरी वृहत्तर प्रहरी परिचालन गरियो। नागरिकका आफ्ना सम्पत्ति तथा चिजवस्तु सार्न सहजीकरण र सहयोग गरियो। प्रहरीले दबाब र बल प्रयोगभन्दा साथ, सहयोगलाई प्राथमिकता दियो। प्रहरीले बस्तीबाट विस्थापित नागरिकलाई सहज ठाउँमा सार्न समन्वय गऱ्यो र अझै गरिरहेको छ।

बस्ती हटाउँदा प्रहरीले सुरक्षाबाहेक नागरिकलाई के-कस्तो सहयोग गरिरहेको छ ?

मुख्यतः प्रहरीले सुरक्षाका विषयमा ख्याल गर्नुपर्ने थियो। बस्ती हटाउने कुरामा त्यहाँ बस्नुभएका नागरिकले सरकारलाई सहयोग गर्नुभयो। उहाँहरू प्रतिवादभन्दा पनि सरकारको अभियानलाई एक हिसाबले सहयोग गर्नीतिरै लाग्नुभयो। आफूहरू असुरक्षित स्थानमा छौँ भन्ने महसुस पनि गर्नुभयो। प्रहरीले त्यहाँबाट अन्य सुरक्षित स्थानमा जान सहयोग गर्ने, सामान बोकिदिने, सवारीसाधनको सहयोग गर्ने, बस्नका लागि होटेल खोजिदिनेलगायत सहयोग गऱ्यो।

बस्तीबाट हटाइएकाहरूलाई अब कसरी सुरक्षित वासको व्यवस्था गर्न सकिएला ?

मुख्य चिन्ता, चासो र सहयोगको क्षेत्र भनेकै उहाँहरूको स्थायी र सहज वास हो। अब राज्यले उहाँहरूको स्थायी बसोवासको व्यवस्था मिलाउनुपर्छ। यसमा सरकारले दिएको भूमिका प्रहरीले निर्वाह गर्नेछ। अब छिट्टै उहाँहरूलाई कहाँ र कसरी राख्ने भन्ने खाका बन्छ होला। हामीले मुख्यतः सुरक्षा व्यवस्था हेरिरहेका छौँ। अहिले नियमित रूपमा अवैध संरचना हटाउने कार्य भइरहेकाले गण, रिजर्भ युनिट र नजिकका प्रहरीलाई सुरक्षामा परिचालन गरिरहेका छौँ।

प्रेरक प्रसंग

दुःखी भ्यागुतो

एउटा भ्यागुतो एक पोखरीको छेवैबाट जाँदै थियो। उसले अर्को भ्यागुतोको दुःखी आवाज सुन्यो। ऊ रोकिएर आवाजतिर फर्कियो। त्यहाँ एउटा भ्यागुतो बडो दुःखी देखिन्थ्यो। पहिलो भ्यागुतोले दोस्रो भ्यागुतोलाई सोध्यो- के भयो, दुःखी देखिन्छौ नि मित्र ?

दोस्रो भ्यागुतोले जवाफ दियो- देख्दैनौ, यो पोखरी कति फोहोर छ। यहाँ बाँच्न निकै कठिन छ। पहिला यहाँ कति धेरै किरा, फट्यांग्रा पाइन्थे। अहिले केही खानेकुरै पाइँदैन। भोकै मर्ने अवस्था आइसक्यो। पहिलो भ्यागुतोले भन्यो- चिन्ता नगर मित्र ! म नजिकैको पोखरीमा बस्छु। त्यो सफा पनि छ र त्यहाँ धेरै किरा, फट्यांग्रा पनि पाइन्छन्। आऊ, तिमी पनि त्यतै हिँड।

के गर्नु, यहीँ धेरै किरा, फट्यांग्रा पाइने भए मलाई कतै चल्नु पनि पर्ने थिएन। दोस्रो भ्यागुताले दुःखी हुँदै भन्यो। पहिलोले सम्झाउँदै भन्यो- तिमी उता गयौ भने पेटभरि किरा खान पाउनेछौ। दोस्रोले दुःखी हुँदै भन्यो- मेरो जिब्रो तिम्रो पोखरीसम्म पुग्ने भइदिएको भए यहीँ बसीबसी किरा समातेर खान सक्थेँ नि ! पहिलोले सम्झाउँदै भन्यो- तिम्रो जिब्रो त्यति लामो हुन सक्दैन भन्ने तिमीलाई पनि थाहा छ। यस्तोमा बेकारको कुरा सोचेर समय खेर नफाल। खुरुक्क हिँड।

दुवै कुराकानी गर्दै थिए। त्यहाँ एउटा ठुलो बकुल्लो पोखरीको किनारमा आएर बस्यो। दोस्रो भ्यागुतोले लगभग रुँदै भन्यो- हे भगवान्, यति ठुलो विपत्तिसँगै फेरि अर्को विपत्ति आइलाग्यो। यो बकुल्लो पक्कै पनि मलाई नै खान आएको हो। अब मेरो मृत्यु निश्चित छ। पहिलोले आफ्नो पोखरीतिर दौडिँदै भन्यो- हरेस नखाऊ मित्र मेरो साथ हिँड। दोस्रो भ्यागुतोले पहिलोलाई जाँदै गरेको हेरिरहेको थियो, त्यति नै वेला बकुल्लोले आफ्नो चुच्चोले उसलाई च्याप्प समात्यो। बकुल्लाको आहारा बन्दाबन्दै उसले मनमनै सोचिरहेको थियो- बाँकी भ्यागुता कति भाग्यमानी छन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

युवालाई कृषिसँग जोड

देशका युवा ऊर्जालाई आफ्नै देशमा पाखुरी चलाउने अवसर दिन सरकारले उचित रोजगारी सिर्जना गर्नु जरुरी छ। बेरोजगारलाई काम दिए देशका होनहार युवाले काम पनि गर्न सक्ने थिए, पढाइ पनि सँगसँगै अघि बढाउन सक्ने थिए र सरकारको ढुकुटी पनि बलियो बनाउन योगदान पनि गर्ने थिए। स्वदेशकै बाँझो खेतबारीमा नयाँ प्रविधि उपयोग गरी खेतीपातीसित युवा जनशक्तिलाई जोड्न सके देश र जनतालाई आवश्यक पर्ने कृषि उत्पादनको राम्रो व्यवस्था हुन सक्छ। कृषिमा हुने उन्नतिले नै देश र जनताको आर्थिक उन्नति हुनेछ। त्यसैले, सानैदेखि कृषिका साथै अन्य प्राविधिक सिप पनि सिकाएर युवालाई दक्ष जनशक्तिमा रूपान्तरण गर्नु आवश्यक छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikh lcomwizard@gn ail.com

संयमसाथ छानबिन गर

अवैध सम्पत्ति थुपार्नेमाथि छानबिन गर्न गठित आयोगले अब पूर्वराजा, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीदेखि बिचौलियासम्मको सम्पत्ति छानबिन गर्ने समाचार पढियो। यो समाचार साँच्चिकै सकारात्मक छ। तर, छानबिनका नाममा आयोगले कसैमाथि पनि पूर्वाग्रह नराखोस्। उसले संमयसाथ छानबिन कार्य पूरा गरी यथार्थ प्रतिवेदन तयार गरोस्। आगामी दिनमा प्रतिवेदनअनुसार मुद्दा चलाई दोषीमाथि कारबाही गर्ने कार्यविधि तयार गरियोस्।

● **वन्दना सिवाकोटी,** धोबीघाट, ललितपुर

छानबिन छिटो गरियोस्

पछिल्ला दिनहरूमा राजधानी उपत्यकाभित्रका नदीकिनारमा बसोवास गरिरहेका अव्यवस्थित बसोबासी अर्थात् सुकुमवासी बस्ती धमाधम डोजर लगाएर भत्काइरहेको छ। विगतका सरकारहरूले वर्षौँदेखि प्रयास गरेजस्तो मात्र गर्ने, तर समाधान भने नगर्ने नीति लिएको देखिन्थ्यो। त्यसैले पनि यसको समाधानमा यस्तै कठोर रणनीति नअपनाई सम्भव हुने थिएन। तर, अब वास्तविक सुकुमवासी पहिचानका लागि छिटोभन्दा छिटो छानबिन गरिनु जरुरी छ।

● **भूमिका राई,** सातदोबाटो, ललितपुर

कानुन केका लागि ?

देश जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा भइसकेको अवस्थामा पनि चुलो छोएको निहुँमा निर्घात कुटपिट हुनु, अन्तरजातीय विवाह गरेकै कारण मारिनु वा मर्न बाध्य बनाउनु, मन्दिर प्रवेश गरेकै कारण गाउँनिकाला गरिनुजस्ता अत्यन्तै निकृष्ट अमानवीय घटना हाम्रो देशका गाउँ समाजमा शृंखलाबद्ध ढंगले बढ्दै गएका छन्। सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका- ३, जुम्ली डाँडाका २३ वर्षीय श्रीकृष्ण विकले खोटाङकी एक किशोरीसँग अन्तरजातीय प्रेमविवाह गरेका थिए। किशोरी पक्षले विवाहसम्बन्ध छुटाउन विकविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गरायो। अनुसन्धानका क्रममा इलाका प्रहरी कार्यालय खुर्कोटको हिरासतमा रहेका विकले झुन्डिएर आत्महत्या गरे। सोही घटनाको निष्पक्ष र स्वतन्त्र छानबिन गर्न बनेको छानबिन समितिको प्रतिवेदन आउन नपाउँदै रोल्पाको गंगादेव गाउँपालिका फुलवासका १० वर्षीय बालक खगेन्द्र विकलाई सोही ठाउँ बस्ने भीमबहादुर खत्रीले घरभित्र प्रवेश गरेको निहुँमा निर्घात कुटपिट गरी सख्त घाइते बनाएको खबर सार्वजनिक भयो। इतिहासमा दलित कहिल्यै शासक भएनन्। सधैँ शासित मात्र रहे। हरेक शासन व्यवस्थाले दलितलाई उपयोग मात्रै गऱ्यो, उपकार गरेन। कहिलेसम्म दलितले यस्तो पासविक यातना र नारकीय जीवन जिउनुपर्ने हो सरकार ?

● **गम्भीरजंग आचार्य**, सुनकोशी गाउँपालिका- ५, सिन्धुली

आफ्नै राजनीतिको मूल्य चुकाउँदै केजरिवाल

जब कुनै राजनीतिक दल एक मानिसको महत्त्वाकांक्षामा आधारित हुन्छ र उसकै वरिपरि घुम्छ, त्यो लामो समय टिक्न कठिन हुन्छ



देश / विदेश

● वीर संघवी

भारतीय राजनीतिमा बलियो प्रतिपक्षको खाँचो छ। यस्तोमा जब कुनै विपक्षी दल पतनको संघारमा हुन्छ, क्षति देशको लोकतन्त्रलाई नै पुग्छ। आजको भारतीय राजनीति पूर्णतः पैसाको राजनीतिक खेलमा बदलिएको छ। विपक्षीमाथि झुटा अभियोगमा आधारित मुद्दा, वित्तीय जाँच एजेन्सी इडीको निरन्तरको छापा र पार्टीहरूलाई टुक्र्याउने खेलले गर्दा विपक्षी शक्ति कमजोर बनेको छ। सत्तारुढ दलका यी रणनीति जब सफल हुन्छन्, भारतीय लोकतन्त्र थप कमजोर बन्दै जान्छ। त्यसैले, भर्खरै सत्तारुढ दलले शक्ति प्रयोग गरेर आम आद्मी पार्टी (आप) फुटाइदिएको घटनाले हरेक लोकतान्त्रिक पक्षधर दुःखी हुनु स्वाभाविक हो।

कंग्रेस कमजोर पार्ने कडी : आपमाथि जे भयो, त्यो आश्चर्यजनक होइन। आपको निर्माण र निर्माणपछिका यसका रेकर्डलाई ध्यान दिँदा सबै सामान्य लाग्छ।

अहिले धेरैले आपको राजनीति कसरी सुरु भयो भनेर बिर्सए होलान्। तर, यसलाई बुझ्न धेरै पछाडि पनि जानुपर्दैन। यसको जरा सन् २०११ मा उठेको 'इन्डिया एगेन्स्ट करप्सन (भ्रष्टाचारविरुद्ध भारत)'नामको आन्दोलनसँग जोडिएको छ। अन्ना हजारेको नेतृत्वमा भएको सो आन्दोलनमा आप नेता अरबिन्द केजरिवाल र उनका अन्य धेरै सहयोगी सहभागी थिए। त्यति वेला भ्रष्टाचारविरोधी अभियान चलाउन नियोजित कदम चालिएका थिए।

जस्तो, भ्रष्टाचारविरोधी आन्दोलनको प्रेरक बनेको महालेखापरीक्षण कार्यालय (कम्प्ट्रोलर एन्ड अडिटर जनरल' अर्थात् सिएजी)कै प्रसंगलाई लिऊँ। कार्यालयले पत्रकार सम्मेलन गर्दै आफूहरूले भ्रष्टाचारका कैयौँ प्रमाण फेला पारेको घोषणा गऱ्यो। अहिले त्यतिवेला सिएजीको अधिकांश भनाइ आधारहीन रहेको खुलेको छ। जसरी सिएजी कार्यालयले पत्रकार सम्मेलन गर्नु असामान्य थियो, त्यसैगरी त्यतिवेला कथित भ्रष्टाचार गणना गर्न प्रयोग गरिएका विधि पनि असामान्य थिए। 'अनुमानित क्षति'जस्ता अनौठा अवधारणा प्रस्तुत गरियो। र, मिडियाले आफ्नो सामान्य परम्पराअनुरूप सिएजीको गणनामाथि प्रश्न उठाएनन्। न त कार्यालयले यस्तो तथ्य सार्वजनिक गरेर किन सेलिब्रेटी बन्न खोज्यो भन्ने प्रश्न नै सोधियो ? 'सिएजी'ले लगाएका आरोपको फाइदा तत्कालीन प्रमुख विपक्षी दल भारतीय जनता पार्टी (भाजपा)ले उठाउने प्रयास गरेको भए मानिसले शंका गर्ने थिए। त्यसैले, त्यतिवेला भ्रष्टाचारविरोधी अभियानमा सक्रिय हजारे र केजरिवालजस्ता गैरराजनीतिक व्यक्तित्व अघि सारिए। तिनको नेतृत्वका कारण आममानिसमा बलियो विश्वसनीयता देखियो। मिडियाले पनि आन्दोलनका नेतृत्व राजनीतिज्ञ नभएर क्रुद्ध आमनागरिक भएको दोहोऱ्याइरहे। आन्दोलनमा सरिक प्रमुख नेताले त्यतिवेला आफूहरूले राजनीतिमा प्रवेश गर्न नचाहेको बताएका थिए।

'इन्डिया अगेन्स्ट करप्सन' मूलतः दिल्लीकेन्द्रित आन्दोलन रहयो, दिल्लीबाहिरका कुनै पनि शसहमा यसले ठुलो भिड आकर्षित गर्न सकेन। र, यसको महत्त्व नोएडा-आधारित टिभी च्यानलले बढाइचढाइ गरेका कारण सार्वजनिक धारणा प्रभावशाली बन्न पुग्यो। तर, वास्तविकतामा 'इन्डिया अगेन्स्ट करप्सन' कहिल्यै हजारेको आन्दोलन थिएन। यो त सुरुदेखि नै केजरिवालको 'सो' थियो। पछि केजरिवालले एकएक गरी आफ्ना सहयोगीलाई किनारा लगाए, जसमा अन्ना हजारेसमेत परे। त्यसपछि प्रमुख व्यक्तित्व किरण बेदी, योगेन्द्र यादव, प्रशान्त भूषण, कुमार विश्वास, साजिया इल्मी आदि पालैपालो पाखा लगाइए। यीमध्ये केही मानिस पछि भाजपा समर्थक बने।

त्यतिवेलासम्म तीन कुरा भइसकेका थिए। पहिलो, भ्रष्टाचारविरोधी आन्दोलनवरपरको प्रचारले मनमोहन सिंह सरकारलाई कमजोर बनायो। दोस्रो, यसले नरेन्द्र मोदीको उदयको बाटो खोल्यो। र, तेस्रो आन्दोलनको उद्देश्य खासमा केजरिवालको नेतृत्वमा एउटा राजनीतिक दल गठन गर्नु थियो।

कर्मको परिणाम : यस पृष्ठभूमिलाई हेरेर भारतीयले आपबाट धेरै आशा गर्नु ठिक थियो त ? तत्कालीन दिल्लीकी मुख्यमन्त्री शिला दीक्षित र अन्य कंग्रेस नेताबारे आपले बोलेका झुटलाई ध्यानमा राख्दा र आपमा एकपछि अर्का शीर्ष नेतृत्व बाहिरिँदा आपले केजरिवालको उन्नतिबाहेक अरू केही गर्छ भन्ने अपेक्षा गर्नु ठिक थियो ? सायद थिएन। तर, दिल्लीमा सरकार बनाएपछि आपले जनताले आशा गरेभन्दा राम्रो प्रदर्शन गऱ्यो। यसले दिल्लीको गरिब क्षेत्रमा उल्लेखनीय काम गऱ्यो भने राज्यको शिक्षा र जनस्वास्थ्यमा ठुलो सुधार ल्यायो।

तर, यो लामो समय समयसम्म टिक्नेवाला थिएन। किनकि, जब कुनै पार्टी केवल एक मानिसको महत्त्वाकांक्षामा आधारित हुन्छ र उसकै वरिपरि घुम्छ, यसले छोटो समयका लागि सफलता त हासिल गर्न सक्छ, तर दलको अन्तर्निहित खोक्रोपनले यसलाई राष्ट्रिय रूपमा बलियो बन्नबाट रोक्ने निश्चित थियो।


भारतीय अहिले आफैँलाई एउटा प्रश्न सोध्नुपर्छ। निश्चित रूपमा मोदी सरकारले केजरिवाललाई जे गरिरहेको छ, त्यो गलत हो। तर, केजरिवाल र उनको भ्रष्टाचारविरोधी आन्दोलनले कंग्रेस नेतृत्वको युपिए गठबन्धन कमजोर नबनाएको भए केन्द्रमा नरेन्द्र मोदीको उदय र सरकार बन्न सम्भव हुन्थ्यो ? यसैले कर्मको फल एक दिन सबैले भोग्नैपर्छ।

(संघवी भारतका छापा तथा टेलिभिजन पत्रकार हुन्)

द प्रिन्टबाट

एआईको युगमा 'मे दिवस'को अर्थ

ठुला कर्पोरेट कम्पनीले एआईमा अर्बौं डलर खर्च गर्दा श्रमिक अधिकारका लागि विश्वभर भइरहेका लडाइँबारे पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ



आजभोलि श्रमिकहरूको अधिकार आर्टिफिसिल इन्टिलिजेन्स (एआई)बाट दबाबमा छ किनकि एआईले उनीहरूको काम गर्ने अधिकारलाई नै जोखिममा पारेको छ

हरेक वर्ष मे १ को दिन विश्वका अधिकांश भागले 'अन्तर्राष्ट्रिय श्रमिक दिवस' वा छोटोमा मे दिवस मनाउँछ। यस दिनमा कामदारहरूको अधिकार र श्रम आन्दोलनको इतिहासलाई सम्झना र सम्मान गरिन्छ। धेरै देशहरूमा सार्वजनिक बिदा दिइने यस दिवस परम्परागत रूपमा संयुक्त राज्य अमेरिकामा भने खासै महत्व दिइएन। उसो त अमेरिका अन्तर्राष्ट्रिय श्रम ऐक्यबद्धता वा श्रमिक अधिकार मुद्दामा ठुलो भूमिकामा देखिँदैन। त्यसैले अमेरिका र यसको उत्तर छिमेकी क्यानडाले भने सेप्टेम्बरमा अलग श्रम दिवस मनाउँछ। तर, मे दिवसको उत्पत्तिको इतिहास हेर्ने हो भने त्यसको जरा अमेरिकामै जोडिन्छ। सन् १८८६ को मे महिनाको पहिलो दिन दिनमा आठ घण्टाभन्दा बढी काम गराउन नपाउने माग राख्दै ठुलो हडताल सुरु भएको थियो, जुन प्रहरी दमनका कारण हिंसात्मक बन्न पुग्यो।



● बेलेन फर्नान्डेज

(आधा दर्जन पुस्तककी लेखिका फर्नान्डेजका लेख कैयौं अन्तर्राष्ट्रिय मिडियामा छापिएका छन्।)

आजकल, श्रमिकहरूको अधिकार एक नयाँ क्षेत्र अर्थात् आर्टिफिसिल इन्टिलिजेन्स(एआई)बाट दबाबमा छ। यसले श्रमिकहरूको काम गर्ने अधिकारलाई नै खतरामा पारेको छ। जस्तो, यही वर्षको सुरुमै अमेजनले (जुन अमेरिकामा वालमार्टपछि दोस्रो ठुलो रोजगारदाता हो) एकैपटक १६,००० कर्मचारी हटाउने निर्णय गऱ्यो। यस कटौतीको पछाडि मुख्यतः सो कम्पनीमा एआईको भूमिका बढ्नु बताइएको छ। यसअघि अक्टोबर २०२५ मा, द न्यु योर्क टाइम्समा प्रकाशित समाचारअनुसार अमेजनले 'आफ्ना पाँच लाखभन्दा बढी श्रमिकलाई रोबोटमार्फत प्रतिस्थापन गर्ने' योजना बनाएको छ।

अमेरिका हाल एआई विकासमा विश्वमै अग्रस्थानमा छ। अमेरिकाको कठोर पुँजीवादसँगको विशेष सम्बन्ध र यहाँ पहिलेदेखि श्रमिकले मेसिनजस्तै प्रदर्शन गर्नुपर्छ अन्यथा कामबाट निकालिन तयार हुनुपर्छ भन्ने विचार रहेको कुरालाई ध्यानमा राख्दा यो त्यति अनौंठो विकासक्रम होइन। यस्तोमा अहिले कामदारलाई बढी उत्पादन दिने मेसिन आएपछि श्रमिकलाई मेसिनबाट प्रतिस्थापन गर्नुभन्दा अर्को तार्किक कदम के हुन सक्छ ? विश्वको अग्रणी एआई तथा प्रविधि हब सान फ्रान्सिस्कोको हालैको यात्रामा जताततै होडिङबोर्ड र अन्यत्र एआईको प्रचार मात्र देखिन्थ्यो। ती दृश्य हेर्दा कुनै 'डिस्टोपिक' चलचित्रभित्र रहेको महसुस भइरहेको थियो।

म दक्षिण अमेरिकाबाट अमेरिकातर्फको बसाइँसराइको प्रमुख विन्दु 'डेरियन ग्याप'मा भेटेको एकजना युवा कोलम्बियाली मानिसलाई भेट्न सहरमा गएको थिएँ। उनी 'अमेरिकन ड्रिम'को खोजीमा वा कम्तीमा पर्याप्त बाँच्न पुग्ने पैसाको खोजीमा उत्तरतर्फ लागेका थिए। अहिले उनी सान फ्रान्सिस्को खाडी क्षेत्रमा घरवार निर्माण क्षेत्रमा काम गर्छन्। मैले सोचेको थिएँ, निर्माण क्षेत्रचाहिँ कम्तीमा एआईको असरबाट अहिलेका लागि मुक्त छ। तर, इन्टरनेटले म गलत रहेको जानकारी दियो। सहरमा घुम्दा एआईबाहेक अरू कुनै कुराको प्रचार गरिएका बिलबोर्ड देख्न नै गाह्रो थियो।

सान फ्रान्सिस्कोस्थित एआई एजेन्सी 'आर्टिसन'को नाममा राखिएका स्थानीय विज्ञापन अभियानले यसको स्पष्ट कठोर प्रकृतिका कारण धेरैको ध्यान तानेको छ। उसको पोस्टरका नाराले भन्छ- 'अब मानिसहरूलाई काममा भर्ना गर्न बन्द गर्नुस्।' 'एआई कर्मचारीहरूको युग आइसक्यो' र 'हाम्रा एआई कर्मचारीले काम र जीवनको सन्तुलनबारेमा गुनासो गर्दैनन्।' २४ वर्षीय आर्टिसनका सिइओ जास्पर कार्मिकल-ज्याकले यी प्रचार अभियानलाई जानाजान गरिएको 'उत्तेजक' प्रचार अभियान भन्दै बचाउ गरे। साथै, उनले आफ्नो फर्मको उद्देश्य आफ्ना नाराले संकेत गरेजस्तो अमानवीय नभएको सुझाव दिए। 'हामी मानिसहरूले गर्न नचाहने खालका कामलाई प्रतिस्थापन गर्न जाँदै छौं, ताकि मानिसहरूले बचेको समय रमाइलो गरेर बिताउन सकून्,' कार्मिकल-ज्याकले भने।

कार्मिकल-ज्याकले यी कुरा भनिरहँदा वास्तविकता ख्याल गर्न बिर्सिएजस्तो लाग्यो। किनकि वास्तविक संसारमा धेरै मानिसका लागि, जागिर खासमा आय गर्ने, दैनिक आवश्यकता पूरा गर्ने र अस्तित्वको आधारभूत आवश्यकता पूरा गर्ने माध्यम हो। अर्को शब्दमा भन्दा एआईका कारण आफ्नो जागिर गुमाउने औसत अमेजन कामदारले अब बचेको समय स्वेच्छाले 'आनन्द'मा बिताउँछन् भन्ने कुरा सम्भव छैन।

> अमेजन, स्टार-बक्स र ट्रेडर जोजस्ता कम्पनीले आफ्ना संस्थाभित्र रहेका ट्रेड युनियन कमजोर बनाउन अप्रिय कदम चालेका छन्। यी संस्थाले युनियन समर्थक कामदारलाई बर्खास्त गर्नेदेखि सुविधा रोक्ने धम्की दिनेजस्ता रणनीति अपनाए। कार्यस्थलमा अधिकार नमाग्ने 'एआई श्रमिक'को उपस्थितिले अब मजदुर हरसमय जोखिममा रहनेछन्।

वालमार्टमा 'सेलिङ वुमन सर्ट : द ल्यान्डमार्क ब्याटल फर वर्कर्स राइट्स' पुस्तककी लेखिका लिजा फेदरस्टोनले मलाई भनेकी थिइन्, 'अर्बपति वर्गले कामदारविनाको संसार चाहन्छन् वा कम्तीमा एउटा यस्तो संसार चाहन्छन्, जहाँ कामदारहरूले सकेसम्म असहाय र अनिश्चित महसुस गरून्। उनीहरू मानव श्रमिकको मानवजस्तो व्यवहार गरियोस् भन्ने मागलाई सम्बोधन गर्नु साटो एआई अवलम्बन गर्न चाहन्छन्!' उसो त रोजगारीको अनिश्चितता पहिलेदेखि नै एक आन्तरिक घटक हो। किनकि आफ्नो जागिर गुमाउने डरमा बाँच्ने कामदारहरूले आफ्नो अधिकारका लागि बोल्ने सम्भावना कम हुन्छ।

अमेजन, स्टार-बक्स र 'ट्रेडर जो'जस्ता कम्पनीले आफ्ना सस्थाभित्र रहेका ट्रेड युनियन कमजोर बनाउन गरेको हालैको घिनलाग्दो इतिहास हेर्नुहोस्। यी संस्थाले युनियन समर्थक कामदारलाई बर्खास्त गर्ने र युनियनको पक्षमा उभिने कर्मचारीको स्वास्थ्य सुविधा रोक्ने धम्की दिनेजस्ता स्पष्ट रूपमा गैरकानुनी र गुप्त रणनीति अपनाए। कमजोर ट्रेड युनियन र कार्यस्थलमा अधिकार नमाग्ने 'एआई श्रमिक'को उपस्थितिले अब मजदुर हरसमय डरमा हुनुपर्नेछ। अन्तिममा एआई पृथ्वीका बासिन्दालाई डिजिटल रूपमा रूपान्तरण गर्ने लामो कर्पोरेट प्रयासको प्रतिफल मात्र होइन। यो त खासमा यो श्रमिक उत्पीडनको लामो कर्पोरेट अभ्यासको परिणति पनि हो।

बुझ्नलाई एआईका समस्याबारे बुझ्न मैले 'एआईका समस्या'बारे गुगल सर्च गरेँ। मैले पाएको उत्तरअनुसार एआईका समस्यामा 'तत्काल प्राविधिक विफलता र यसको अवलम्बनमा कायम नैतिक अन्योल' छन्। दीर्घकालीन रूपमा सामाजिक र सुरक्षा जोखिम उल्लेख थियो। सन् २०२६ को सुरुवातमा तोकेर भन्दा एआईका मुख्य समस्या 'गलत जानकारी दिने, पहिलेदेखि समाजमा कायम पूर्वाग्रहलाई निरन्तरता दिने र पर्याप्त वातावरणीय तथा डेटा सुरक्षा जोखिम निम्त्याउने प्रवृत्ति' समावेश थियो।

अवश्य पनि, यीमध्ये कुनै पनि समस्याले कर्पोरेट 'प्लुटोक्र्याट'लाई एआईमा लगानी बढाइरहन रोकेको छैन। अप्रिल २९ मा, द न्युयोर्क टाइम्सको एक समाचारले खुलासा गरेअनुसार 'सन् २०२६ को पहिलो तीन महिनामा गुगल, अमेजन, मेटा र माइक्रोसफ्टले मात्र कुल १३०.६५ अर्ब पुँजीगत खर्चमध्ये ठूलो खर्च एआईमा लगानी गरेका छन्, जसको ठुलो हिस्सा एआईलाई ऊर्जा दिने डेटा सेन्टरमा केन्द्रित थियो।'

यसैबिच, निजी कम्पनीका केही शीर्ष अधिकृतले एआईको लागत मानव श्रमिकहरूको भन्दा धेरै बढी रहेको बताएका छन्। तर, यस्ता कुरालाई महत्त्व दिनलायक छैन। आफ्नोतर्फबाट, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पूर्ण रूपमा एआई विकासको पक्षमा लागेका छन्। ह्वाइटहाउसबाट मार्चमा जारी गरिएको एक प्रेस विज्ञप्तिमा ट्रम्प प्रशासनले 'मानव समृद्धि, आर्थिक प्रतिस्पर्धात्मकता र अमेरिकी जनताको राष्ट्रिय सुरक्षाको नयाँ युगको सुरुवात गर्न एआई होड जित्नुपर्ने' भनेर घोषणा गरिएको छ। तर, जब संसारमा मानव नै रहने सम्भावना कम छ, त्यहाँ मानव समृद्धिको अर्थ के हुन्छ र ? यस्तोमा मे दिवसलाई एआईका लागि कम स्थान दिने दिशामा अगाडि बढ्नुपर्छ।

अलजजिराबाट

इतिहासमा आज

मे ४



सन् १९०४ : अमेरिकाले पानामा नहरको परित्यक्त निर्माण कार्यलाई अघि बढायो। सन् १८८१ मा फ्रान्सेली इन्जिनियरले एटलान्टिक र प्यासिफिक महासागरलाई जोड्ने नहर खन्न सुरु गरेका थिए। तर, विभिन्न दुर्घटना र रोगका कारण करिब २२ हजार मजदुरको मृत्युपछि उनीहरूले यो परियोजना बिचमै परित्याग गरेका थिए।

सन् १९५३ : अर्नेस्ट हेमिङवेको पुस्तक 'द वर्ल्ड म्यान एन्ड द सी'लाई पुलित्जर पुरस्कार प्रदान। पछि यो पुस्तकले नोबेल पुरस्कार पनि प्राप्त गऱ्यो।

सन् १९५६ : अमेरिकाले इनविटेक भन्ने स्थानमा वायुमण्डलमा आणविक परीक्षण गऱ्यो।

सन् १९७० : भियतनाम युद्धको विरोधमा आयोजित एक प्रदर्शनका क्रममा अमेरिकाको केन्ट राज्यमा सुरक्षाकर्मीको गोली लागेर चार विद्यार्थीको मृत्यु। ओहियोका नेसनल गार्डले केन्ट स्टेट युनिभर्सिटीमा प्रदर्शनरत निहत्था विद्यार्थीमाथि गोली चलाउँदा विद्यार्थी मारिएका थिए। यसले भियतनाम युद्धविरुद्धको धारणालाई थप चर्काउने काम गऱ्यो।

सन् १९७९ : मार्गरेट थ्याचर बेलायतको प्रधानमन्त्री हुने पहिलो महिला बनिन्।

युद्धका कारण द्वन्द्वग्रस्त क्षेत्रमा खाद्यान्न पठाउन ढिलाइ



न्युयोर्क/ इरान युद्धका कारण युद्धग्रस्त अन्य देशमा खाद्यान्न पठाउनमा ढिलाइ भएको राष्ट्रसंघले जनाएको छ। युद्धका कारण विश्वको सबैभन्दा ठुलो विस्थापन संकट भएको सुडानमा सहायता पठाउने लागत दोब्बरभन्दा बढी भएको संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सी (युएनएचआरसी)ले शुक्रबार जनाएको छ। हर्मुजको जलमार्गसहित प्रमुख खाडी ढुवानी मार्गवरिपरि बढेको असुरक्षा, बन्दरगाहमा भिडभाड, बढ्दो इन्धनको मूल्य र उच्च बिमा प्रिमियमले विशेष गरी अफ्रिकामा सहायता वितरणमा बाधा पुऱ्याएको एजेन्सीले जनाएको छ। दुबईबाट हर्मुजको जलमार्ग हुँदै पहिले जाने सहायताका जहाजहरूलाई केप अफ गुड होपवरिपरि युरोपबाट आउने जहाजहरूले प्रतिस्थापन गर्दिँदै छ, जसले गर्दा डेलिभरी समय २५ दिनसम्म थपिएको छ, युएनएचसिआरका प्रवक्ता कार्लोटा वुल्फले जेनेभामा पत्रकारहरूलाई बताइन्।

'अत्यन्तै आवश्यकतामा परेका मानिसहरूले आवश्यकभन्दा ढिलो गरी तयार भएका सामान प्राप्त गरिरहेका छन्,' उनले भनिन्। दुबईबाट सुडान र छिमेकी चाडमा राहत सामग्रीहरूको ढुवानी सार्नका लागि यातायात लागत दोब्बरभन्दा बढी भएको छ। शरणार्थी निकायका अनुसार ढुवानी लागत नौ लाख २७ हजारबाट बढेर १० लाख ८७ हजार डलर पुगेको छ। संयुक्त राष्ट्र संघले नियमित रूपमा सुडानमा युद्धको कारणले गर्दा भएको मानवीय संकटलाई विश्वको सबैभन्दा ठुलो मानवीय संकटको रूपमा उल्लेख गर्दै आएको छ। दुबई हबले युएनएचसिआरको राहत सामग्रीहरूको सबैभन्दा ठुलो विश्वव्यापी भण्डार गर्दछ। यो विश्वभरका सात भण्डारमध्ये एक हो, जसमध्ये अन्य कोपनहेगन, नैरोबी, डुआला, अक्रा, पानामा सिटी र टर्मेजमा छन्। 'स्थलमार्गमा बढ्दो निर्भरताले ट्रकको अभाव र उच्च यातायात लागतलाई पनि बढाइरहेको छ,' उनले थपिन्। केन्याको नैरोबीमा इन्धनको मूल्य लगभग १५ प्रतिशतले बढेको छ, जसले गर्दा ढिलाइ भएको छ र इथियोपिया, प्रजातान्त्रिक गणतन्त्र कंगो र दक्षिण सुडानमा ढुवानीका लागि ट्रकहरूको उपलब्धता घटेको छ। युएनएचसिआरले बढ्दो इन्धन मूल्य र मलको अभावले खाद्यान्नको मूल्य बढाइरहेको र खाँचोमा परेका मानिसहरूको जीवन लागत बढाएको जनाएको छ।

आङ सान सुकीलाई नजरबन्दमा राखिँदै

यांगुन/ थुनामा रहेकी म्यानमारकी पूर्वनेतृ आङ सान सुकीलाई नजरबन्दमा सारिएको त्यहाँको सत्तारूढ सेनाले जनाएको छ। ८० वर्षीया नोबेल पुरस्कार विजेता सुकीलाई २०२१ मा सैन्य विद्रोहमा पदमुक्त गरेदेखि नै राजधानीने पि ताबको सैन्य जेलमा राखिएको थियो। विद्रोहको नेतृत्व गर्ने सैन्य नेता मिन आङ ह्लाइङको एक विज्ञप्तिमा उल्लेख गरिएअनुसार उनले 'आफ्नो बाँकी सजाय तोकिएको निवासमा बिताउनेछिन्।' म्यानमारका तत्कालीन शासकहरूले लोकतान्त्रिक सुधार लागू गरेपछि सन् २०१५ मा आङ सान सुकीको सत्तारोहण भएको थियो। त्यसअघि, उनले लोकतन्त्र समर्थक कार्यकर्ताको रूपमा दशकौं समय सैन्य शासन बिताइन् र पहिले १५ वर्षभन्दा बढी समयसम्म घरमै नजरबन्दमा राखिएकी थिइन्।



राज्य सञ्चालित सञ्चारमाध्यमले उनी दुईजना पोसाकधारी कर्मचारीसँग बसेको तस्बिर प्रसारण गरेका छन्। तर, उनका छोरा किम एरिसले भने सरकारको घोषणाप्रति शंका व्यक्त गरेका छन्। उनी जीवित छिन् भन्ने प्रमाण आफूसँग नभएको उनले बताएका छन्। उक्त तस्बिर सन् २०२२ मा भएकाले त्यसको अर्थ नभएको उनले बताए। 'मलाई आशा छ सेनाको पछिल्लो भनाइ सत्य हो। मैले अझै पनि उनलाई नजरबन्दमा देखाउने कुनै वास्तविक प्रमाण देखेको छैन,' सुकीका छोरा एरिसको भनाइ उद्धृत गर्दै बिबिसीले लेखेको छ, 'त्यसैले, जबसम्म उनीसँग सम्पर्क गर्न अनुमति दिइँदैन वा कसैले स्वतन्त्र रूपमा उनको अवस्था र उनको ठेगाना प्रमाणित गर्न सक्दैन, तबसम्म म केही पनि विश्वास गर्दिनँ।'

सुकीको स्वास्थ्य वा जीवनयापनको अवस्थाका बारेमा केही थाहा नभएको एरिसले डिसेम्बरमा बताएका थिए। उनको कानुनी टोलीले रोयटर्सलाई बताएअनुसार उनलाई घरमै नजरबन्द गरिएको बारेमा कुनै प्रत्यक्ष सूचना दिइएको थिएन। पाँच वर्षभन्दा बढी समयअघि सशस्त्र सेनाले उनको निर्वाचित सरकारलाई अपदस्थ गरेको दिन आङ सान सुकीलाई पक्राउ गरिएदेखि उनीबारे जानकारी नभएको बताइन्छ। उनका वकिलले उनलाई तीन वर्षभन्दा बढी समयदेखि देखेका छैनन् भने उनको परिवारले दुई वर्षभन्दा बढी समयदेखि उनीसँग कुनै सम्पर्क राखेको छैन।

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ। साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्योहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ।

तपसिल

ऋणी/ऋणीहरूको विवरण	धितोको विवरण
शाखा कार्यालय: ईनरुवा शाखा, सुनसरी	
१. इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय वडा नं. ६, इटहरी सुनसरीमा दर्ता नं. ०६-०८-०३६८ कायम भई मिति २०७७/०८/०८ मा दर्ता भएको **अग्रसेन मोवाइल शप (ऋणी)** **व्यवसायी तथा व्यक्तिगत जमानी दिने: गुलाबी देवी अग्रवाल** **व्यक्तिगत जमानी दिने: बिरेन्द्र कुमार अग्रवाल र माला अग्रवाल**	नानिग राय अग्रवालको नाति द्वारिका प्रसाद अग्रवालको छोरा सुनसरी जिल्ला पकली गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित इटहरी उप.म.न.पा. वडा नं. १७) बस्ने **बिरेन्द्र कुमार अग्रवालको** नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला पकली गा.वि.स. वडा नं. ३ख (हाल परिवर्तित इटहरी उप.म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. १८३ को क्षेत्रफल ०-०-३.५ र कित्ता नं. १८५ को क्षेत्रफल ०-०-१.५ (विघा) जग्गा समेत।
२. नानिग राय अग्रवालको बुहारी ओमकारमल अग्रवालको छोरी द्वारिका प्रसाद अग्रवालको पत्नी सुनसरी जिल्ला पकली गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित इटहरी उप.म.न.पा. वडा नं. १७) बस्ने **गुलाबी देवी अग्रवाल (ऋणी)** **व्यक्तिगत जमानी दिने: बिरेन्द्र कुमार अग्रवाल** **यसअघि प्रकाशित सूचना:** मिति २०८१।०२।२३ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सर्वजनिक सूचना। मिति २०८१।०४।२५ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८१।०६।३० को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८२।१२।१९ को अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	
शाखा कार्यालय: कलैया शाखा, बारा	
१. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. १७४०३१/०७४/०७५ कायम भई मिति २०७४/०५/१२ मा दर्ता भएको **सि.वि. इन्टरप्राइजेज प्रा.लि (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: हिरालाल साह सोनार** **व्यक्तिगत जमानी दिने: जीवन्ती देवी सोनारीन, कर्ण साह सोनार, ममता सर्राफ, धनीलाल साह सोनार, सरिता कुमारी सर्राफ, मनिलाल साह सोनार र गायत्री कुमारी**	१. **ऋणी मनिलाल साह सोनारको** नाममा दर्ता कायम रहेको : क) पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा. वडा नं. २ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. २) स्थित कित्ता नं. ११४ को क्षेत्रफल १६६.५० वर्ग मिटर घर/जग्गा समेत। ख) बारा जिल्ला बघवन गा.वि.स. वडा नं. २ (हाल परिवर्तित कलैया उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं.२३९८ को क्षेत्रफल ०-०-३-१० (विघा) जग्गा समेत।
२. चुम्मा साह सोनारको नाति कर्ण साह सोनारको छोरा बारा जिल्ला कलैया न.पा. वडा नं. ६ बस्ने **मनिलाल साह सोनार (ऋणी)** **व्यक्तिगत जमानी दिने: धनीलाल साह सोनार, सरिता कुमारी सर्राफ, जीवन्ती देवी सोनारीन, कर्ण साह सोनार, गायत्री कुमारी, ममता सर्राफ र हिरालाल साह सोनार** **यसअघि प्रकाशित सूचना:** मिति २०८१।०३।२६ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना। मिति २०८१।०५।२१ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८१।०६।३० को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना। मिति २०८२।०९।२८ को कारोबार राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना।	ख) बारा जिल्ला बघवन गा.वि.स. वडा नं. २ (हाल परिवर्तित कलैया उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं.२३९८ को क्षेत्रफल ०-०-३-१० (विघा) जग्गा समेत। २. कर्ण साह सोनारको बुहारी राम असरे साह सोनारको छोरी मनिलाल साह सोनारको पत्नी रौतहट जिल्ला दिपही गा.वि.स. वडा नं. ४ बस्ने **गायत्री कुमारीको** नाममा दर्ता कायम रहको बारा जिल्ला बघबन गा.वि.स. वडा नं. २ (हाल परिवर्तित कलैया उप म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. २४०४ को क्षेत्रफल ०-०-४-१३, कित्ता नं. २६२४ को क्षेत्रफल ०-०-७-०, कित्ता नं. २५३६ को क्षेत्रफल ०-०-१-६ र कित्ता नं. २४९२ को क्षेत्रफल ०-०-७-८ (विघा) जग्गा समेत।

बोलपत्रका शर्तहरू :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ।

२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०१/२८ कार्यालय समय सम्म	२०८३/०१/३१ अपरान्ह २:०० बजे	यस बैंकको कुनै पनि शाखा, कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २१ वैशाख ०८३

आगामी बजेट तयारीमा सातै प्रदेश

१ असारमा आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट ल्याउन ७ वटै प्रदेश सक्रिय भएका छन्। ५ वटा प्रदेशले चालू आव ०८२/८३ को तुलनामा कम आकारको बजेट ल्याउने गृहकार्य गरेका छन् भने कर्णाली प्रदेशले चालू आवको तुलनामा १ प्रतिशत बढी हुने गरी बजेटको सिलिङ निर्धारण गरेको छ। गण्डकीमा भने भर्खरै अर्थमन्त्री नियुक्ति भएकाले बल्ल बजेटको सुरसार भएको छ।

विराटनगरमा **गणेश लम्साल**, जनकपुरमा **हरिश खुद्दार**, मकवानपुरमा **पोष्टराज अधिकारी**, कास्कीमा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु पौडेल** र धनगढीमा **तेजराज भट्ट**

सातै प्रदेश आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणमा जुटेका छन्। कोशीमा चालू आवकै हाराहारीमा बजेट ल्याउने गृहकार्य अघि बढेको छ। यो वर्ष ३५ अर्ब ८७ करोड ९९ लाखको बजेट कार्यान्वयन भइरहेको छ।

कोशीको आर्थिक मामिला मन्त्रालयका प्रवक्ता सुशील बाँस्तोलाका अनुसार आर्थिकमन्त्री विदुरकुमार लिंगथेपको अध्यक्षतामा बसेको स्रोत अनुमान तथा खर्च सीमा निर्धारण समितिले आगामी वर्षको बजेटका लागि सबै मन्त्रालयलाई बजेटको आकारअनुसारको योजना पठाउन परिपत्र गरिसकेको छ।

मधेश प्रदेशको अर्थ मन्त्रालयले बजेट निर्माणका लागि स्रोत अनुमान समितिको पहिलो चरणको बैठकसमेत गरिसकेको छ। अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले वित्तीय आयोगको सिफारिसमा संघीय सरकारले प्रदेश सरकारलाई पठाएको सिलिङ, प्रदेशको अनुमानित आन्तरिक आय र चालू आर्थिक वर्षमा खर्च हुन नसक्ने बजेटलाई अधार बनाएर बजेटको तयारी थालिएको बताए। उनले स्रोत अनुमान समितिको दोस्रो बैठक बसेर प्रदेश सरकारमातहत रहेका मन्त्रालयलाई सिलिङ पठाउने बताए। बागमती प्रदेशले आगामी बजेटको आकार घटाउने भएको छ। विकास खर्चलाई नतिजामुखी बनाउने रणनीति तयार पारेको प्रदेशले विगतदेखि आलोचित टुक्रे योजना पूर्ण रूपमा बन्द गर्ने र क्रमागत योजनामा कडाइ गर्ने नीति अघि सारेको हो।

भर्खरै आर्थिक मामिलामन्त्रीमा नियुक्त भएकाले गण्डकी प्रदेशमा बजेट निर्माण प्रक्रिया सुरु भएको छैन। तर, चाँडै तयारी थाल्ने आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले जानकारी दिए। उनी गत २ वैशाखमा मन्त्री नियुक्त भएका थिए। लुम्बिनी प्रदेशले चालू आवको आकार ३८ अर्ब ९१ करोड रुपैयाँभन्दा पाँच अर्ब रुपैयाँ घटेर बजेट ल्याउने गृहकार्य अघि बढाएको छ। आन्तरिक राजस्व लक्ष्यअनुसार संकलन गर्न नसकेकाले आगामी आवमा बजेट घटाउन लागिएको हो। कर्णाली प्रदेशले चालू आवमा कार्यान्वयन भइरहेको ३१ अर्ब ९९ करोड रुपैयाँभन्दा एक प्रतिशत बढाएर बजेट ल्याउने भएको छ। वैशाख २५ वा २५ देखि अर्थ मन्त्रालयले अन्य मन्त्रालयसँग संयुक्त बैठक राखेर बजेट छलफल थाल्ने कार्यसूची रहेको उनले बताए। राजस्व परामर्श समितिले पनि आफ्नो काम गरिरहेको उनल बताए।

सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगले चालू आव ०८२/८३ को तुलनामा करिब दुई अर्ब रुपैयाँ घटाएर आगामी आवको बजेटको 'सिलिङ' प्रदेश सरकारलाई पठाएको छ। आयोगले २२ अर्ब ६३ करोड रुपैयाँको सिलिङ आर्थिक मामिला मन्त्रालयलाई दिएको हो। यसमध्ये चालूतर्फ ११ अर्ब २१ करोड १६ लाख र पुँजीगततर्फ ११ अर्ब ४२ करोड ५१ लाख रुपैयाँ रहेको आयोगका सचिव गणेशबहादुर सिंहले जानकारी दिए।

कोशी : सिलिङ नबढाउने

- बजेटको आकार चालू वर्षकै हाराहारीको हुने, यो वर्ष ३५.८७ अर्बको बजेट कार्यान्वयन जारी
- सबै मन्त्रालयलाई सिलिङ तोकेर बजेटका लागि कार्यक्रम प्रस्ताव गर्न आर्थिक मामिला मन्त्रालयको पत्राचार
- २३ वैशाखभित्र बजेटका सबै कार्यक्रम तोकिएको सिस्टमभित्र प्रविष्ट गरिसक्ने लक्ष्य
- ३३ हजार कार्यक्रम आयोजना बैंकमा प्रविष्ट
- बजेट खर्च गर्ने चुनौती, चैत मसान्तसम्म ३१ प्रतिशत मात्रै खर्च हुँदा प्रगति निराशाजनक

मधेश : बढीमा ३२ अर्बको बजेट

- एक करोडभन्दा ठुला तथा मझौला योजनालाई मात्र प्राथमिकता, विगतको गल्ती सुधारिने दाबी
- आयस्रोत नहेरी बजेट निर्माण गर्ने विगतको अभ्यास तोडेर यसपटक यथार्थपरक बजेट निर्माण गर्न अर्थ मन्त्रालय सक्रिय
- अनुपयुक्त योजनाहरू राख्दा बजेट फ्रिज हुने समस्यालाई पनि तोडिने
- स्थानीय तहलाई सोझै बजेट खर्च गर्न दिएर भुक्तानी मात्रै प्रदेशले गर्न नयाँ व्यवस्था लागू हुने, यसले खर्च गर्ने प्रवृत्तिमा सुधार हुने अपेक्षा

बागमती : ५० अर्ब हाराहारीको आकार

- यो वर्ष ६७ अर्ब ४७ करोडको बजेट कार्यान्वयन भइरहेकोमा आगामी बजेटको आकार २० प्रतिशत घटाउने योजना, खर्च गर्ने क्षमता बढाइने
- संघीय अनुदान कटौती र राजस्व बाँडफाँटको सीमाका कारण सानो आकारमा बजेट ल्याउने गृहकार्य, यथार्थ अंकमा मन्त्रालयको जोड
- ठुला आयोजना प्राथमिकतामा, टुक्रे योजना पूर्ण रूपमा रोकिने
- प्रशासनिक तथा साधारण खर्चमा ३० प्रतिशतसम्म कटौती गर्ने
- १० करोड रुपैयाँसम्मका आयोजना दुई वर्षभित्र, १० देखि २० करोडसम्मका आयोजना तीन वर्षभित्र, २० देखि ५० करोडसम्मका आयोजना चार वर्षभित्र र ५० करोडभन्दा माथिका आयोजना पाँच वर्षभित्र अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने प्रावधान, मिति तोकेरै बजेट राख्दा आयोजना छिट्टै सकिने दाबी

गण्डकी : भर्खरै अर्थमन्त्री नियुक्त

- गत २ वैशाखमा जितबहादुर शेरचन अर्थमन्त्रीमा नियुक्त भएकाले बजेट निर्माणमा ढिलाइ, अब चाँडै सिलिङ निर्धारण हुने
- पुराना योजनाको कार्यान्वयन, बहुवर्षे योजना र रकमान्तरको अवस्थालगायतबारे अहिले विश्लेषण जारी, बजेट अंकबारे पनि विमर्श
- प्रदेशको नीति तथा योजना आयोगद्वारा आगामी बजेटका लागि नयाँ योजना छनोटको काम सुरु, स्थानीय तहसँग समन्वय
- आयोगका अनुसार उत्पादन र उत्पादकत्वमा वृद्धि तथा रोजगारीसँगै आय वृद्धिलाई प्राथमिकतामा राखेर योजना छनोट
- आगामी बजेटमा भौतिक पूर्वाधारको मर्मत र पुनर्निर्माणमा ठुलो बजेट आवश्यक पर्ने

लुम्बिनी : पाँच अर्ब बजेट घट्ने

- आन्तरिक आयस्रोत कम रहेकाले बजेटको आकार घटाउनुपर्ने दबाबमा लुम्बिनीको अर्थ मन्त्रालय
- यो वर्ष ३८ अर्ब ९१ करोड ल्याएकोमा आगामी बजेटको आकार पाँच अर्ब रुपैयाँ घटाइने, बजेटको प्रगति देखाउन खर्च गर्ने क्षमता बढाइने
- बजेटको प्राथमिकता र सिद्धान्तहरूबारे छलफल सुरु
- राजस्व परामर्श समितिमार्फत तीनवटा उपसमिति गठन


कर्णाली : १ प्रतिशत आकार बढ्ने

- अन्य प्रदेशले बजेटको आकार घटाइरहँदा कर्णालीमा सानो आकारले बढ्ने
- सिलिङ निर्धारण गरेर मन्त्रालयगत छलफलका लागि पठाइयो
- २५ वा २६ वैशाखबाट अर्थ मन्त्रालयले अन्य मन्त्रालयसँग बजेटसँग सम्बन्धित रहेर संयुक्त छलफल थाल्ने, योजना छनोट पनि गर्ने

सुदूरपश्चिम : २२.६३ अर्ब सिलिङ

- आगामी आर्थिक वर्षको बजेटमा चालूतर्फ ११ अर्ब २१ करोड १६ लाख र पुँजीगततर्फ ११ अर्ब ४२ करोड ५१ लाखको सीमा निर्धारण
- करिब डेढ अर्ब रुपैयाँ आन्तरिक आयबाट जुटाउने लक्ष्य
- भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सबैभन्दा बढी सात अर्ब ५३ करोड ९१ लाख रुपैयाँको सिलिङ, बजेट खर्चेर काम गर्न पनि दबाब दिइने
- कुन योजना राख्ने र कुन हटाउने भन्नेबारे मन्त्रालयगत छलफल जारी
- सिलिङ निर्धारणमा ढिलाइ भए पनि बजेट निर्माणमा असर नपर्ने दाबी

- **सुशील बाँस्तोला**, प्रवक्ता, आर्थिक मामिला मन्त्रालय, कोशी



स्रोत समितिले आगामी वर्षको बजेटका लागि सबै मन्त्रालयलाई बजेटको आकारअनुसारको योजना पठाउन परिपत्र भएको छ। २३ वैशाखभित्र सबै निकायलाई बजेटको कार्यक्रम प्रविष्ट गराइसक्न परिपत्र भएको छ।

- **महेशप्रसाद यादव**, अर्थमन्त्री, मधेश प्रदेश



विगतका वर्षहरूमा आयस्रोतको यथार्थ मूल्यांकन नगरी अनुमानका आधारमा बजेट बनाउँदा बजेट घाटा हुने समस्या देखिएकाले अगामी बजेटको आकार थोरै भए पनि वास्तविक मूल्यांकनका आधारमा ल्याउन लागिएको छ।

- **प्रभात तामाङ**, आर्थिक मामिलामन्त्री, बागमती




साना योजना स्थानीय तहबाटै कार्यान्वयन हुने गरी बजेट पठाइनेछ। त्यसो हुँदा प्रदेशलाई पर्दै आएको टुक्रे योजनाको भार कम हुनेछ। आगामी बजेटका लागि ५० अर्ब रुपैयाँको सिलिङ निर्धारण गर्ने तयारी छ।

- **दुर्गा लामिछाने**, नीति तथा योजना आयोग सदस्य, गण्डकी



पालिकाका प्रतिनिधिसँग सरसल्लाहसँगै सुझाव लिएर सबैले आपनत्व लिने गरी योजना छनोट गर्ने काम भइरहेको छ। त्यस्तै, जिल्लास्तरमा पुगेर सुझाव पनि लिएका छौं। अति आवश्यक योजनाबारे सुझाव संकलन पनि थाल्छौं।

- **धनीश्वर अर्याल**, प्रवक्ता, आर्थिक मामिला मन्त्रालय, लुम्बिनी



बजेटको तयारीका क्रममा आवश्यक काम भइरहेको छ। बजेटको प्राथमिकता र सिद्धान्त छलफलमै रहेको र प्रदेश राजस्व परामर्श समितिमार्फत तीनवटा उपसमिति गठन गरेर बजेटसँग सम्बन्धित काम गरिरहेका छौं।

- **चेतनकुमार तिमिल्सिना**, प्रवक्ता, आर्थिक मामिला मन्त्रालय, कर्णाली



सानो आकारमा बजेट बढाएर ल्याउने गरी सिलिङ निर्धारण भएको छ। सबै मन्त्रालयमा बजेटको सिलिङ पठाइसकेका छौं र मन्त्रालयले पनि योजना छनोटका लागि छलफल जारी राखेका छन्।

- **अर्जुन खड्का**, प्रवक्ता आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम



बजेटको सिलिङ सबै मन्त्रालयहरूमा पुगिसकेको छ। मन्त्रालयहरूले तलका निकायलाई सिलिङ वितरण गरिरहेका छन्। सिलिङ अहिले वितरण भए पनि कुन योजना राख्ने भन्ने तयारी मन्त्रालयहरूमा भइरहेको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैंकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमशः ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।
२.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११८४ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको ९:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

EXPRESSION OF INTEREST (EOI)

(First Date of publication: 2026-04-29)

Himalayan Bank Limited invites sealed application from the creative Advertising Agencies/Companies with proven track records in assisting Bank and Financial Institutions in order to enhance Brand Image and Brand Recall Value through traditional as well as digital platforms.

Interested Companies/Firms are required to download the Request for Quotation (RFQ) Document form from the Bank's website (https://www.himalayanbank.com/en/publication-en) or obtain the form from HBL Head Office, Kamaladi.

Eligibility Criteria:

- The firm/company should be having at least 5 years of experience from the date of registration.
- The firm/company should have proven past record of working with Bank and Financial Institutions.
- The firm/company shall require expertise to handle, create, plan and execute the media campaign through media platforms such as: Print, Radio, TV, Digital/Social Media Platforms and including BTL activities.
- The firm/company should have average annual turnover of at least NPR 30.00 Million in last Fiscal Year.
- The firm/company/promoters should not have been blacklisted.

Necessary Documents for Submission:

The interested advertising agencies/companies are required to submit below mentioned documents in the sealed envelope:

- Duly filled out, signed and stamped RFQ Form
- Company/Firm Registration Certificate
- Latest Company Update from Department of Commerce/Industry
- Memorandum of Association (MOA) and Article of Association (AOA)
- PAN/VAT Registration Certificate
- Audited Financial Reports/Balance Sheet of the last two consecutive Fiscal Year
- Self-Declaration stating that neither the company and nor its promoters are blacklisted
- Latest Tax Clearance Certificate
- Updated Director's Register with detailed biodata
- Updated Shareholder's Register

The sealed envelope must be submitted no later than May 13, 2026 (Baisakh 30, 2083), within office hours to the HBL Head Office, Kamaladi, with the subject clearly indicated as **"Expression of Interest for Official Media Agency."** The applications received after the deadline shall not be accepted. The Bank reserves the right to accept or reject any or all applications, in whole or in part, without assigning any reason whatsoever. Only shortlisted agencies will be invited to make a presentation.

HBL Himalayan Bank Ltd.
Himalayan Bank Limited
Corporate Office, Kamaladi, Kathmandu
Phone: 01-5971346

निजी क्षेत्रलाई रास्वपा सभापति रवि लामिछानेले भने-

'ढुक्क भएर उद्योग-व्यापार गर्नुहोस्, दुःख दिन चाहँदैनौं'

उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्समा आबद्ध उद्योगीलाई भेला गरेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले भने-

निजी क्षेत्र सशंकित भएको, अलि डराएको जस्तो देखेर नै म तपाईंहरूसँग बस्न चाहेको हुँ। तपाईंहरू डराउनुपर्ने, आत्तिनुपर्ने कुनै कारण छैन। हामी व्यवसायीलाई कुनै खालको दुःख दिन चाहँदैनौं। यसलाई वेलैमा नियन्त्रण गर्न आवश्यक छ, सरकारले अहिले यही गरेको हो। धरपकडका विषयमा म तपाईंहरूलाई स्पष्ट भन्छु- हामी सुशासन र आर्थिक वृद्धिको डिपार्चरमा जान चाहन्छौं। यसमा केही असहज हुन सक्छ। तपाईंले मलाई, मेरो घरलाई र पार्टी कार्यालयलाई देख्नुपर्दैन, टेक्नुपर्दैन। हामी तपाईंहरूको समस्या सहजै सम्बोधन गर्न चाहन्छौं।

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले उद्योगी-व्यवसायीलाई ढुक्क भएर आफ्ना उद्योग-व्यवसाय गर्न आग्रह गरेका छन्। सभापति लामिछानेले रास्वपा र वर्तमान सरकारप्रति निजी क्षेत्र सशंकित भएको जस्तो देखिएको भन्दै नडराउन र नआत्तिन आग्रह गरेका हुन्।

काठमाडौंमा निजी क्षेत्रका संगठनहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सलगायतका प्रतिनिधिसँग आइतबार छलफल गर्दै सभापति लामिछानेले रास्वपा र वर्तमान सरकारप्रति सशंकित नहुन आग्रह गरेका हुन्।

निजी क्षेत्रका प्रतिनिधिहरूको चासो सुनेपछि सभापति लामिछानेले भने, 'निजी क्षेत्र सशंकित भएको, अलि डराएको जस्तो देखेर नै म तपाईंहरूसँग बस्न चाहेको हुँ। तपाईंहरू डराउनुपर्ने, आत्तिनुपर्ने कुनै कारण छैन। हामी व्यवसायीलाई कुनै खालको दुःख दिन चाहँदैनौं।'

सभापति लामिछानेले केही व्यवसायीहरू तथा पात्रहरूले देशको अर्थतन्त्र नै आफ्नो मुठीमा नियन्त्रण गर्ने गरी अघि बढेका कारणले सरकार निर्मम भएर लाग्नुपरेको स्पष्ट पारे।

'यसलाई वेलैमा नियन्त्रण गर्न आवश्यक छ, सरकारले अहिले यही गरेको हो,' उनले भने, 'धरपकडका विषयमा म तपाईंहरूलाई स्पष्ट भन्छु, हामी सुशासन र आर्थिक वृद्धिको डिपार्चरमा जान चाहन्छौं। यसमा केही असहज हुन सक्छ।' सभापति लामिछानेले वास्तविक अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रको समस्या सम्बोधन गर्नुपर्ने र त्यसको रोडम्याप रास्वपाले बनाइसकेको पनि बताए।

लामिछानेले समस्या सम्बोधनका लागि उद्योगी-व्यवसायीले आफ्नो घर र पार्टी कार्यालय धाउनैनपर्ने पनि स्पष्ट पारे। 'तपाईंले मलाई, मेरो घरलाई र पार्टी कार्यालयलाई देख्नुपर्दैन, टेक्नुपर्दैन। हामी तपाईंहरूको समस्या सहजै सम्बोधन गर्न चाहन्छौं। पहिला तपाईंहरूले फरक खालको प्रयोग र अनुभव लिनुभयो होला, सहभागी हुनु पनि भयो होला। तर, हामी तपाईंहरूलाई फरक ढंगबाट देखिने गरी परिवर्तन महसुस गराउन चाहन्छौं,' उनले भने।

पछिल्लो समय सम्पत्ति शुद्धीकरण, ठगीलगायतका कसुरमा केही उद्योगी-व्यवसायी पक्राउ परेपछि निजी क्षेत्रले व्यवसायीमाथि धरपकड नगर्न सरकारसँग माग गर्दै आइरहेको छ। छलफलमा सहभागी उद्योगी-व्यवसायीले सरकारले निजी क्षेत्रको मनोबल बढाउने गरी काम गर्न आवश्यक रहेको औंल्याए। उनीहरूले निजी क्षेत्रसँग संवाद र सहकार्य गर्न सुझावसमेत दिए।



छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्र शान्तिको क्षेत्र भएको बताउँदै निजी क्षेत्रलाई सहज रूपमा काम गर्न दिन आग्रह गरे। 'हरेक आन्दोलनमा यस क्षेत्रमाथि प्रहार भइरहेको छ, निजी क्षेत्र हरेक आन्दोलनको मुख्य निसानामा परिरहेको छ। यसो हुनुहुँदैन भन्ने हाम्रो माग हो,' उनले भने। अध्यक्ष ढकालले निजी क्षेत्रलाई पनि सम्पत्ति शुद्धीकरणको दायरामा राख्ने जुन प्रयास गरिएको छ, त्यसले थप समस्या निम्त्याएको भन्दै रास्वपा नेतृत्वको ध्यानाकर्षण गराए।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले पुँजी निर्माण घटिरहेको अवस्थामा निजी क्षेत्रलाई प्रोत्साहन र हौसला बढाउन आवश्यक रहेको उल्लेख गरे। आगामी बजेटमा यसबारे ध्यान दिन पनि उनले सुझाव दिए।

नेपाल चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष दीपक मलहोत्राले स्पष्ट बहुमतसहितको वर्तमान रास्वपा सरकारसँग ठुलो अपेक्षा रहेको भन्दै विकास निर्माण र आर्थिक सुधारमा सरकारले आवश्यक भूमिका खेल्नुपर्ने बताए। निजी क्षेत्रलाई समेटेर जाने हो भने १०० अर्ब डलरको अर्थतन्त्र सम्भव रहेको पनि उनको भनाइ थियो।

सार्क चेम्बर अफ कमर्सका अध्यक्ष चण्डिराज ढकालले सरकारको पछिल्लो गतिविधिले सशंकित बनाएको बताए। 'निजी क्षेत्रलाई हतोसाहित गर्ने, थुन्ने, धरपकड गर्ने कार्य राम्रो भएको छैन। पहिला सुन्ने अनि थुन्ने नीतिमा सरकार अघि जाओस् भन्ने हाम्रो माग छ,' उनले भने। परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले व्यवसायीलाई थुन्ने अनि सुन्ने कानुनमा पुनर्विचार गर्न आवश्यक रहेको बताए।

महासंघका पूर्वअध्यक्ष रविभक्त श्रेष्ठले अहिलेको सरकारसँग मिलेर काम गर्न तयार रहेको भन्दै उद्योगी-व्यवसायीलाई सरकारले साथमा लिनुपर्ने बताए। सरकारले आफ्ना समस्या, जटिलता बुझोस् र आवश्यक सहजीकरण गरोस् भन्ने स्वदेशी तथा विदेशी लगानीकर्ताले चाहेको उनले बताए।

महासंघका पूर्वअध्यक्ष सुरज वैद्यले उद्योगी-व्यवसायी भ्रष्टाचारको पक्षमा नभएको स्पष्ट पार्दै निजी व्यवसायीमाथिको धरपकडले भने चिन्तित तुल्याएको बताए। वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सरकारले निजी क्षेत्रको मनोबल बढाउने गरी काम गर्नुपर्ने बताए। कार्यक्रममा आनन्दराज मुल्मी, पवन गोल्यान, गौरव पाण्डे, जुना माथेमा, शशिकान्त अग्रवाल, वरुण चौधरीलगायत उद्योगी-व्यवसायीको उपस्थिति थियो।

लोकप्रिय बन्दै सिजी मेरिडियाको एआई स्मार्ट एयर फ्रायर

काठमाडौं/ सिजी ब्रान्डअन्तर्गतको 'सिजी मेरिडिया'को एआई सञ्चालित स्मार्ट एयर फ्रायर लोकप्रिय बनेको बताइएको छ। घरेलु उपकरण शृंखलामा सिजी एमआरएएफ-८ एलएआई स्मार्ट एयर फ्रायर मोडेलले ६ महिनामै नेपाली उपभोक्ताको मन जितेको कम्पनीको दाबी छ। कम्पनीका अनुसार उक्त एयर फ्रायर नेपालमै पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिसहित सार्वजनिक गरिएको छ। उक्त मोडेलमा जडान गरिएको इन्टरनल क्यामरा र एआई प्रणालीले खानाको प्रकार र तौल पहिचान गरी आवश्यक तापक्रम र समय स्वतः निर्धारण गर्नेछ। यसले ग्राहकको समय बचत गराउने बताइएको छ।

कम्पनीका अनुसार प्रयोगकर्ताले घरायसी काममा व्यस्त हुँदा पनि सिजी स्मार्ट होम एपमार्फत मोबाइलबाटै उपकरण नियन्त्रण गर्न सक्नेछन्। आठ लिटर क्षमताको यो स्मार्ट एयर फ्रायर मध्यम तथा ठुला परिवारका लागि उपयुक्त रहेको कम्पनीको भनाइ छ। यसैगरी, एयर फ्रायरमा 'वाटर स्प्रे' प्रविधि



प्रयोग गरिएको छ, जसले खाना सुक्खा हुन नदिई बाहिर कुरकुरे र भित्र रसिलो बनाउने बताइएको छ। साथै, ९० प्रतिशतसम्म कम तेल प्रयोग गरेर परिकार तयार गर्न सकिने विशेषता पनि समावेश रहेको कम्पनीले जनाएको छ। उपकरणमा १८ सय वाट क्षमताको कन्भेक्सन हिटिङ प्रणाली र च्यापिड एयर फ्लो प्रविधि जडान गरिएको छ, जसले खाना छिटो र सबैतिरबाट समान रूपमा पकाउन सहयोग पुऱ्याउनेछ।

यो मोडेल झरी र ओसिलो मौसमको सहयात्री बन्न सक्ने बताइएको छ। २५ वटा स्वचालित मेनु यसमा छन्, जसले समोसा, चिकेन रोस्ट, फ्रेन्च फ्राई वा केक जुनसुकै परिकार पनि व्यावसायिक स्वादमा तयार हुने कम्पनीले बताएको छ।

कम्पनीका अनुसार छोटो अवधिमै उपभोक्ताबाट प्राप्त सकारात्मक प्रतिक्रियाले नेपाली बजारमा स्मार्ट र स्वास्थ्य-मैत्री उपकरणप्रतिको रुचि बढ्दो रहेको संकेत गरेको छ। यो एयर फ्रायर देशभर रहेका सिजी डिजिटल तथा एलजी सोरुम, आधिकारिक विक्रेता सञ्जाल तथा अनलाइनमार्फत उपलब्ध हुनेछ। साथै, देशभरका सेवा केन्द्रबाट बिक्रीपछिको सेवा र प्राविधिक सहयोग उपलब्ध गराइने पनि बताइएको छ।

बुढानीलकण्ठमा यामाहाको नयाँ सोरुम सञ्चालनमा

काठमाडौं/ यामाहा नेपालले बुढानीलकण्ठस्थित इटालीटार, गणेश चोकमा थ्रिएस सोरुम 'ह्विलिस ग्यालोर प्रालि' सञ्चालनमा ल्याएको छ। उक्त सोरुमको उद्घाटन बागमती प्रदेशका यातायातमन्त्री जयराम थापाले गरेका हुन्।



कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारी, उपमेयर अनिता लामा, तथा एमएडब्लू राइड्स प्रालिका कार्यकारी निर्देशक तथा सिइओ दीपककुमार अग्रवाललगायतको उपस्थिति थियो।

नयाँ सोरुममा बिक्री, सेवा र स्पेयर पार्टस् एउटै छानामुनि उपलब्ध हुनेछन्। यो सेवाले बुढानीलकण्ठ तथा आसपासका राइडरलाई आवश्यक सबै सेवा एउटै स्थानमा सहज रूपमा प्राप्त गर्न सहयोग गर्ने कम्पनीले जनाएको छ। दक्ष जनशक्ति र आधुनिक पूर्वाधारसहित स्थापना गरिएको ह्विलिस ग्यालोरले ग्राहकलाई सहज र भरपर्दो सेवा प्रदान गर्ने लक्ष्य राखेको बताइएको छ।

बुढानीलकण्ठ सोरुमले काठमाडौं उपत्यकामा यामाहा नेपालको विस्तार हुँदै गएको उपस्थितिलाई थप मजबुत बनाउँदै लगेको कम्पनीको भनाइ छ। यसले स्थानीय राइडरलाई यामाहाका सम्पूर्ण मोटरसाइकल तथा स्कुटर लाइनअप, जेन्युइन स्पेयर पार्टस् र व्यावसायिक सेवामा सहज पहुँच प्रदान गर्नेछ। एमएडब्लू राइड्सअन्तर्गत सञ्चालन भइरहेको यामाहा नेपालले गुणस्तर, विश्वसनीयता र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिँदै आफ्नो सञ्जाल विस्तार गरिरहेको छ।

नमः बुद्ध हाइड्रोपावरमा लुम्बिनी विकास बैंकले लगानी गर्ने



बुटवल/ पाल्पाको तिनाउँ गाउँपालिकास्थित तिनाउँ खोलामा हाइड्रोपावर निर्माण गरिने भएको छ। भिजन लुम्बिनी लिमिटेडद्वारा प्रवर्द्धित ३.४४ मेगावाटको नमः बुद्ध हाइड्रोपावर निर्माणको प्रक्रिया अगाडि बढेको हो। आयोजनाको लागत अनुमान ७० करोड रहेको छ। आयोजनामा लुम्बिनी विकास बैंकले करिब ३२ करोड रुपैयाँ ऋण लगानी गर्नेछ।

भिजन लुम्बिनीका अध्यक्ष जगतहादुर पोखरेलले आयोजना १५ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको बताएका छन्। भिजन लुम्बिनीका अध्यक्ष पोखरेलले सामूहिक लगानी, समृद्धिको आधार भएकाले तिनाउमा जलविद्युत् आयोजना निर्माण अघि बढेको बताए।

हाइड्रोपावर परियोजनाको प्राविधिक पक्ष, वातावरणीय तथा पर्यावरणीय पक्षको काम सकिएको छ। भिजनले कास्कीमा २५ मेगावाटको जलविद्युत् आयोजना निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ। कम्पनीले अहिले १० वटाभन्दा पनि धेरै प्रोजेक्टमा लगानी गरी काम गरिरहेको छ। लिमिटेडका बोर्ड सदस्य राजीव गौतमले थप हाइड्रोपावर निर्माण गर्न काम अघि बढाउने प्रक्रियामा रहेको बताए। भिजनले अहिले देशका विभिन्न ठाउँमा हाइड्रो, हस्पिटालिटी र आइटी क्षेत्रमा लगानी गरिरहेको छ।

चौधरी ग्रुप र सगुन ग्रुपबिच सम्झौता

काठमाडौं/ चौधरी ग्रुप (सिजी) र अस्ट्रेलियामा नेपाली स्वादका उत्पादनको बजार व्यवस्थापन गर्दै आएको सगुन ग्रुपबिच सम्झौता भएको छ। पाँच वर्षका लागि गरिएको यो सम्झौताअनुरूप सिजीबाट उत्पादित वस्तुहरूको अस्ट्रेलियाका लागि सगुन ग्रुप सोलो वितरक र बजार व्यवस्थापक बनेको छ।

सम्झौताअनुसार सिजीका उत्पादनको सगुन ग्रुपले अस्ट्रेलियामा कानुनी र आधिकारिक रूपमा बजार व्यवस्थापन गर्न पाउने भएको छ। अस्ट्रेलियामा विशेषतः वाइवाई चाउचाउलगायतका सिजीका अन्य उत्पादन बढी मात्रामा खपत हुने गरेका छन्। सगुन ग्रुपसँगको सम्झौताले अस्ट्रेलियामा सिजीका उत्पादनले झनै फैलने र विस्तार हुने अवसर पाउने ग्रुपका ग्लोबल एक्स्पोर्ट हेड जीवन शर्मा आचार्यले बताए।

यसैबिच अस्ट्रेलियामा रहने प्रवासी नेपालीमाझ सिजीका उत्पादन सहज तरिकाले पुऱ्याउन आफ्नो संस्थाले पुलको काम गर्न पाएकोमा सगुन ग्रुपका प्रमुख भूषण कक्षपतिले खुसी व्यक्त गरे। कक्षपतिले चौधरी ग्रुपले आफ्नो संस्थामाथि गरेको विश्वासका लागि आफ्नो संस्था सधैं कदर गरेर अगाडि बढ्ने प्रतिबद्धता जनाए।

नेपालमा फाइभ-जी सञ्चालन गर्न फोर-जी विस्तार महत्त्वपूर्ण

काठमाडौं/ प्रविधि पत्रकार मञ्च (टिजेएफ) र हुवावे नेपालले संयुक्त रूपमा आयोजना गरेको 'टेक फर्वार्ड : मिडिया डायलग २०२६' कार्यक्रम सम्पन्न भएको छ।

सो कार्यक्रममा हुवावे नेपालका प्रमुख कार्यकारी अधिकृत चेन केयाङ (चेस्टर)ले नेपालमा प्रविधि क्षेत्रको विकासका लागि आफू उत्साहित रहेको बताए। पर्याप्त दक्ष जनशक्ति भए पनि आइसिटी विकासमा नेपाल छिमेकी देशभन्दा केही पछाडि रहेको उनले औंल्याए। 'तर, यो अवसर पनि हो, किनभने अन्य देशको तुलनामा यहाँ सुधार गर्ने ठाउँ धेरै छन्,' उनले भने, 'नेपालमा दूरसञ्चार क्षेत्रको दिगो र अर्गानिक वृद्धिलाई जोड दिनुपर्छ। यसका लागि नियामक, सरकार, टेलिकम अपरेटर, हुवावे र मिडिया सबैको संयुक्त प्रयास महत्त्वपूर्ण हुन्छ।' एउटा मात्र पक्षको विकासले समग्र उद्योग सबल बन्न नसक्ने उनको भनाइ थियो।

नेपालमा मोबाइल इन्टरनेटको पाँचौं पुस्ता, फाइभ-जी सञ्चालनको सम्भावना, चुनौती र आवश्यकताबारे छलफल भएको थियो। फाइभ-जी सुरु गर्न फोर-जीको पूर्वाधार विस्तार किन महत्त्वपूर्ण छ भन्ने विषयमा छलफल भएको थियो। नेपालजस्ता देशमा तुरुन्तै स्ट्यान्ड-अलोन फाइभ-जी पूर्वाधार विकास गर्न लगानी, भौगोलिक जटिलताजस्ता कारणले कठिनाइ हुने औंल्याउँदै विज्ञहरूले ननस्ट्यान्ड अलोन प्रविधि विकल्प हुने उल्लेख गरे। ननस्ट्यान्ड अलोन भनेको फोर-जीकै पूर्वाधारमा फाइभ-जीका उपकरण राखेर सेवा विस्तार गर्ने विकल्प हो।

विश्वमा पहिलो चरणमै थ्रिजी भित्र्याउन सफल नेपाल फाइभ-जीमा भने सुस्त देखिएको सहभागीले बताए। नियामक नेपाल दूरसञ्चार प्राधिकरण र दूरसञ्चार सेवाप्रदायक र सरकारको आपसी सामञ्जस्यता नहुँदा फाइभ-जीमा ढिलाइ भइरहेको धेरैको बुझाइ थियो।

समारोहमा टिजेएफका अध्यक्ष पूर्ण दुवालले प्रविधि पत्रकारिताको वर्तमान अवस्था र भविष्यबारे प्रकाश पारे। उनले डिजिटल रूपान्तरणसँगै मिडियामा आएको परिवर्तन तथा प्रविधि पत्रकारको क्षमता अभिवृद्धिमा यस्ता कार्यक्रम महत्त्वपूर्ण हुने बताए।

RIVERCITY SAVING AND CREDIT CO-OPERATIVE LTD.
रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
वसन्तपुर, काठमाण्डौं, फोन नं.९८०१०१७३९७

विशेष साधारण सभा बारे सुचना

प्रकाशित मिति : २०८३/०१/२१

यस लिमिटेडको मिति २०८३/०१/१७ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषय उपर छलफल गर्नका लागि बोलाउने भएको हुदाँ सम्पूर्ण संचालक तथा शेयरधनी महानुभावहरुको उपस्थिति तथा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

विशेष साधारण सभा हुने मिति,समय र स्थानः
मिति : २०८३/०२/११ गते सोमबार
समय : दिनको ११:०० (एघार बजे)
स्थान : जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं.२३ बसन्तपुर स्थित कार्यालय।

छलफलका विषयहरु :
१. सस्थाको लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
२. वार्षिक साधारण सभा गर्ने सम्बन्धमा।
३. विविध।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

धितो सूरक्षणमा रहेको चल/अचल सम्पतिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति २०८३/०१/२१

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीले लिएको ऋण/कर्जाको साँवा, व्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८३/०१/३१ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

तपसिल

शाखा कार्यालय : हाकिमचोक, चितवन

कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा

ऋणीहरु : मन बहादुर दर्जी र सीता परियार (दर्जि)

जमानतकर्ताहरु :

१. नाम : मन बहादुर दर्जी	२. नाम : सीता परियार (दर्जि)
ना.प्र.नं. १५०१/०३४, जि.प्र.का. चितवन	ना.प्र.नं. १६८४/०६२, जि.प्र.का. चितवन
जारी मिति : २०५४/१२/०३ मा जारी भई मिति २०७६/०४/१४ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०६२/०३/०१
बाबुको नाम : आइत राम दर्जी	पतिको नाम : मन बहादुर दर्जी
बाजेको नाम : कमे भन्ने राम बहादुर दर्जी	ससुराको नाम : आइत राम दर्जी
स्थायी ठेगाना : चितवन जिल्ला, पार्वतीपुर गा.वि.स. वडा नं. ३	स्थायी ठेगाना : चितवन जिल्ला, पार्वतीपुर उ.म.न.पा /गा.वि.स. वडा नं. ३
हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१	हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २१

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : बागमती, जिल्ला : चितवन

म.न.पा./न.पा./गा.वि.स.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
सावीक	हाल	सावीक	हाल				
पार्वतीपुर	भरतपुर	८	२१	मन बहादुर दर्जी	४२२	०-३-०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

माथि उल्लेखित धितो सम्पत्ति दिक्षा कृषि तथा पशु फर्मले लिएको सहुलियतपुर्ण कर्जा अन्तर्गत व्यवसायीक कृषि तथा पशुपन्छी कर्जाको लागि समेत संयुक्त धितोबन्धक कायम रहेको।

शाखा कार्यालय : लहान, सिरहा

१. कर्जा शिर्षक : क्यास क्रेडिट र चालु पूँजी आवधिक कर्जा

ऋणी

नाम : कला वला थारु कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि.
दर्ता नं. २५११४८/०७७/०७८, दर्ता मिति : २०७७/०९/१२
रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला, लहान न.पा वडा नं. १, **संचालक : प्रेमलता कुमारी चौधरी**

जमानतकर्ताहरु

१. नाम : प्रेमलता कुमारी चौधरी (संचालक/संस्थापक शेयरधनी)	२. नाम : हरिदेव चौधरी
ना.प्र.नं. ना.वा. १३१ स.सि.ल. ३९७८, जि.प्र.का. सिरहा	ना.प्र.नं. १५२०१२/८५९३ छ.ना.वा. ९० स.सि.ल. २२७४, इ.प्र.का. लहान
जारी मिति : २०५९/१२/२५	जारी मिति : २०५७/०३/०१ मा जारी भई मिति २०६८/११/०२ नयाँ लगत कायम भएको
पतिको नाम : हरिदेव चौधरी	बाबुको नाम : मूंगालाल चौधरी
ससुराको नाम : मुंगालाल चौधरी	बाजेको नाम : मंसिलाल चौधरी
ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १	स्थायी ठेगाना : सिराहा जिल्ला, महदेवा पोर्ताहा गा.वि.स./उ.म.न.पा. वडा नं. ७
	हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सिरहा

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
सावीक	हाल	सावीक	हाल				
सिंग्राही मटिअर्वा	लहान	१	१	प्रेमलता कुमारी चौधरी	२०२५	०-०-१०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
		४	१		२६०२	०-२-१-०	

२. कर्जा शिर्षक : कोषमा आधारित विविध कर्जा

ऋणी

नाम : कुबेर भण्डार
दर्ता नं. प्रा.फ.र.नं. २६/०६३, दर्ता मिति : २०६३/०५/२०
रजिष्टर्ड ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४, **प्रोप्राईटर : कुबेरनाथ जैसवाल**

जमानतकर्ताहरु

१. नाम : कुबेरनाथ जैसवाल	२. नाम : कलावती जयसवाल
ना.प्र.नं. ११२९/८०२६१३५२, जि.प्र.का. धनुषा	ना.प्र.नं. ९२८६१७४४, जि.प्र.का. धनुषा
जारी मिति : २०३४/०८/२९ मा जारी भई मिति २०६३/०३/२२ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०३५/०६/१५ मा जारी भई मिति २०६३/०३/२२ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : जगरनाथ राम कलवार	पतिको नाम : कुबेरनाथ जैसवाल
बाजेको नाम : बालदेव राम कलवार	ससुराको नाम : जगरनाथ राम कलवार
स्थायी ठेगाना : धनुषा जिल्ला, सवैला गा.वि.स. वडा नं. ४	स्थायी ठेगाना : धनुषा जिल्ला, गोदार गा.वि.स. वडा नं. ३
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३	हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३
३. नाम : रविन्द्र प्रसाद जायसवाल	**४. नाम : रंजीता कुमारी जायसवाल**
ना.प्र.नं. ८०९८२, जि.प्र.का. उदयपुर	ना.प्र.नं. १४३०३६/६८८, जि.प्र.का./ई.प्र.का., कटारी, उदयपुर
जारी मिति : २०६३/०६/०२	जारी मिति : २०७०/०२/१२
बाबुको नाम : कुबेरनाथ जैसवाल	पतिको नाम : रविन्द्र प्रसाद जायसवाल
बाजेको नाम : जगरनाथ राम कलवार	ससुराको नाम : कुबेरनाथ जैसवाल
स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ४	स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ४
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३	हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३
५. नाम : सुरेन्द्र प्रसाद जायसवाल	**६. नाम : निशा जयसवाल**
ना.प्र.नं. ८०९८४, जि.प्र.का. उदयपुर	ना.प्र.नं. १७३०३३/१४७, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/०६/०२	जारी मिति : २०७०/०२/२३
बाबुको नाम : कुबेरनाथ जैसवाल	पतिको नाम : सुरेन्द्र प्रसाद जायसवाल
बाजेको नाम : जगरनाथ राम कलवार	ससुराको नाम : कुबेरनाथ जैसवाल
स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ४	स्थायी ठेगाना : धनुषा जिल्ला, सवैला गा.वि.स. वडा नं. ९
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३	हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : धनुषा

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
सावीक	हाल	सावीक	हाल				
त. गोदार	गणेशमान चारनाथ	३	६	कुबेरनाथ जैसवाल	५२१	०-१०-०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : उदयपुर

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
सावीक	हाल	सावीक	हाल				
कटारी	कटारी	१	३	कुबेरनाथ जैसवाल	१५१६	०-०-५-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
					८१९	०-०-४-०	

कुबेर भण्डारको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

३. कर्जा शिर्षक : अधिविकर्ष कर्जा

ऋणीहरु : तफेजुल मियाँ र मो. जाउल हक

जमानतकर्ताहरु

१. नाम : मो. जाउल हक	२. नाम : तफेजुल मियाँ
ना.प्र.नं. २७८४, जि.प्र.का., सप्तरी	ना.प्र.नं. ४३८५१३३६, जि. प्र. का., सप्तरी
जारी मिति : २०५६/०६/१६ मा जारी भई मिति २०७२/०२/३२ मा दोस्रो प्रतिलिपि जारी	जारी मिति : २०४०/०६/११ मा जारी भई मिति २०७२/१२/३० मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : तफेजुल मियाँ	बाबुको नाम : इस्माईल मियाँ
बाजेको नाम : इस्माईल मियाँ	बाजेको नाम : कारी मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रबाहु गा.वि.स. वडा नं. ६	स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ७	हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९
३. नाम : अैसा खातुन	**४. नाम : जैनब कुर्जिनं**
ना.प्र.नं. १६१०३०/८९६, जि.प्र.का. सप्तरी	ना.प्र.नं. १३३७, जि.का. सप्तरी
जारी मिति : २०६८/०१/२८	जारी मिति : २०४३/०९/२१
पतिको नाम : मो. जाउल हक	पतिको नाम : तफेजुल मियाँ
ससुराको नाम : तफेजुल मियाँ	ससुराको नाम : इस्माईल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रबाहु गा.वि.स. वडा नं. ६	स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.प. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खडक न.पा. वडा नं. ७	हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९

४. कर्जा शिर्षक : कोष तथा गैरकोषमा आधारित विविध कर्जा

ऋणी

नाम : कमाल सप्लायर्स
दर्ता नं. प्रा.फ.र.नं. २१३९/०७०/०७१, दर्ता मिति : २०७०/०९/०८
रजिष्टर्ड ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ३, **प्रोप्राइटर : मो. जाउल हक**

जमानतकर्ताहरु

१. नाम : मो. जाउल हक	२. नाम : तफेजुल मियाँ
ना.प्र.नं. २७८४, जि.प्र.का., सप्तरी	ना.प्र.नं. ४३८५१३३६, जि. प्र. का., सप्तरी
जारी मिति : २०५६/०६/१६ मा जारी भई मिति २०७२/०२/३२ मा दोस्रो प्रतिलिपि जारी	जारी मिति : २०४०/०६/११ मा जारी भई मिति २०७२/१२/३० मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : तफेजुल मियाँ	बाबुको नाम : इस्माईल मियाँ
बाजेको नाम : इस्माईल मियाँ	बाजेको नाम : कारी मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रबाहु गा.वि.स. वडा नं. ६	स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ७	हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९
३. नाम : अैसा खातुन	**४. नाम : जैनब कुर्जिनं**
ना.प्र.नं. १६१०३०/८९६, जि.प्र.का. सप्तरी	ना.प्र.नं. १३३७, जि.का. सप्तरी
जारी मिति : २०६८/०१/२८	जारी मिति : २०४३/०९/२१
पतिको नाम : मो. जाउल हक	पतिको नाम : तफेजुल मियाँ
ससुराको नाम : तफेजुल मियाँ	ससुराको नाम : इस्माईल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रबाहु गा.वि.स. वडा नं. ६	स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.प. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खडक न.पा. वडा नं. ७	हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सप्तरी

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
सावीक	हाल	सावीक	हाल				
खोजपुर	खडक	८	५	तफेजुल मियाँ	१३१८	०-०-१५	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
कल्याणपुर	खडक	३	७		१०४१	०-०-३३/४	
					४००	०-०-४	
		७	७		४१०	०-३-१०	
					७९८	०-०-११३/४	
					११८६	०-२-०१/४	

१. माथि उल्लेखित धितो सम्पत्ति ऋणीहरु कमाल काष्ठ उद्योग (हाल कर्जा नरहेको) र कमाल सप्लायर्सले लिएको कर्जाका लागि संयुक्त रुपमा मालपोत कार्यालय सप्तरीमा रोक्का भई तफेजुल मियाँ र मो. जाउल हकको संयुक्त नाममा स्विकृत अधिविकर्ष कर्जा तथा कमाल वस्त्रालयको नाममा स्विकृत क्यास क्रेडिट कर्जाका लागि समेत धितो कायम रहेको।
२. कमाल सप्लायर्सको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।
३. कमाल वस्त्रालयको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
लहान, सिरहा ०३३-५६३२२९
हाकिमचोक, चितवन ०५६-५९०१९१

सोमबार २१ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७७

अंकतालिकामा नेपाललाई पछ्याउँदै युएई

चालू सिरिजमा नेपाल र युएईले समान ४ अंक जोडेका छन् । आठ राष्ट्र सहभागी लिग २ मा नेपाल १६ अंकका साथ सातौँ र १४ अंक जोडेको युएई आठौँमा छन् । युएईसँग दुवै खेलमा पराजित ओमान ३१ अंकका साथ तेस्रो स्थानमा छ ।



नयाँ पत्रिका

आइसिसी विश्वकप क्रिकेट २ अन्तर्गत कीर्तिपुरस्थित क्रिकेट मैदानमा चलिरहेको नेपाल, युएई र ओमानबिचको त्रिकोणात्मक एकदिवसीय सिरिज रोमाञ्चक बनिरहेको छ । लिगमा नेपालले तीन खेलमा दुई जित र एक हार सामना गरेको छ । पाहुना टोली ओमानले तीनवटै खेलमा जित निकालेको छ । युएईले भने समान दुई जित र हार नतिजा व्यहोरेको छ ।

चालू सिरिजमा नेपालले दुवै भेटमा युएईलाई हराउँदै ४ अंक बटुलेको छ । युएईले अर्को दुई खेलमा बलियो ओमानमाथि सानदार जित निकालेको छ । युएईमाथि दुवै खेलमा जित निकालेको नेपालविरुद्ध ओमानले एक खेलमा हराएको छ । त्रिवि क्रिकेट मैदानमा ओमान र नेपालबिच सिरिजको अन्तिम खेल हुँदै छ । सिरिजमा नेपालले हराउन नसकेको टोली ओमानलाई मात्र हो ।

नेपालले पहिलो खेलमा युएईलाई ३७ रन तथा दोस्रोमा डकवर्थ लेविस अनुसार ६ रनले पाखा लगाएको थियो । युएईले भने पहिलो खेलमा ओमानमाथि २५ रन तथा दोस्रोमा ५४ रनले निराश पाऱ्यो । ओमानले नेपाललाई एक खेलमा १०२ रनको फराकिलो अन्तरले हराएको थियो । विश्वकप लिग २ अन्तर्गत १०१औँ खेलमा युएईले अंकतालिकाको तेस्रो स्थानमा रहेको ओमानमाथि सानदार ५४ रनको जित हात पाऱ्यो । जितसँगै युएई आठमध्ये ४ अंक बटुल्न सफल भयो । ओमानले अहिलेसम्म तीन खेलमा २ अंक मात्र जोडेको छ ।

नेपालले तीन खेलमा दुई जित र एक हार निकाली ४ अंक हात पाऱ्यो । आठ राष्ट्र सहभागी विश्वकप लिग २ मा युएई आठौँ र नेपाल सातौँ स्थानमा छन् । युएईले २४ खेल पूरा गरिसक्दा १४ अंक जोडेको छ । युएईभन्दा नेपालले एक खेल कम खेल्दै १६ अंक जोडेको छ । नेपाल र युएईबिच अहिले २ अंकको फरक रहेको छ । ओमानले २७ खेलमा १४ जित र १० हार निकाली ३१ अंक बनाएको छ ।

नेपाल र युएईले समान सात जित निकालेका छन् । नेपालले १४ खेल र युएई १७ खेलमा पराजित भएका छन् । रनरेट नेपालभन्दा युएईको राम्रो छ । शीर्ष स्थानमा रहेको अमेरिकाले २४ खेलबाट सर्वाधिक ३६ अंक जोडेको छ । अमेरिकाले अहिलेसम्म १८ जित र ६ हार व्यहोरेको छ । युरोपियन राष्ट्र स्कटल्यान्डले २८ खेलमा ३४ अंक जोडेर दोस्रो स्थान बलियो बनाएको छ । अर्को युरोपियन राष्ट्र नेदरल्यान्ड्स २८ अंकका साथ चौथो स्थानमा छ ।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	२४	१८	६	३६	०.९३
स्कटल्यान्ड	२८	१४	८	३४	०.९१
ओमान	२७	१४	१०	३१	०.०९
नेदरल्यान्ड्स	२४	१३	९	२८	०.१६
नामिबिया	२८	१०	१६	२२	-०.४९
क्यानडा	२४	९	१२	२१	-०.२०
नेपाल	२३	७	१४	१६	-०.३१
युएई	२४	७	१७	१४	-१.०१

युएईसँग ओमान ५४ रनले पराजित

चालू सिरिजमा युएईले लगातार दोस्रोपटक बलियो प्रतिद्वन्द्वी ओमानमाथि ५४ रनको सानदार जित निकाल्यो । युएईले पहिलो ब्याटिङ गरी ४७ ओभरमा आठ विकेट गुमाएर ३०८ रनको विशाल योगफल बनाएको थियो । सिरिजमा दोस्रोपटक तीन सय रनभन्दा माथिको लक्ष्य विपक्षीले पाएको हो । यसअघि ओमानले पनि नेपाललाई ३०६ रनको लक्ष्य दिएको थियो । त्रिवि क्रिकेट मैदानमा लक्ष्य पछ्याएको इनिङ्समा ओमानले ३९.५ ओभरमा सबै विकेट गुमाएर २५४ रन बनायो ।

युएईलाई जित दिलाउन जुनिद सिद्दिकीले घातक बलिङ गरेका थिए । उनले केवल ४९ रन खर्चेर सर्वाधिक ६ विकेट हात पारे । ओमानको ब्याटिङमा शीर्ष तीन ब्याट्सम्यान सस्तैमा आउट भए । कप्तान जितिन्द्र सिंह ९, आशिष शून्य र तथा प्रबीकुमार ४ रनमा आउट हुँदा ओमान ४.५ ओभरमा २६ को कमजोर स्थितिमा रह्यो । त्यसपछि मध्यक्रमका ब्याट्सम्यानले ओमानलाई जित दिलाउन निकै प्रयास गरेका थिए ।

हमाद मिर्जाले ८३ तथा जितेन रमान्दीले ९१ रनको आक्रामक योगदान दिँदा पनि ओमान लक्ष्यसम्म पुग्न सकेन । हमाद र जितेनले पाँचौँ विकेटका लागि ८७ रनको साझेदारी गर्दै ओमानलाई ८८-४ बाट १७५-५ को स्थितिमा पुऱ्याए । दुवैले १६.४ देखि २७.३ ओभरसम्म ब्याटिङ गरेका थिए । हमादले ८२ बल खेलेर चार छक्का र ६ चौका प्रहार गरे । जितेनले ६२ बलमा ६ छक्का र सात चौकाको सहयोगमा ९१ रन जोडेका थिए । स्पिनर जुनिदले आवश्यक परेको वेलामा युएईलाई विकेट दिलाउँदै जिततर्फ अग्रसर गराए ।

चार अर्धशतक

युएईको ब्याटिङमा शीर्ष चार ब्याट्सम्यानले अर्धशतकीय योगदान दिँदा ओमानले जितका लागि ३०९ रन पाएको हो । ओपनर आयांश शर्माले ६१ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ५० रन बनाए । अदिब उस्मानले ७८ बलमा पाँच चौका र एक छक्काको सहयोगमा ७२ रन बटुले । हरप्रीत सिंहले ६५ बलमा ७७ तथा मुहम्मद साहदादले ६४ बलमा समान पाँच चौका र छक्का प्रहार गरी ७४ रन जोडेका थिए । युएईको पहिलो विकेट १११ रनमा खसेको थियो । त्यसपछि दोस्रो विकेट १४४ तथा तेस्रो विकेट २६७ रनमा झरेको थियो ।

नेपाल पुलिसलाई महिला गोल्डकप उपाधि

आइतबार भएको फाइनलमा विभागीय टोली नेपाल पुलिसले त्रिभुवन आर्मीलाई टाइब्रेकरमा ५-४ ले निराश बनाउँदै उपाधि जित्यो



कास्कीमा रोहितराज पराजुली

नेपाल पुलिस क्लबले पहिलो संस्करणको पोखरा महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । आरएस पोखरा फुटबल क्लबको आयोजनामा पोखरा रंगशालामा आइतबार भएको फाइनलमा पुलिसले अर्को विभागीय टोली त्रिभुवन आर्मीलाई टाइब्रेकरमा ५-४ ले हराउँदै उपाधि हात पारेको हो । उपाधिसँगै पुलिसले पाँच लाख र उपविजेता आर्मीले तीन लाख रुपैयाँ पाएका छन् । प्रतिस्पर्धामा आर्मीले १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो ।

निर्धारित ९० मिनेटको प्रतिस्पर्धामा पुलिस र आर्मीले गोलरहित बराबरी खेलेका थिए । त्यसपछि च्याम्पियन टोलीको छिनोफानो टाइब्रेकरबाट भएको हो । टाइब्रेकरमा पुलिसका लागि रेखा पौडेल, समीक्षा घिमिरे, पूजा राना, सविना चौधरी र वर्षा चौधरीले गोल गरेका थिए । गोलरक्षक उषा चौधरीको पेनाल्टी प्रहार आर्मीकी गोलरक्षकले बचाउ गरिन् । आर्मीका लागि अनिता लाम्जेल, दीपा शाही, हिमा चौधरी र चन्द्रा भण्डारीले गोल गरे । अञ्जना थुलुङ राईको प्रहार बारमा लागेको थियो । इन्दिरा राईको प्रहारलाई पुलिसकी गोलरक्षक उषाले रक्षा गरिन् ।

व्यक्तिगत विधामा पुलिसका खेलाडी हाबी

पोखरामा भएको पहिलो संस्करणको महिला गोल्डकपमा पुलिसका खेलाडीको वर्चस्व रह्यो । पुलिसकी निर्मला विक सर्वोत्कृष्ट खेलाडी घोषित भइन । उनले ३० हजार रुपैयाँ प्राप्त गरिन् । उत्कृष्ट गोलरक्षक पुलिसकी उषा नाथ घोषित भइन् । रेखा प्रतियोतिगाकै सर्वाधिक गोलकर्ता बनिन् ।

उनले गोल्डकपमा पाँच गोल गरेकी थिइन् । सर्वोत्कृष्ट खेलाडीले ३० हजार, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्ताले समान १५ हजार रुपैयाँ पाए । अनुशासित टोलीले २५ हजार नगद पुरस्कार पाएको आयोजक क्लबका अध्यक्ष रमेश कार्कीले जानकारी दिए । तीन दिनसम्म चलेको प्रतियोगितामा कुल चार टोलीले भाग लिएका थिए । प्रतियोगितामा पुलिस, आर्मीसँगै संकटा र आयोजक आरएस पोखरा फुटबल क्लबको सहभागिता थियो ।

पहिलो हाफमा आर्मी १० खेलाडीमा सीमित

पहिलो हाफको २७औँ मिनेटमा आर्मी १० खेलाडीमा सीमित भयो । त्यसपछि आर्मीले १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो ।

पुलिसकी निर्मला विकले बल अघि बढाउने क्रममा आर्मीकी डिफेन्डर विमला विकले डिबक्समा लडाइन् । त्यसपछि विमलाले सिधै रातो कार्ड पाइन् । खेलको ३७औँ मिनेटमा आर्मीले गोल गर्ने अवसर खेर फाल्यो । आर्मीकी हेमा चौधरीको प्रहारलाई पुलिसकी डिफेन्डर समीक्षा घिमिरे गोललाइनबाट क्लियर गरिन् । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो ।

खेलको ६३औँ मिनेटमा रेखा पौडेलको प्रहारलाई आर्मीकी गोलरक्षक कोपिला खड्काले उत्कृष्ट बचाउ गरेकी थिइन् । खेलको ६९औँ मिनेटमा रेखाको प्रहार क्रसबारनजिकैबाट बाहिरियो । खेलको ८१औँ मिनेटमा आर्मीकी चन्द्रा भण्डारीको प्रहारलाई पुलिसकी गोलरक्षक उषाले बचाइन् ।

खेलकुदका २३ पदाधिकारी पदमुक्त हुँदै

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी गरेका छन् । यसअघि परिषद्मा टंकलाल घिसिङको कार्यकाल सकिएपछि सरकारले नै मेहतालाई अर्को व्यवस्था नभएसम्मका लागि सदस्यसचिव नियुक्त गरेको थियो । नयाँ सरकार आएसँगै परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले राजीनामा दिएका थिए । उनी एमाले कोटामा उपाध्यक्ष बनेका थिए ।

राष्ट्रपति पौडेलले 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' जारी गरेसँगै राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त भएका २३ जना पदाधिकारीको पद रिक्त हुनेछ

सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश जारी भएसँगै पदमुक्त हुनेमा गत पुसमा नियुक्त भएका पाँचजनासमेत छन् । तत्कालीन युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले राष्ट्रिय खेलकुद परिषद्को बोर्ड सदस्यमा पाँचजनालाई नियुक्त गरेका थिए । गुप्ताले रिक्त भएको सदस्यमा क्रिकेट प्रशिक्षक जगत टमाटा, रग्बी संघका संघका बोर्ड सदस्य सन्तकुमार मेहता, नेपाल एसोसिएसन अफ चार्फ्टिड एजेन्सिज (नारा)का तर्फबाट रोजेश खड्का, नेपाल तेक्वान्दो संघबाट कुमार लामा घिसिङ र उद्योग वाणिज्य महासंघको सिफारिसमा प्रयास कार्की रहेका थिए । परिषद्को बोर्डमा तत्कालीन कांग्रेस र एमाले नेतृत्वको सरकारमा नियुक्ति पाएका बोर्ड सदस्य रहेका थिए ।

खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त भएका २३ पदाधिकारीको पदमुक्त हुने भएका छन् ।

राष्ट्रिय खेलकुद परिषद्का अधिकांश बोर्ड सदस्य पदमुक्त हुने भएका हुन् । अहिले परिषद्का सदस्यसचिव रामचरित्र मेहता भने सरकारी कर्मचारी हुन् । अर्को सदस्य नियुक्त नभएसम्मका लागि सरकारले नियुक्त गरेकाले उनी पदमुक्त हुनेछैनन् । यसअघि परिषद्मा टंकलाल घिसिङको कार्यकाल सकिएपछि सरकारले नै मेहतालाई अर्को व्यवस्था नभएसम्मका लागि सदस्यसचिव नियुक्त गरेको थियो । नयाँ सरकार आएसँगै परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले राजीनामा दिएका थिए । उनी एमाले कोटामा उपाध्यक्ष बनेका थिए ।

साबिक विजेता चर्च ब्वाइज स्तब्ध



मकवानपुर / आठौँ बागमती गोल्डकप फुटबल प्रतियोगिताको साबिक विजेता चर्च ब्वाइज युनाइटेड क्वार्टरफाइनलबाट बाहिरिएको छ । बागमती युथ क्लबले चर्च ब्वाइजलाई २-१ ले पाखा लगाएको हो । सहिद स्मृति रंगशालामा आइतबार भएको खेलको ११औँ मिनेटमा सुशन मगरको गोलमा चर्च ब्वाइजले १-० को अग्रता लियो । खेलको २८औँ मिनेटमा अनिश महर्जनले बागमती युथलाई १-१ को अवस्थामा पुऱ्याए । खेलको ८८औँ मिनेटमा कप्तान आयुष मगरले पेनाल्टीमा गोल गर्दा बागमती युथ सेमिफाइनलमा पुग्यो । बागमतीले सेमिफाइनलमा फ्रेन्ड्स क्लब र प्लानिङ ब्वाइज युनाइटेडबिचको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिता आगामी २६ वैशाखसम्म चल्नेछ । आयोजकसहित १० टोली सहभागी प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

खेल संक्षेप

पशुपति र हिलारी सेमिफाइनलमा

काठमाडौं / पशुपति मित्र मावि 'बी' र हिलारी 'बी' चौथो वडाध्यक्ष कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् । चन्द्रविनायक पार्कको मैदानमा आइतबार पशुपति 'बी'ले नोब्सलाई २-० ले पराजित गऱ्यो । पशुपतिका योगेश श्रेष्ठले दुई गोल गरेका थिए । अर्को खेलमा हिलारी 'बी'ले विनायकलाई ६-१ ले हरायो । हिलारीका लागि मानव भुजेलले तीन गोल गरे । प्रतियोगिताको साबिक विजेता मनास्लु र बाल व्यवसायी केन्द्र माविले सेमिफाइनलमा स्थान सुरक्षित गरे । मनास्लुले क्लिन्टनमाथि ५-० ले हराएको थियो । मनास्लुका संगम तामाङ र सविना लिम्बूले समान दुई गोल गरेका थिए । बाल व्यवसायीले हेरिटेजलाई ४-० ले पाखा लगायो । बाल व्यवसायीका विपिन खत्री र योगेन्द्र धामीले समान दुई गोल विपक्षी पोस्टमा ठोके । अब सेमिफाइनलमा बाल व्यवसायीको भेट पशुपति 'बी'सँग हुनेछ । मनास्लुले फाइनल प्रवेशको खेलमा हिलारी 'बी'विरुद्ध प्रतिस्पर्धा गर्नेछ ।

लैनचौर टिम च्याम्पियन

काठमाडौं / लैनचौर तेक्वान्दो डोजाङले दोस्रो एसकेबिसी काठमाडौं जिल्ला आमन्त्रण तेक्वान्दो प्रतियोगिताको उपाधि जितेको छ । प्रतियोगितामा लैनचौरले ६ स्वर्ण जित्यो । पाँच स्वर्णसाथ आयोजक एसकेबिसी उपविजेता र चार स्वर्ण हात पारेको नागर्जुन तेक्वान्दो डोजाङ तेस्रो भएको आयोजकले जनाएको छ । पुरुषमा एसकेबिसीका रवीन्द्र स्याङ्तान तथा महिलामा नागर्जुनकी रोशना थापा उत्कृष्ट खेलाडी घोषित भए । एसकेबिसी वर्ष खेलाडी अवार्ड- २०८२ अन्तर्गत पुरुषमा सोफिक बराइली र महिलामा एलेक्सा पाण्डेलाई सम्मान गरिएको थियो । प्रतियोगितामा विभिन्न २२ स्पर्धामा ३५० भन्दा बढी खेलाडीको सहभागिता रहेको रहेको आयोजकले जनाएको छ ।



■ इन्डियन प्रिमियर लिग

कोलकाता लगातार तेस्रो खेलमा विजयी

हैदराबादले दिएको १६५ रनको लक्ष्यलाई कोलकाताले १८.२ ओभरमा सात विकेटको क्षतिमा पूरा गऱ्यो

एजेन्सी

कोलकाता नाइट राइडर्सले १९औँ इन्डियन प्रिमियर लिग (आइपिएल) मा लगातार तेस्रो जित निकालेको छ । आइतबार भएको ४५औँ खेलमा कोलकाताले सनराइजर्स हैदराबादलाई सात विकेटले हरायो । पहिलो ब्याटिङ गरेको सनराइजर्सले १९ ओभरमा सबै विकेट गुमाएर १६५ रनको मध्यम योगफल बनाएको थियो । प्रत्युत्तरमा कोलकाताले १८.२ ओभरमा सात विकेटको क्षतिमा १६९ रन जोड्यो । कोलकाताले १० बलअगाडि नै सानदार जित निकालेको हो ।

नौ खेलमा तीन जित र पाँच हार सामना गरी ७ अंक बटुलेर कोलकाता आठौँ स्थानमा छ । हैदराबादले १० खेलमा ६ जित र ४ हारसहित १२ अंक जोडेको छ । साबिक विजेता रोयल च्यालेन्जर्स बेंग्लोरले नौ खेलमा ६ जित र तीन हार सामना गरी १२ अंक बटुलेको छ । कोलकाताको जितमा वरुण चक्रवर्थीले घातक बलिङ गरेका थिए । उनले चार ओभरमा ३६ रन खर्चेर महत्त्वपूर्ण तीन विकेट हात पारे । उनी खेलकै म्यान अफ द म्याच भए । यसैगरी सुनील नारिनले चार ओभरमा ३१ रन दिँदै दुई विकेट लिए ।

कोलकाताको बलियो ब्याटिङ

१६६ रन पछ्याएको कोलकाताले शीर्ष चार ब्याट्सम्यानबाट उत्कृष्ट साथ पाएको थियो । ओपनर तथा कप्तान अजिंका रहाने र फिन एलनले पहिलो विकेटका लागि ३.६ ओभरमा ४९ रनको साझेदारी गरेका थिए । रहाने र अंक्रिस रघुवंशीले दोस्रो विकेटका लागि ४९ रनको साझेदारी गर्दै टोलीलाई १४.६ ओभरमा १३३ रनको बलियो स्थितिमा राखे । फिनले १३ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २९ रनको योगदान दिएका थिए ।

दोस्रो विकेटका रूपमा कप्तान रहानेले आउट भए । उनले ३६ बल सामना गरी चार चौका र एक छक्का प्रहार गरी ४३ रन जोडे । त्यसपछि रघुवंशीले अर्धशतकीय योगदान दिए । उनले ४७ बलमा पाँच चौका र दुई छक्काको सहयोगमा ५९ रनको योगदान दिए ।

आक्रामक ब्याट्सम्यान रिंकु सिंहले ११ बलमा दुई चौका र एक छक्का प्रहार गरी २२ रन बनाए । कोलकाताले १३ अतिरिक्त रन पाएको थियो । बलिङमा हैदराबादका लागि प्याट क्युमिन्सले ४७ रनमा एक विकेट लिए । सिभान कुमारले ३१ रनमा एक विकेट हात पारे । सकिब हुसेनले १७ रनमा एक विकेट आफ्नो नाममा लेखाए ।

टेबिसको अर्धशतक

हैदराबादका लागि ओपनर टेबिस हेडले मात्र अर्धशतकीय योगदान दिए । उनी इनिङ्सको ८.६ ओभरमा आउट भएका थिए । हेड आउट हुँदा हैदराबाद बलियो स्थितिमा थियो । टेबिस पेभेलियन फर्कँदा हैदराबाद १०५-२ को स्थितिमा थियो । ओपनर अभिषेक शर्माले टेबिससँग पहिलो विकेटका लागि ३.४ ओभरमा ४४ रनको साझेदारी गरेका थिए । अभिषेकले १० बलमा समान एक चौका र छक्का प्रहार गरी १५ रन जोडेका थिए । टेबिसले २८ बलमा तीन छक्का र ९ नौका प्रहार गरी सर्वाधिक ६१ रन जोडे ।

बार्सिलोना ला लिगाको उपाधिनजिक

एजेन्सी

स्पेनिस क्लब बार्सिलोना स्पेनिस ला लिगको उपाधिनजिक पुगेको छ । लिगअन्तर्गत शनिबार भएको खेलमा बार्सिलोनाले ओसासुनालाई २-१ ले हराउँदै शीर्ष स्थानमा स्पष्ट १४ अंकको अग्रता लिएको छ । बार्सिलोनाले ३४ खेलबाट ८८ अंक जोडेको छ । बार्सिलोनालाई उपाधि हात पार्न एक जित आवश्यक छ । बार्सिलोनाले २९ जित र एक बराबरी खेलेको छ । उसले चार खेलमा हारको सामना गरेको छ । दोस्रो स्थानको रियल म्याड्रिडले ३३ खेलबाट ७४ अंक बनाएको छ । लिगमा रियलले २३ जित र पाँच बराबरी गर्दा पाँच खेलमा हार व्यहोरेको छ ।

ओसासुनाको घरेलु मैदान स्टाडियो एल सदारमा रोबर्ट लेवान्डोस्की र फेरान टोरेसले समान एक गोल गरे । ओसासुनाका राउल गार्सियाले गोल फर्काएका थिए । खेलेको ८१औँ मिनेटमा लेवान्डोस्कीले बार्सिलोनालाई १-० को



अग्रता दिलाए । खेलको ८६औँ मिनेटमा टोरेसले टोलीलाई २-० को स्थितिमा राखे । खेलको ८८औँ मिनेटमा गार्सिलाले ओसासुनालाई खेलमा फर्काउने प्रयास गरे पनि त्यो पर्याप्त बन्न सकेन । हारसँगै ओसासुना ३४ खेलमा ४२ अंकका साथ १०औँ स्थानमा छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com